◆ **सम्पादकीय-**
- जनअपेक्षा र सरकारको कार्यशैली - २
◆ **आवरण**
- शान्ति स्थापनाका लागि अभियान र दवाव – **झलनाथ खनाल** - ३
- माओवादी कानुनमा जीवनको कुनै मूल्य छैन – **कुन्दन अर्याल** - ७
- माओवादी हिंसाः शून्यताको लागि हत्याको श्रृंखला – **सूर्य थापा** - ९
◆ **टिप्पणी**
- शान्तिको पक्षमा एमालेबाट भएको पहल - ११
◆ **संस्मरण**
- जता गए पनि चियोचर्चो हुन्थ्यो– **अमृतकुमार बोहरा** - १२
◆ **पार्टी जीवन**
- संगठनात्मक कामका समस्या र समाधान – **ज्ञानबहादुर भुजेल** - १४
◆ **मोफसल**
- भक्तपुरको कम्युनिष्ट आन्दोलन – **राजेन्द्र राजथला** - १६
◆ **सिद्धान्त/विचार**
- काल्पनिक समाजवाददेखि वैज्ञानिक समाजवादसम्म – **रविन्द्र अधिकारी**- १८
◆ **रोचक इतिहास**
- विश्व इतिहासमा सर्वाधिक लोकप्रिय नारी - **कमल कोइराला** - २०
◆ **समाज**
- दलितलाई आरक्षण किन ? - २१
◆ **यात्रा**
- न्यूयोर्क र लण्डन पुग्दाको अनुभूति- **बेदुराम भुसाल** - २२
◆ **विश्व**
- अलविदा अराफात– **अग्निशिखा** - २३
◆ **विचार**
- पितृसत्ताविरोधी आन्दोलनमा पुरुषको भूमिका – **काले लार्सन** - २५
◆ **मुलुक परिचय**
- भाग्नेको जीत, लड्नेको हार – **भानुभक्त ढकाल** - २६
◆ **साहित्य**
- क्रान्तिको उद्घोष गर्ने रुसी स्रष्टा – **राजन भट्टराई** - २८
◆ **कविता**
- वगर र सुकेका आँसुहरू– **शीतविन्दु** - ३०
◆ **गीत/संगीत**
- इन्द्रेणीको सांगीतिक तरङ्गमा रामेश –**शार्दूल भट्टराई** - ३१
◆ **लघुकथा**
- यात्रा – **रामचन्द्र नेपाल** - ३२
◆ **फिचर**
- जो लोकप्रियताको आत्मरतिमा रमाइरहेका छन् – **विष्णु रिजाल** - ३४
◆ **व्यक्तित्व**
- मार्क्सका परम मित्र फ्रेडरिक एंगेल्स – **शिव श्रेष्ठ** - ३५
◆ **नेतृत्व परिचय–विष्णु रिमाल**/रघुबीर महासेठ - ३९

# जनअपेक्षा र सरकारको कार्यशैली

शान्ति र प्रजातन्त्रका लागि बिघटित प्रतिनिधि सभाको बहुमतको सरकार भन्ने अभियानको सफलताको कामना बोकेर सत्तासीन भएको वर्तमान सरकारले सय दिन पूरा गरेको पनि धेरै भैसकेको छ । तर सरकारका कामकारवाहीहरूले शान्तिस्थापनाका दिशामा ठोस काम गर्नसकेको छ भनेर नागरिकले अनुभूत गर्न नसकेको वर्तमान हाम्रा सामू उपस्थित छ । जहाँसम्म प्रजातन्त्रको सुदृढीकरणको मुद्दा हो - त्यसमा सरकारले प्रभावकारी र परिणाममूलक पाइलो अघि सार्न सकेको छैन ।

अर्थात, सरकार गठन हुँदा जारी गरिएका प्रतिवद्धताहरूप्रति सरकार उदासीन छ र साझा सहमतिको कार्यक्रम लागू गर्न सरकार चिन्तनशील छैन भनी आरोप लगाउने ठाउँ सबै विरोधीहरूलाई सरकारले नै दिएको छ ।

आधारभूत रूपमा यो सरकारले जनताको समर्थन पाइरहेकै छ र यो समर्थन शान्ति चाहनाको अभिव्यक्ति हो, प्रजातन्त्रको पुनर्स्थापनाको अभिव्यक्ति हो। प्रधानमन्त्री शेरबहादुर देउवाले बुझ्नुपर्छ - दलहरूको यो सरकारलाई जनताले नक्कली चुनाव गराउने भाषणका कारण समर्थन गरिरहेका छैनन् । सबै दलहरूको समर्थनको आधार शान्तिस्थापनाप्रति सरकारको प्रतिवद्धता नै हो। जथाभावी चुनावी भाषण गर्ने हो भने प्रधानमन्त्रीले आफ्नो दल बाहेककाहरूलाई मन्त्रीपरिषदबाट निष्काषित गर्नु राजनीतिक नैतिकताको मापो हुन्छ। शान्ति स्थापना नभइ नेपालमा चुनाव हुनसक्दैन भनेर सबै राजनीतिक दलहरूले भनिरहेको वर्तमानमा प्रधानमन्त्रीले चैते गर्मीमै चुनाव गराउँछु भन्नु ती दलहरूप्रतिको विश्वासघात समेत हो ।

प्रधानमन्त्री देउवाले बुझ्नुपर्छ - उहाँ एक्लै मन्त्री हुनुहुन्न । उहाँले आफ्नो सहित चार पार्टीको मन्त्रीपरिषदलाई नेतृत्व गरिरहनुभएको छ । उहाँले के पनि बुझ्नुपर्छ भने उहाँको बोलीले बाँकि तीन दलहरूको विचारलाई पनि समेट्न सक्नुपर्छ। अन्यथा अरू दलहरूको समर्थन उहाँले पाउन सक्नुहुन्न । त्यस्तो अवस्थामा उहाँको प्रधानमन्त्रीत्व सुरक्षित रहिरहने सपना उहाँले नदेख्नु नै बेस ।

हामीलाई चाहिएको शान्ति हो। त्यसैले यो सरकारले शान्ति अभियानलाई तीब्रता दिनुपर्छ। अहिलेको अवस्थामा युद्धविरामको विरोध गर्नेहरूलाई नेपाली भन्न सकिँदैन भन्ने सत्य सरकार र सरकारसँग सम्बद्ध सबै निकायले स्वीकार गरून् । हिंसाले कुनै देशको हित गरेको छैन, त्यसले नेपालको पनि हित गर्ने छैन भन्ने अन्तिम सत्यलाई विशेष गरेर सरकारी अङ्गका मानिसहरूले बोध गरून् ।

आगामी वर्षदेखि संयुक्त राष्ट्रसंघका बैठकहरूमा नेपालको अनुहार लज्जा र ग्लानीले रातो हुने दिन आउँदैछ। यसैपाली मानवअधिकार हननको सन्दर्भमा केही राष्ट्रहरूले नेपालको नाम लिइसकेका छन्। मानव अधिकार हननको मुद्दा, अपहरण, निर्दोषहरूको हत्या, राजनीतिक गतिविधिको निरूत्साहन जस्ता विषयहरूमा केन्द्रित भएको छ र नेपाल यी सबै मामिलामा दागी पनि भैसकेको छ । सरकारले अवस्थाको यो गम्भिरतालाई महसुस गर्नुपर्छ र अन्तर्राष्ट्रिय जगतमा आफ्नो छवि धूमिल हुन नदिन विशेष प्रयत्नका साथ शान्ति स्थापनाको अभियान संचालन गर्नुपर्छ ।

# शान्ति स्थापनाका लागि अभियान र दवाव

' **झलनाथ खनाल**

१. यतिबेलाको राष्ट्रिय राजनीतिको परिदृश्यलाई हेर्दा माओवादी उग्रवामपन्थले सिंगो राष्ट्रिय राजनीतिलाई प्रभावित पारिरहेको छर्लङ्ग देखिन्छ । नेपाली समाजको स्वाभाविक परिवर्तनको प्रक्रिया यो प्रवृत्तिको उत्थान र राज्यको प्रतिरोधको कारणले नराम्ररी अवरूद्ध भएको छ र यो उग्रवामपन्थी भड्काउ कम्युनिष्ट आन्दोलनका सामु मात्र होइन, सिंगो राष्ट्रकै विकास र रूपान्तरणका सामु एउटा गम्भीर चुनौतीका रूपमा प्रकट भएको छ । कतिपय मानिसहरू यो चुनौतीलाई सामान्यरूपमा लिन्छन् र घटनाक्रमको गम्भीरतालाई बुझ्न चाहँदैनन् । कतिपय अति नै बढाईचढाई हेर्छन् र आकाश खसी नै सकेको ठान्न पुग्छन् । कतिपय भने यो चुनौतीलाई एक वा अर्को कोणबाट मात्र हेर्न पुग्छन् र एक वा अर्को आंशिक निष्कर्षमा पुगेर समस्याको वास्तविक समाधान त्यसैलाई ठान्न पुग्छन् । अर्थात्, कोही यसलाई शान्ति सुरक्षाको समस्या ठान्छन् र सैनिक समाधानको निष्कर्ष निकाल्छन् । कोही यसलाई राजनीतिक समस्यामात्र ठान्छन् र राजनीतिक सहमति भए पुगिहाल्छ भन्ने निष्कर्ष निकाल्छन् । यसरी माओवादी उग्रवामपन्थी भड्काउलाई हेर्ने सवालमा धेरै प्रकारका दृष्टिकोणहरू र विचारहरू पाइन्छन् । वास्तवमा यो समस्याको मूल चरित्र के हो ? यसले कसरी विकास गर्दै आयो ? त्यसले अहिले कस्तो रूप लिएको छ र त्यसको समाधान के हो भन्नेबारेमा अलिक गहिरो विश्लेषण गर्नु जरूरी छ ।

२. सबैभन्दा पहिले यो समस्या के हो भन्नेबारेमा छलफल गरौं । विश्वका कुनै पनि भागमा विकसित हुने कम्युनिष्ट आन्दोलनमा समाजमा रहेका विभिन्न वर्ग र तहका मानिसका विचारहरू प्रतिविम्बित हुने गर्दछन् । त्यो प्रतिविम्बस्वरूप कम्युनिष्ट वा समाजवादी आन्दोलनमा पनि समाजमा परिवर्तन चाहने र परिवर्तन नचाहने विभिन्न वर्गहरूका विचारहरू प्रतिविम्बित हुन पुग्दछन् । त्यसैको फलस्वरूप देब्रे वा दाहिने भड्काउ पनि प्रकट हुने गर्छन् । त्यसरी नै नेपालको कम्युनिष्ट आन्दोलनमा पनि शुरूदेखि यहाँसम्म आउँदा कहिले दक्षिणपन्थी भड्काउहरू प्रकट भएका छन् त कहिले उग्रवामपन्थी भड्काउहरूले टाउको उठाउने गरेका छन् । यही सिलसिलामा २०४६ को परिवर्तनपछि, खासगरी ०५१ सालतिर आएपछि नेपाली कम्युनिष्ट आन्दोलनभित्र एउटा तुलनात्मकरूपले नयाँ किसिमको उग्रवामपन्थले टाउको उठायो । मूलतः त्यही विचारबाट अभिप्रेरित हुँदै नेकपा (माओवादी) को स्थापना भयो । यो नेपाली कम्युनिष्ट आन्दोलनको आफ्नो विकास र विजयको यात्रामा देखापरेको एउटा गम्भीर वैचारिक भड्काउ थियो । विभिन्न कारणबस त्यो भड्काउले निरन्तर विकास र विस्तार गर्दै गयो र आजको चुनौतीपूर्ण अवस्थामा आइपुगेको छ । त्यसलाई उपयुक्त विधिद्वारा रोक्ने र व्यवस्थित वा रूपान्तरित गर्ने ठोस कदम अझ पनि नचाल्ने हो भने त्यसले मुलुकको अस्तित्वकै सामु समेत खतरा ल्याउन सक्ने सम्भावना दिनहुँ बढिरहेको छ ।

३. के यो भड्काउ शुरूदेखि नै यस्तो रूपमा थियो ? विल्कुलै थिएन । हाम्रो पार्टी नेकपा (एमाले)ले नै मुलुकको कम्युनिष्ट तथा प्रजातान्त्रिक आन्दोलनको मुख्य प्रवाहलाई प्रतिनिधित्व गरिरहेको थियो । त्यसलाई अझ राम्ररी संरक्षण गर्ने, त्यसका नीति, सिद्धान्त, कार्यदिशा र कार्यशैलीहरूका बारेमा अझ राम्ररी व्याख्या-विश्लेषण गर्ने, तिनीहरूका विरूद्ध पार्टीभित्र वा बाहिरबाट आउने गलत विचार र प्रवृत्तिहरूको खण्डन-आलोचना गर्ने, विभिन्न ज्वलन्त विषयहरूमा गम्भीररूपमा वैचारिक-सैद्धान्तिक बहसहरू संगठित गर्ने, वैचारिक मतभिन्नताहरूबाट बहस, छलफल र व्यवहारको समेत प्रक्रियाबाट नयाँ चेतनाको विकास गर्ने र त्यसद्वारा वैचारिक-सैद्धान्तिक रुपान्तरणको प्रक्रियालाई अघि बढाउने काम गर्नुपर्ने थियो । त्यसबेला उक्त काम राजाले गर्ने कुरा थिएन । बरू, दरबारियाहरूले माओवादी उग्रवामपन्थ जन्मिने बित्तिकैदेखि त्यसलाई मलजल गर्ने, उकास्ने र संवैधानिक प्रजातन्त्रको बाटोबाट अघि बढिरहेका पार्टीहरूका विरूद्ध जाइलाग्न मात्र अभिप्रेरित गरिरहे । त्यसबेला सत्तामा रहेको नेपाली कांग्रेसले पञ्चायतकालीन प्रशासन र बन्दुकको प्रयोगबाट "माओवादीलाई ठीक लगाउने" तरिका अपनायो । त्यसबाट वैचारिक-सैद्धान्तिक रूपान्तरणको कसैले आशा गर्ने ठाउँ पनि थिएन । देशमा रहेका अन्य साना बाम समूहहरू त्यो उचाईबाट वैचारिक-सैद्धान्तिक संघर्ष गर्नसक्ने हैसियतमा नै थिएनन् । क. मोहनविक्रमले माओवादी उग्रवामपन्थविरूद्ध तुलनात्मकरूपले स्थिर संघर्ष संचालन गरेको देखिन्छ । तर, त्यो संघर्ष पनि उहाँ रहेको पार्टीको हैसियत र प्रभावको सीमाभन्दा पर जान सकेको देखिँदैन । उहाँको संघर्षलाई उहाँको आफ्नै पार्टीका नीति र कार्यदिशाहरूको सीमानाले पनि विस्तृत र प्रभावकारी बन्न नदिएका हुन सक्छन् । त्यस्तो अवस्थामा हाम्रो पार्टीमात्रै हरेक प्रकारले उक्त उग्रवामपन्थविरूद्ध संघर्ष गर्नसक्ने अवस्थामा थियो र हामीभित्र ती क्षमता र योग्यता पनि थिए । तर, विभिन्न कारणबस हाम्रो पार्टीले पनि उक्त भड्काउ विरूद्ध वैचारिक-सैद्धान्तिक संघर्ष गर्ने काम गर्न सकेन । माओवादी उग्रवामपन्थी भड्काउ आजको विकराल अवस्थामा आइपुग्नुका पछाडिको एउटा महत्वपूर्ण कारण यो पनि हो । राम्रा-राम्रा बोटविरूवाहरू रोपे पनि बगैंचामा गोडमेल हुँदैन भने झारपातले छोप्नु अनिवार्य हुन्छ । झारपातले छोपेपछि बिरूवा हुर्किन सम्भव हुँदैन । बरू, झारपात बढी हुर्किन पुग्छ । अहिले नेपाली कम्युनिष्ट आन्दोलनमा त्यही भइरहेको छ ।

४. समाजमा कुनै पनि चिन्तन र विचारहरूको विकासको पनि एउटा प्रक्रिया हुन्छ । गलत विचार र प्रवृत्तिको विकासको पनि एउटा प्रक्रिया हुन्छ । खुद माओवादी उग्रवामपन्थी भड्काउको विकास र विस्तारको पनि आफ्नै प्रक्रिया रहेको

छ। प्रथमतः शुरूमा यो नेपाली कम्युनिष्ट आन्दोलनभित्रबाट प्रकट भएको एउटा चिन्तन र प्रवृत्तिका रूपमा थियो। त्यो हिंसात्मक संघर्षप्रति बढी आकर्षित हुने, छिटो विजयको आशा राख्ने, लामो समयको धैर्यतापूर्ण तयारी कार्यको महत्वलाई नबुझ्ने, संघर्ष र संगठनका सबै सम्भव रूपहरू र तिनीहरूको प्रयोगको महत्वलाई नबुझ्ने र सोभियत संघ तथा पूर्वी यूरोपमा समाजवाद पतन भएपछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा प्रकट भएको निराशाको लहर र त्यही लरहका बीचमा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा प्रकट भएको उग्रवामपन्थी भड्काउप्रति बढी आकर्षित हुँदै जाने लक्षण देखाइरहेको थियो। त्यसले संसदीय र वैधानिक मार्गलाई छोड्ने लक्षण देखाइरहेको थियो। चिन्तन, कार्यनीति र कार्यशैलीका कतिपय पक्षमा देखापरेका यी गलत चिन्तन र प्रवृत्तिहरूको शुरूबाट नै सिद्धान्तनिष्ठ भएर खण्डन-आलोचना गर्न सकिएको भए र गलत विचारहरूलाई सच्याउन सकिएको भए कम्युनिष्ट आन्दोलनले ठूलो तरक्की गर्नसक्ने थियो। तर, ती कामहरू हुन सकेनन्। त्यसैले उग्रवामपन्थी भड्काउ क्रमशः विस्तार गर्दै फैलिंदै गयो।

दोस्रो, त्यसरी चिन्तन र वैचारिक प्रवृत्तिका रूपमा नै खण्डन-आलोचना नभएपछि उग्रवामपन्थ फैलिंदै र विकसित हुँदै गयो र त्यसले एउटा व्यवस्थित राजनीतिक कार्यदिशाको रूप लिन पुग्यो। माओवादीहरूभित्र सशस्त्र सशस्त्र संघर्षलाई नै संघर्षको एकमात्र निर्णायक रूप ठान्ने, नेपालको वास्तविकतालाई ठम्याउन नसक्ने, अरू देशका अनुभवहरूको विश्लेषणात्मक अध्ययन नगर्ने र आमचुनाव, मौलिक अधिकार, प्रजातान्त्रिक अधिकार तथा संवैधानिक प्रक्रियालाई बिल्कुलै बेवास्ता गर्ने प्रवृत्तिहरू अझै विकसित भए। त्यस कालमा आएर पनि उक्त उग्रवामपन्थी राजनीतिक कार्यदिशाको खण्डन गर्ने, त्यसले उत्पन्न गरेका भ्रमहरूबाट नेपाली कम्युनिष्ट आन्दोलनलाई मुक्त पार्ने र सही राजनीति र कार्यदिशालाई स्थापित गर्ने काम भएन। अझ, दक्षिणपन्थीहरू विरूद्धकै संघर्षमा समेत ठीक अडानबाट संघर्ष गर्ने काम नहुनुले हाम्रो पार्टीले उग्रवामपन्थविरूद्ध पनि सशक्त भूमिका निर्वाह गर्न सकेन। त्यसले गर्दा उग्रवामपन्थ झन् फैलिएर गयो। त्यसले खुद हाम्रो पंक्तिलाई समेत प्रभावित पार्न थाल्यो। तेस्रो आमनिर्वाचनमा पुगेर पनि आशा गरिएको पार्टी नेकपा (एमाले) ले मुलुकमा राजनीतिक विकल्प प्रस्तुत गर्न नसकेपछि हाम्रो पंक्तिभित्रै निराशाको ठूलो लहर चल्यो र त्यो लहरबाट बग्दै हाम्रा समर्थक र कार्यकर्ताहरूको एउटा पंक्ति नराम्ररी दिग्भ्रमित बन्नपुग्यो। उनीहरूसमेत उग्रवामपन्थको शिकार बन्न पुगे। त्यसले उग्रवामपन्थलाई देशव्यापी बन्न मद्दत गर्‍यो।

तेस्रो कुरा, उपरोक्त अवस्थामा पनि उग्रवामपन्थ विरूद्ध सशक्त वैचारिक-सैद्धान्तिक संघर्ष हुन सकेन। हामीहरू औसर बाँडफाँडको राजनीतिमा नै केन्द्रित बनिरह्यौं। त्यसले उग्रवामपन्थका निम्ति थप अनुकूलता बढाइदियो र उनीहरूले आफ्नो सैनिक कार्यदिशालाई समेत विकास गरे। माओवादी उग्रवामपन्थी भड्काउले एउटा सैनिक प्रवृत्तिका रूपमा समेत विकास गर्‍यो। त्यसले एकपछि अर्को पुलिस चौकीहरू ध्वस्त पारिदियो। सरकारबाट नै आधुनिक हतियारहरू खोस्न थाल्यो र त्यसको सैनिक महत्वाकांक्षासमेत बढ्न थाल्यो। त्यही अनुपातमा त्यसले व्यक्तिहत्यालाई पनि तीव्रता प्रदान गर्‍यो। त्यसक्रममा अन्य विभिन्न राजनीतिक पार्टीका कार्यकर्ताका साथै हाम्रै पार्टीका कार्यकर्ताहरूको पनि ठूलै संख्यामा अत्यन्त दर्दनाक ढंगले हत्या गर्‍यो। कैयौं लोकप्रिय, इमान्दार र दृढ कम्युनिष्ट कार्यकर्ताहरूको हत्या भयो। त्यस्ता कुराले पार्टीव्यापी र देशव्यापीरूपमा आतंक बढ्दै गयो। यसरी नेकपा (माओवादी)मा प्रकट भएको उग्रवामपन्थी भड्काउ गलत विचार र चिन्तनका तहबाट अघि बढ्दै एउटा वैचारिक-सैद्धान्तिक प्रवृत्ति, राजनीतिक लाइन, सैनिक लाइन र अझ पछिल्लो अवधिमा आएर त सामाजिक फासिष्टवादको तहसम्म विकसित भएको छ। पछिल्लो कालमा उनीहरूले मतभिन्नता राख्ने, सेल्टर नदिने, उनीहरूका हुद्दाहरूलाई ख्वाउन्न सकिन्न भन्ने, चन्दा नदिने र उनीहरूले भनेको लुरू-लुरू नमान्नेहरूमाथि जुन अमानुषिकता, बर्बरता, निर्दयता र क्रूरता प्रदर्शनका साथ हत्या गर्ने काम गरे, त्यो सामाजिक फासिष्टवाद भन्दा अरू केही हुन सक्दैन। तर, ती सबै कुराको पनि यथोचित खण्डन र आलोचना हुन सकेन। नेताहरूमा समेत माओवादीहरूसँग व्यक्तिगत सम्बन्ध विकास गर्ने र वैचारिक-सैद्धान्तिक संघर्षबाट पन्छिने प्रवृत्ति बढ्दै गयो। यो आत्मरक्षाको प्रवृत्ति आफैंमा वैचारिक आत्मसमर्पणवादको प्रवृत्ति हो। माओवादी उग्रवामपन्थी भड्काउ उत्पन्न हुनुमा र विकास तथा विस्तार गर्नमा अरू पनि थुप्रै कारणहरू छन्। अलग रूपमा विस्तारपूर्वक तिनीहरूको विश्लेषण गर्नुपर्ने हुन्छ। तर, यो उग्रवामपन्थी भड्काउले कम्युनिष्ट आन्दोलनभित्र र हाम्रो पार्टी पंक्तिमा समेत असर पार्नुको प्रमुख कारण यही हो।

५. अहिले त यस्तो स्थिति आउन थालेको छ कि यो उग्रवामपन्थकै कारणले प्रथमतः ग्रामीण क्षेत्रमा आम जनतालाई आफ्नै रगत-पसिना बगाएर प्राप्त गरेका मौलिक हक-अधिकारहरू प्रयोग गर्न अप्ठेरो परिरहेको छ। जनताले आफ्ना आस्था र विश्वासका आधारमा स्वतन्त्ररूपले काम गर्न पाइरहेका छैनन्। दोस्रो, उनीहरूले र उनीहरू संगठित भएका विभिन्न राजनीतिक पार्टीहरूले आफ्ना राजनीतिक सांगठानिक गतिविधिहरू गन पाइरहेका छैनन्। स्वयं माओवादीहरू अन्य पार्टीका गतिविधिहरूलाई रोकिरहेका छन् र नियन्त्रण गरिरहेका छन्। तेस्रो, जनताका स्थानीय निर्वाचित निकायहरूको निर्वाचन गर्न दिइरहेका छैनन्। केन्द्रीय निर्वाचन माओवादीकै कारणले रोकिएको छ र मुलुकमा प्रजातान्त्रिक गतिविधिहरू कमजोर बन्दै गएका छन्। माओवादीहरू कुन प्रजातन्त्रका लागि लडिरहेका छन् भन्न बडो अप्ठेरो छ। पाँचौं, माओवादी उग्रवामपन्थकै कारणले स्थानीय र राष्ट्रिय विकास तथा निर्माणका कामहरू ठप्प प्रायः बनेका छन्। ती कुराले जनतालाई बाहेक अरू कसैलाई नोक्सान गरिरहेको छैन। छैटौं, ग्रामीण क्षेत्रका अधिकांश गाविस भवनहरू ध्वस्त पारिएका छन्, त्यसले पनि क्रान्तिका कुनै कथित शत्रुलाई होइन, आम जनतालाई नै अप्ठेरो पारिरहेको छ। सातौं, मुलुकको राष्ट्रिय जीवनका अधिकांश क्षेत्रमा अधोगति भइरहेको छ। राष्ट्रिय अर्थतन्त्र चौपट बनेको छ र मुलुक असफल राज्यका रूपमा रूपान्तरित हुने लक्षणहरू बढिरहेका छन्। आठौं, तिनै कारणहरू तेर्स्याएर मुलुकमा विदेशी हस्तक्षेपको खतरा बढ्दै गइरहेको छ। देशलाई शान्ति पुनर्स्थापनाको दिशातिर अघि नबढाउने हो भने कुनै पनि बेला देशभित्र वैदेशिक हस्तक्षेप नहोला भन्न सकिन्न। यसरी यो उग्रवामपन्थले कम्युनिष्ट आन्दोलन र प्रजातन्त्रको स्वभाविक विकासमा अवरोध खडा गर्ने काम मात्र गरिरहेको छैन, उनीहरूकै कारणले विदेशी हस्तक्षेपको समेत खतरा बढ्दै गएको छ। त्यसैले राष्ट्रिय स्वाधिनता र प्रजातन्त्रको रक्षाका निम्ति पनि जारी हिंसात्मक द्वन्द्वलाई अन्त्य गर्नु आवश्यक बनेको छ।

६. यो उग्रवामपन्थी भड्काउका विरूद्धको संघर्षका दुईवटा आधारभूत पक्षहरू छन् । पहिलो हो वैचारिक-सैद्धान्तिक संघर्षको पक्ष र दोस्रो हो राजनीतिक संघर्ष र सहमतिको पक्ष । पहिलो पक्ष अर्थात् वैचारिक-सैद्धान्तिक संघर्षको पक्ष भनेको सही र गलतका बीचको संघर्ष हो । त्यसलाई अलोचना-खण्डन र रूपान्तरणको प्रक्रियाबाट अघि बढाउनु पर्ने हुन्छ । त्यसमा निषेध र रूपान्तरण दुवै कुरा हुन्छन् । हामीले उग्रवामपन्थी भड्काउ विरूद्ध वैचारिक सैद्धान्तिक संघर्ष गर्नु भनेको उनीहरूले अघि सारेका गलत अवधारणाहरू, गलत विचारहरू, गलत कार्यदिशा र कार्यनीतिहरू, गलत अभिव्यक्तिहरू आदिको सैद्धान्तिक स्तरबाट विषद खण्डन गर्ने, गलत कुराहरूलाई भण्डाफोर गर्ने र ती गलत अवधारणा र तिनीहरूले पारेका भ्रमहरूलाई निषेध गर्ने हो । त्यसलाई हामीले शुरूदेखि अन्त्यसम्म संचालन गर्नुपर्छ । त्यसैको अर्को पक्ष भनेको रूपान्तरणको पक्ष हो । जुन गलत अवधारणा र भ्रमहरू उनीहरूले फैलाइरहेका छन्, तिनीहरूबाट हाम्रो पंक्ति, माओवादीको पंक्ति र आम जनताको पंक्तिलाई मुक्त पार्नु, सही विचार र दृष्टिकोणले उनीहरूको चेतनास्तरलाई माथि उठाउनु र रूपान्तरण गर्नु हो । अर्को शब्दमा भन्दा यो वाद, प्रतिवाद र संवादको प्रक्रिया हो । वाद र प्रतिवादको क्रममा व्यापक बहस हुन्छ र सच्चाई थाहा पाएपछि संवाद वा संश्लेषण हुन्छ । त्यसैले उग्रवामपन्थी भड्काउ विरूद्धको हाम्रो वैचारिक संघर्ष एउटा अविराम संघर्ष हो । त्यो निरन्तर चल्छ । त्यसमा कुनै सहमति र सम्झौता हुन सक्दैन । सैद्धान्तिक संघर्ष भनेको सम्झौताविहीन संघर्ष हो । आज माओवादी उग्रवामपन्थ विरूद्ध यस प्रकारको सघन संघर्षको खाँचो छ । हाम्रो पार्टीले यो कुरालाई राम्ररी बुझ्नुपर्छ ।

उग्रवामपन्थी भड्काउ विरूद्धको संघर्षको अर्को पक्ष भनेको राजनीतिक संघर्ष र सहमतिको पक्ष हो । यसमा पनि हामी उनीहरूको राजनीतिक कार्यदिशाका गलत पक्षका विरूद्ध व्यापक खण्डन- आलोचना गर्छौं । त्यो राजनीतिक कार्यदिशाले देश र जनतालाई कसरी भड्खालोमा हाल्छ भन्ने देखाउँदै जान्छौं । उनीहरूलाई आफ्नो गलत कार्यदिशा छोडेर क्रान्तिकारी मार्क्सवादी कार्यदिशातर्फ क्रमशः ल्याउन चाहन्छौं । हामी राजनीतिक संघर्षको मैदानमा उनीहरूलाई पनि राजनीतिक शक्ति मान्छौं र साझा सवालमा राजनीतिक सहमति खोजेर राष्ट्रिय सहमतिको बाटोतिर अघि बढ्न चाहन्छौं । राज्यले गर्न चाहने पनि त्यही हो र हामी पनि राज्यका तर्फबाट उनीहरूलाई राष्ट्रिय सहमतिमा ल्याउन चाहन्छौं । राजनीतिक क्षेत्रमा साझा सवालमा मिलेर काम गरिन्छ, सहमति र सम्झौता गरिन्छ । अहिले माओवादीहरूलाई वार्तामा ल्याउनु भनेको पनि राजनीतिक क्षेत्रमा साझा सहमति सम्भव छ भने त्यसलाई पहिल्याएर एउटा सहमतिमा पुग्न खोजिएको नै हो । त्यसैका लागि वार्ता, संवाद र सहमति खोज्ने काम भइरहेको छ । तर यो पक्षमा सहमति भए पनि वैचारिक-सैद्धान्तिक पक्षमा भने संघर्ष जारी रहन सक्छ । यो पक्षमा हुने बहस भनेको रूपान्तरण र संश्लेषण नभई टुंगोमा पुग्दैन । वैचारिक संघर्ष र राजनीतिक संघर्षबीचको यो फरकलाई पनि बुझ्नुपर्छ ।

७. त्यसैले यदि हामी साँचो अर्थमा उग्रवामपन्थी भड्काउ विरूद्ध संघर्ष र रूपान्तरणको बाटोमा हिंड्न चाहन्छौं र राष्ट्र र जनतालाई चालु हिंसात्मक द्वन्द्वबाट मुक्त पार्न चाहन्छौं भने हाम्रो पार्टीले सैद्धान्तिक धरातलमा खडा भएर नेपालको ठोस सन्दर्भअनुरूप वैचारिक संघर्षमा अघि बढ्नुपर्छ, उग्रवामपन्थी भड्काउका आधार, स्रोत, अभिव्यक्ति, रूपहरू र त्यसले ल्याउने परिणामहरूदेखि लिएर तिनीहरूको वास्तविक अन्तर्वस्तुको पनि व्यापकरूपले खण्डन शुरू गर्नुपर्छ । यो किन उग्रवामपन्थ हो भन्ने कुरालाई वैचारिक-सैद्धान्तिक, राजनीतिक, संगठनात्मक, दार्शनिक, ऐतिहासिक र राष्ट्रिय रूपले समेत पुष्टि र प्रमाणित गर्न सक्नुपर्छ र वैचारिक-सैद्धान्तिक संघर्षको एउटा राष्ट्रव्यापी आँधी सिर्जना गर्नुपर्छ । त्यो वैचारिक-सैद्धान्तिक संघर्षको साँच्चै नै आँधी सिर्जना हुने हो भने त्यो यति शक्तिशाली हुन्छ कि माओवादीहरूका ग्रिनेड, हातेबम, प्रेसरकुकर बम, ग्यास सिलिण्डर बम र उनीहरूले खोसेका र संकलन गरेका कुनै पनि आधुनिक हतियारहरूभन्दा शक्तिशाली हुनेछ । त्यसले उनीहरूको मानसिक जगत वा चेतनाको जगतमा नवचेतनको विष्फोट गराउनेछ र वैचारिक उथलपुथल सिर्जना गर्नेछ । उग्रवामपन्थी भड्काउलाई व्यवस्थापन र रूपान्तरण गर्ने त्यो भन्दा शक्तिशाली हतियार अर्को हुँदैन । त्यस्तो हतियार संचालन गर्ने पार्टी नेकपा (एमाले) भन्दा अर्को छैन । यही पार्टीले उक्त काम शुरू गर्नुपर्छ र सशक्तरूपले अघि बढाउनुपर्छ । तर त्यो काम खेताला लगाएर गर्न सकिन्न, यो काम कुनै विशेषज्ञ खोजेर लगाउन पनि सकिन्न, यो काम कार्यकर्ता परिचालन गरेर पनि गर्न सकिन्न र यो काम ठूलाठूला जनऱ्याली निकालेर पनि गर्न सकिन्न । यो गहन सृजनाको काम हो, रचनाको काम हो र यो गहन साधनाको पनि काम हो । तपाईले गहन अध्ययनबिना, गहन चिन्तन र मननबिना, गहन र संगीन लेखनीबिना र गहन अनुसन्धान तथा विश्लेषणबिना पनि यो काम गर्न सक्नुहुन्न । यस्तो काम पार्टीको तल्लो पंक्ति वा देब्रे-दाहिने पार्श्व बाहुको प्रयोगबाट पनि गर्न सक्नुहुन्न । नेपाली समाज जस्तो ओहदावादी समाजमा अरूले बोलेर वा लेखेर केही हुन्न । यस प्रकारको गहन कार्य पनि नेतृत्व पंक्तिबाट र त्यसको पनि टुप्पीबाट शुरू हुनुपर्छ, टुप्पीबाट नै पहल हुनुपर्छ, त्यहींबाट कलमको हतियार उठाउनुपर्छ र वैचारिक-सैद्धान्तिक संघर्षलाई ठोस दिशानिर्देशनसमेत गर्नुपर्छ । त्यसरी शुरू भएको वैचारिक संघर्ष लगातार अघि बढाउने क्रममा सिंगो पार्टी परिचालित हुनसक्छ, अन्य कतिपय शक्तिहरूसमेत परिचालित हुन सक्छन् र देशमा उग्रवामपन्थ विरोधी वैचारिक-सैद्धान्तिक संघर्षको साँच्चिनै आँधी शुरू हुनसक्छ । त्यसले गलत विचारका ठूलठूला भवनहरू ध्वस्त पारिदिन्छ, खम्बाहरू ढालिदिन्छ, गलत विचारका स्रोतहरूलाई सुकाइदिन्छ र नेपाली वामपन्थी आन्दोलनको व्यापक पंक्तिमा नै वैचारिक पुनर्गठनको एउटा नयाँ लहर ल्याउन सक्छ । त्यो संघर्षले पार्टी निर्माणको क्षेत्रमा एउटा बिल्कुल नयाँ परिस्थिति र नयाँ सम्भावना सिर्जना गर्नसक्छ ।

८. उपरोक्त कामका साथै हामीले हाम्रो पार्टीको राष्ट्रिय हैसियत, राजनीतिक प्रभाव, हाम्रो कुशलता र हाम्रो आफ्नै अग्रगामी यात्रालाई समेत ध्यानमा राखेर राजनीतिक संवाद र सहमति बनाउन र मुलुकमा शान्ति स्थापना गर्न अघि बढ्नुपर्छ । त्यसका निम्ति नेकपा (एमाले)ले प्रथमतः हामीले विगत १२/१३ बर्षका अनुभवहरूको राम्ररी मूल्यांकन गर्न सक्नुपर्दछ । ती अनुभवहरूबाट शिक्षा लिनुपर्छ र पार्टी निर्माणको कामलाई वैचारिक निर्माणको प्राथमिकताकासाथ अघि बढाउनुपर्छ । दोस्रो, हामीले हाम्रो पार्टीको पंक्तिलाई वैचारिक-राजनीतिक रूपले अझ सुदृढ पार्नुपर्छ र आफ्नो कार्यक्षमतालाई बढाउनुपर्छ । त्यतिमात्र होइन, द्वन्द्व व्यवस्थापन गर्ने हाम्रो कौशललाई पनि बृद्धि गर्नुपर्छ । तेस्रो, गलत विचारका विरूद्ध वैचारिक-सैद्धान्तिक संघर्षको प्रक्रियालाई हरेक प्रकारले तीब्र र व्यापक पार्नुपर्छ र उग्रवामपन्थी विचारप्रवाहलाई रोक्नुपर्छ वा उनीहरूबाट

फैलिरहेको दुषित विचारको बादललाई फटाउनुपर्छ । चौथो, हाम्रो पार्टीले शान्तिवार्ताको प्रक्रियालाई अघि बढाउन राष्ट्रियस्तरबाट नै वातावरण तयार पार्न योजनाबद्ध ढंगले अघि बढ्नुपर्छ । त्यसका निम्ति शान्ति अभियानका शृंखलाबद्ध कार्यक्रमहरुसमेत बनाएर अघि बढ्नुपर्छ र राज्य तथा माओवादी दुवैका सामु सशक्त दबाब सिर्जना गर्नुपर्छ । पाँचौं, शान्तिवार्ताको तयारीका लागि हामीले नागरिक समाजको पहल, विभिन्न पेशागत जनसमुदायको पहल, विभिन्न राजनीतिक शक्तिहरूको पहल, मानवअधिकारवादीहरूको पहल, अन्तर्राष्ट्रिय मित्रहरूको पहल र राज्यको पहललाई राम्ररी समन्वय गरेर अघि बढाउनुपर्छ । सबै क्षेत्रबाट गरिने पहल र राज्यको पहललाई राम्ररी समन्वय गर्न सकेको खण्डमा त्यसले राष्ट्रिय पहलको रूप लिनसक्छ, शान्ति प्रक्रियामा सबैलाई सामेल गरेर अघि लाने सम्भावनाको ढोका खुल्छ र साँच्चिनै शान्तिका सम्भावनाहरू क्षितिजमा खस्न थाल्छन् । छैटौं, त्यसका साथसाथै हामी अहिले अग्रगमनका कुरा गरिरहेका छौं । आजको अवस्थामा अग्रगमन के हो, कसरी हुन्छ र कुन कुन क्षेत्रमा हुन्छ भन्नेबारेमा पनि प्रष्ट हुनैपर्छ । त्यसका निम्ति हामीले तीन क्षेत्रमा नेपाली समाजलाई पुनर्संरचना गर्नैपर्छ । पहिलो, राज्य संरचनाका क्षेत्रमा, दोस्रो, विद्यमान सामाजिक संरचनाका क्षेत्रमा र तेस्रो, आर्थिक संरचनाका क्षेत्रमा । त्यससम्बन्धी हाम्रो दृष्टिकोण एकदम प्रष्ट हुनुपर्छ र नयाँ नेपालको निर्माणसम्बन्धी प्रष्ट खाका हामीले देश र जनताका सामु ल्याउन सक्नुपर्छ । सातौं, उपरोक्त कुराहरूमा छर्लङ्ग हुनुका साथसाथै विद्यमान जटिलताबाट मुलुकलाई नयाँ निकासतिर लाने, राजनैतिक, संवैधानिक प्रक्रियाका बारेमा पनि प्रष्ट दृष्टिकोण अघि सार्नैपर्छ । अब देशमा नयाँ संविधान निर्माण नगरी मुलुकका समस्या समाधान हुनेवाला छैनन् । नयाँ संविधान भन्नेबित्तिकै जनताको संविधानसभाले निर्माण गरेको संविधानबिना मुलुक अगाडि बढ्ने स्थितिमा छैन । हाम्रो पार्टीले यसबारेमा पनि प्रष्ट हुनुपर्छ र जनता तथा राष्ट्रका सामु व्यवस्थितरूपले आफ्ना धारणा राख्न सक्नुपर्छ । तबमात्रै हामीहरू देश र समाजलाई अग्रगतितिर लाने काममा अग्रगण्य भूमिका खेल्न सक्छौं । अन्यथा विगतमा आन्तरिक बहस-विवादलाई नीतिगत र पद्धतिगत हिसाबले जसरी व्यवस्थापन र रूपान्तरण गर्नुपर्ने थियो, त्यसरी गर्न नसक्दा आज आफ्नोमात्र होइन, मुलुककै हालत जस्तो बन्न पुगेको छ, त्यसमा सुधार आउने कुनै आशा राख्न सकिन्न । केही भइहाल्यो भने पनि त्यो हाम्रो हातमा र नियन्त्रणमा रहने छैन । चोक्टा खान गएकी बुढी झोलमा डुबेर मरेजस्तै हुन्छ । त्यसैले पहल गर्न ढिलो भइसक्यो । अब पनि हतप्रभ भएर नबसौं । आजको हालत किन सिर्जना भयो ? त्यसको राम्ररी सिंहावलोकन गरौं, मूल्यांकन गरौं, विगतका गल्ती र कमजोरीहरू सच्याऔं, पार्टीको नेतृत्वदायी भूमिकालाई माथि उठाऔं, त्यसलाई खाली औपचारिक होइन कामकाजी र प्रभावकारी बनाऔं, उग्रवामपन्थी महत्वाकांक्षाका विरूद्ध संगठित र प्रभावकारी ढंगले वैचारिक-सैद्धान्तिक संघर्षको सशक्त प्रवाह सिर्जना गरौं, त्यो वैचारिक युद्धलाई ठीक ढंगले परिचालित गरौं, उग्रवामपन्थी भड्काउका पर्खालहरू फोर्दै नेपाली कम्युनिष्ट आन्दोलन, प्रजातान्त्रिक आन्दोलन तथा देशभक्तिपूर्ण आन्दोलनलाई वैचारिक रूपान्तरण र राजनीतिक सहमतितिर दृढतापूर्वक अघि बढाऔं । सत्यको जीत अनिवार्य छ, न्यायको जीत अनिवार्य छ ।

-१४ **असोज २०६१**

# माओवादी कानुनमा जीवनको कुनै मूल्य छैन

**' कुन्दन अर्याल**

**स** न १९९६ को १३ फेब्रुअरीको राति रूकुम, रोल्पा, गोरखा र सिन्धुलीबाट एकैचोटी शुरू गरिएको तथाकथित जनयुद्धका क्रममा माओवादीहरूले अहिलेसम्म साढे तीन हजारभन्दा बढी नेपालीको ज्यान लिइसकेका छन् । ती मध्ये सबै उनीहरूले भनेजस्तो आमने सामनेको भीडन्तमा मारिएका उनीहरूका शत्रु सेना वा प्रहरीमात्र छैनन्, बितेको आठ बर्षको अवधिमा उनीहरूको हातबाट नृशंसतापूर्वक मारिएकाहरूमध्ये दुई हजारभन्दा बढी राजनीतिक कार्यकर्ता लगायत पत्रकार, शिक्षक आदि विविध पेशा र व्यवसायका नेपालीहरू छन् ।।

माओवादीहरूसँग वैचारिक असहमति जनाएकै कारण तथाकथित जनअदालतको एकतर्फी फैसलाबाट कैयन्ले मृत्युदण्डको सजाय पाएका छन् । त्यस्ता नेपालीहरूलाई दिइएको यातनाका कैयन् दर्दनाक कथाहरू प्रकाशमा आउन सकेका छैनन् । तर एउटा तथ्य त सबैका सामु छर्लङ्ग छ, माओवादीहरूबीच अत्यन्त हचुवा ढंगले आरोपको छानबिन गरिन्छ र सजिलैसँग मृत्युदण्डका नाममा मानिसको बाँच्न पाउने अधिकारको हनन गरिन्छ ।

युद्धरत दुबै पक्षप्रति असहमत शान्तिकामी जनता वास्तवमा यतिखेर दुई ढुंगाको चेपुवामा परेका छन् । एकथरीको नारा छ, समाजको आमूल रूपान्तरण वा नयाँ सत्ताको स्थापना । अर्कोको घोषणा छ, आतंकवादको अन्त्य । दुबैको युद्धउन्मादका कारण आठ वर्षको अवधिमा दश हजार र चार सय मानिसको ज्यान गइसकेको छ । ह्युमन राइट्स वाचका अनुसार, तीमध्ये अधिकांश देशको सबभन्दा उत्पीडित समुदायका सर्वसाधारणहरू नै छन्, ग्रामीण इलाकाका गरिब, दलित र आदिवासी । सुरक्षाफौज वा माओवादी दुबै पक्षबाट सबभन्दा बढी क्षति यिनीहरूकै भएको छ । राज्य र गैरराज्य पक्षबाट भइरहेको ज्यादतीका बारेमा संसारभर चर्चा भइरहेकै छ । त्यसै सन्दर्भमा यहाँ बितेको आठ वर्षमा माओवादीहरूबाट प्रदर्शित वर्वरताको विषयमा चर्चा गर्न खोजिएको छ ।

उनीहरू असहमति राख्नेहरूसँग माओवादीहरू कतिसम्म असहिष्णु हुन सक्छन् भन्ने कुराको उदाहरण कैयन् घटनाहरूमा देखिएको छ । वीरेन्द्रकुमार शाह पीडाले छट्पटाइरहेका थिए । तिनीहरू निर्दयतापूर्वक उनको शरीरमा करौंती चलाइरहेका

थिए । उनी बेदनाले छट्पटाउँदै कराए "मलाई गोली ठोकेर मार !" तिनीहरू चिच्याए "गोलीको पैसा कसले तिर्छ ?" उनले उत्तर दिए "मेरो मृत्युको कारण बन्ने गोलीको पैसा म नै तिरौंला ।" तिनीहरूले उनलाई गोली ठोकेर मारे । त्यसपछि तिनीहरूले उनकी पत्नीसँग एउटाको एक सय पचहत्तर रूपैयाँका दरले तीन गोलीको पैसा असुल गरे । यो रूकुमको आठबीसकोट गाविसको घटना हो । पीडकहरू अरू कोही होइन, माओवादीहरू नै थिए । तिनीहरूले शाहलाई सुराकीको संज्ञा दिए ।

जोनापुर कैलालीका रामप्रसाद चौधरी र प्रेम चौधरी न त ड्युटीमा थिए न त उनीहरू प्रहरीको पोशाकमा थिए । उनीहरू माघी मनाउन घर आएका थिए । तर माओवादीले उनीहरूलाई खतरनाक दुश्मन देखे । आमनागरिक सरह खाली हात रहेका अवस्थामा माओवादीले उनीहरूको हत्या गरे ।

एउटा अर्को घटनामा ज्ञानेन्द्र खड्का माओवादीद्वारा दिनको उज्यालोमा मारिए । उनको हत्याले अर्को बर्बरतापूर्ण घटनाको संख्यामात्र थपेन । त्यसले फेरि एकपटक माओवादीको क्रूर अनुहारसमेत देखायो । तिनीहरूले उनको दुवै हात भलिबलको खम्बामा लगेर पछाडि फर्काएर बाँधे । त्यसपछि चक्कुले उनको घाँटी रेटेर हत्या गरियो । तिनीहरूले उनको पत्नीलाई जवर्जस्ती त्यो क्रूरता हेर्न लगाए । आजको नेपालमा यस्ता घटनाहरू अस्वभाविक हुन छाडेका छन् । बर्बरता अक्कासिएको छ । माओवादी विद्रोहको कमजोर राजनीतिक धरातलका कारण योजनाबद्धरूपमा बर्बरता र जंगली व्यवहार चुलीमा पुगेको छ । सन् १९९६ पछि हरेक बर्ष बर्बरता अघिल्ला बर्षहरूका तुलनामा बढ्दै नै गइरहेको छ ।

उनीहरूले यसबीच सर्वसाधारणको छाला चिरेर, ढुंगाले हानेर, शरीरमा विस्फोटक बाँधी दिएर, बञ्चरो र घनले हानेर, मट्टितेल खन्याई जलाएर वा भीरबाट धकेलेर समेत हत्या गरेका छन् ।

बर्बर आक्रमणबाट संजोगले बचेका कैयन् मानिस छन् । ती मध्ये धेरै शारीरिकरूपमा अशक्त हुन पुगेका छन् । बद्रीप्रसाद अधिकारीको एउटै "अपराध" के भयो भने उनी कुनै बेला शाही सेनामा थिए । तिल्पुङ गाविस, रामेछापका अधिकारी दुई वर्षदेखि शारीरिकरूपमा अशक्त छन् । माओवादीहरूले उनकै घरको दैलोमा उनको खुट्टा ढुंगाले किचेर भाँचेका थिए । उनका आमा, पत्नी, चार छोरा र तीन छोरीहरू उनीप्रति आश्रित छन् ।

नेकपा (एमाले) सँग सम्बद्ध पुष्कर चौहान प्राणेश्वर उच्च माध्यमिक विद्यालयमा आयोजित बैठकमा भाग लिन जाँदै थिए । माओवादीहरूले अपहरण गरी उनलाई यातना दिए । त्यसपछि तिनीहरूले उनको आँखा फोडिदिए । राकादुम गाविस-३, रामेछापमा यातनाकै कारण उनको मृत्यु भयो । तिनीहरूले उनको लासमाथि समेत गोली प्रहार गरे । नालाङ गाविस-९ पिपलनलाङ नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ता मोतिराम सिलवाललाई आमाको किरिया बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे । दुई दिनपछि उनको टाउकोमा गोली ठोकेर खुकुरीले घाँटी रेटेर मारे ।

माओवादी गतिविधिको शुरूवातदेखि नै जेनेभा महासन्धि कुराकानीको विषय बन्दै आएको छ । तर राज्यपक्षसँग प्रतिस्पर्धा गर्दै माओवादीहरूले कैयन् घटनाहरूमा मानवीय कानुनलाई पूरै लत्याएका छन् ।

पाँच वर्षअगाडि रोल्पा जिल्लाको हारजङ गाविस-३ मा माओवादीले एउटा घरमा जम्मा भएर बसेका आठजना गाउँलेहरूलाई मारे । तीनजना व्यक्ति घाइते भए । घटना विवरण अनुसार साठी वर्षीय हस्त गिरीदेखि पन्ध्र वर्षीय चैते पुन कर्मा रोकाको घरमा बसी कुराकानी गरिरहेका थिए । त्यही बेला माओवादी त्यहाँ पुगे र आगजनी गर्न थाले । आगोबाट बच्नका लागि भाग्न खोज्नेहरूलाई गोली हाने र मारियो । ६ माओवादीले पीडितहरूलाई अरूथोक होइन सुराकीकै आरोप लगाए । यो कुरा पनि यहाँ उल्लेखनीय छ, यस्ता घटनाहरूमा जेनेभा महासन्धिको साझा धारा ३ र दोस्रो प्रोटोकल आकर्षित हुन्छ । प्रोटोकल दुई आन्तरिक द्वन्द्वमा पीडितहरसँग सम्बन्धित छ । यसले चारवटै जेनेभा युद्धसम्बन्धी साझा धारा ३ को आधारभूत सिद्धान्तहरूलाई अघि सार्छ । यसले उच्चसंविदाकारी पक्षको भूमिमा भएको द्वन्द्वमा सर्वसाधारण नपरून् भन्ने कुरामा विशेष चासो राख्दछ । जेनेभा महासन्धिले युद्धमा संलग्न नभएका वा असंलग्न रहन चाहनेहरूप्रति मानवीय व्यवहार गर्नुपर्ने कुरामा विशेष जोड दिएको छ । हत्या, यातना, अंगभंग पार्ने काम लगायतका शारीरिक संजायलाई महासन्धिले पूर्णतः बर्जित गरेको छ । नागरिकलाई हिंसा, युद्धको अंगका रूपमा प्रयोग गरिने भोकमरी र आफ्नो थलो छाड्न बाध्य पार्ने काम वा धम्कीविरूद्ध प्रष्ट प्रावधान राखिएको छ । ऐतिहासिक स्मारक, कला, पूजास्थलको ध्वंश वा तिनीहरूको सैन्य प्रयोजनका निम्ति प्रयोगलाई पनि बर्जित गरिएको छ । तर नेपालमा सरकार र माओवादी दुवैले मानवअधिकार र मानवीय कानुनका बारेमा बोल्ने गरेको कुरा र व्यवहारका बीचमा ठूलो खाडल रहँदै आएको छ । माओवादीका तर्फबाट पनि कैयन् प्रतिबद्धताहरू व्यक्त गरिएका छन् । तर आममानिसमाथिको उनीहरूको ज्यादतीमा कुनै परिवर्तन आएको छैन्।

सन् २००३ को अक्टोवर १६ का दिन माओवादीहरूले राजनीतिक प्रतिद्वन्द्वीहरूलाई कुनै हानी नगर्ने व्यहोराको अर्को वक्तव्य जारी गरे । माओवादी पार्टीका अध्यक्ष प्रचण्डको हस्ताक्षरसहित जारी गरिएको सो वक्तव्यमा भौतिक संरचना, शस्त्रविहीन सुरक्षाकर्मी, राजनीतिक कार्यकर्ता र आमनागरिकमाथि आक्रमण नगर्ने घोषणा गरियो । तर त्यस्तो प्रतिबद्धता आजपर्यन्त व्यवहारमा उतारिएको भने देखिंदैन । माओवादीले विगतमा पनि पटक-पटक यस्ता प्रतिबद्धताहरू व्यक्त गरेका छन् ।

माओवादीहरू कतिपय घटनामा मानवताविरूद्धको अपराधमा संलग्न भएको देखिंदैछ । लमजुङको पाणिनी संस्कृत माध्यमिक विद्यालयका शिक्षक मुक्तिनाथ अधिकारीलाई कक्षामा पढाउँदा पढाउँदै तानेर बाहिर ल्याइयो । उनलाई अपहरण गरियो । त्यसपछि उनलाई कञ्चटमा गोली हानी हत्या गरी गलबन्दीमा बाँधेर रूखमा झुण्ड्याइयो । माओवादीहरूबाट गरिएका कैयन् अमानवीय व्यवहारका घटना अभिलेखमा आएका छन् । काभ्रे जिल्लामा अपहरण गरिएका कृष्णप्रसाद सापकोटाको परिवार उनको बारेमा केही दिन बेखबर रह्यो । पछि उनको टाउकोविनाको लाश कुशादेवी गाविसमा फेला पारे । उनको शीर पचास मिटर तल खोल्सामा उछिट्टिएको थियो । खोटाङका हर्कबहादुर राईलाई पहिले हात भाँची गोली ठोकेर मारियो । यस्तै अर्को जंगली घटनामा माओवादीले रामेछापका नेपाली कांग्रेसका कार्यकर्ता भीमबहादुर महतउपर मरणान्त हुने गरी ढुंगा प्रहार गरे । ढुंगाले हानी उनको खुट्टा थिलथिलो पारियो र त्यसपछि त्रिशुलले घोचेर उनको हत्या गरियो । सशस्त्र द्वन्द्वले

अनिवार्यरूपमा अमानवीय व्यवहारहरूलाई बढाउँछ । तर हिंसामा प्रत्यक्ष संलग्न भएकाहरूमात्र त्यसको परिणामबाट पीडित हुँदैनन् । विश्वभरि नै यस्तो पीडादायी अवस्थालाई संबोधन गर्न मानवअधिकार र मानवीय कानुनको संघर्षमा महत्वपूर्ण कदमका रूपमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको आइसीसी व्यवस्था भएको छ । आइसीसीले मानवअधिकार र मानवीय कानुनको उल्लंघनकर्ता विरूद्ध न्याय खोजिरहेकाहरूलाई छहारी प्रदान गर्नसक्छ । यसले दण्डहीनता र वर्तमान द्वन्द्वको अन्त्य गर्ने वा द्वन्द्वलाई अमानवीय बन्नबाट रोक्ने प्रयत्न गर्दछ । हिंसाग्रस्त अहिलेको रक्तपातको समयमा हरेक दिन देशको कुनै न कुनै कुनामा मानवअधिकार र मानवीय कानुनको उल्लंघनका घटना भइरहेको हुन्छ । यस्ता गतिविधिलाई रोक्ने ठोस कदम नचालिएसम्म यस्ता ज्यादती, आमहत्या र अंगभंग गर्ने घटना बढि नै रहन्छन् । अर्घाखाँचीका राममणि ज्ञवाली बर्बर हत्याका अर्का शिकार हुन् । उनलाई खुकुरीले टुक्रा-टुक्रा पारी मारिएको थियो । उनी इन्सेकसँग सम्बन्धित मानवअधिकार रक्षक थिए ।

मारिएकाहरूलाई माओवादीहरू सुराकीको संज्ञा दिने गर्दछन् । माओवादीले आफ्नो आधिकारिक वेवसाइटमा आफूद्वारा मारिएका मानिसका बारेमा जिम्मेवारी लिएका छन् । त्यसरी जिम्मेवारी लिएकामध्ये ९५ प्रतिशतलाई उनीहरूले सुराकीको आरोप लगाएका छन् । तर तिनीहरू आफ्नो आस्थाका कारण मारिएका हुन् भन्ने कुरा प्रष्ट भइसकेको छ । माओवादीले सन् २००३ मा नेपाली कांग्रेस, एमाले, राप्रपा र प्रजातान्त्रिक कांग्रेसका क्रमशः १४, ५, ६ र ४ कार्यकर्ताको हत्या गरे । उल्लेखित सबै अन्य पेशामा नरहेका विशुद्ध पूर्णकालीन कार्यकर्ता थिए । वकालत, पत्रकारिता, शिक्षण आदि पेशामा संलग्न रही राजनीति गर्नेहरूलाई पनि जोड्ने हो भने यो संख्या निकै बढ्छ । सबैजसोलाई उनीहरूले सुराकीको संज्ञा दिए । अहिलेसम्म माओवादीहरूले साढे तीन सयभन्दा राजनीतिक कार्यकर्ताहरूको हत्या गरिसकेका छन् । आज पनि कैंयन् राजनीतिक कार्यकर्ताहरू उनीहरूको तथाकथित कालोसूचीमा परेका छन् । एमाले र प्रजातान्त्रिक कांग्रेसका सरकार बनिसके, पछिको अवधिमा सरकारभन्दा अघि बढेर माओवादीहरूप्रति दिनमा दुई जना भन्दा बढी नेपालीको जीवन हरण गरिरहेका छन् । यसबीच राज्यपक्षबाट सरदर प्रतिदिन दुई जनाजतिको हत्या भइरहेको छ ।

राज्य र गैरराज्य दुबै पक्षको हतियारबाट निरपेक्ष रहन चाहने सर्वसाधारण दुबै पक्षबाट पीडित भइरहेका छन् । दुबैपक्ष मानवअधिकार र मानवीय कानुनको पालनाको कुरा गर्दछन् । तर, निहत्था जनता हत्या, स्वेच्छाचारी गिरफ्तारी, अपहरणजस्ता मानवअधिकार विरोधी क्रियाकलापको शिकार भइरहेकै छन् । नेपालले सन् १९६४ मै मानवीय कानुनसम्बन्धी जेनेभा महासन्धिमा हस्ताक्षर गरिसकेको हो । त्यसैअनुसार, राज्यपक्षले मानवअधिकार र मानवीय कानुनहरूप्रतिको प्रतिबद्धता पटक-पटक दोहोऱ्याउँदै आएको छ । विद्रोही पक्षले देशको संविधान, कानुन नमान्ने घोषणा गरेको छ । तर त्यस पक्षले पनि मानवअधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र मानवीय कानुनको भने पालना गर्ने प्रतिबद्धता पटक-पटक प्रकट गर्दै आएको छ । तर दुःखको कुरा के छ भने, दुबै पक्षको प्रतिबद्धता व्यवहारको धरातलमा भने अनेकन चोटि तोडिएको देखिएका छन् । हतियारधारी दुबै पक्ष अत्यन्त गैरजिम्मेवार देखिएका छन् । दुबै पक्षलाई युद्धका नियमको पालना वा मानवताको सम्मान गराउन जनता स्वयम् अग्रसर हुन जरूरी छ । जनता जति सहन्छन् युद्धरत पक्षहरू उति ज्यादती मच्चाउन थाल्छन् । इतिहासमा अन्यत्र वा हामीकहाँ पनि यस्तै देखिएको छ ।

विगत आठ बर्षको अवधिमा हिंसात्मक द्वन्दका कारण नेपाली जनताउपर कैंयन् आपत थपिएका छन् । यस वर्ष अप्रिल ९ का दिन विमोचित मानवअधिकार वर्ष पुस्तक सन् २००४ मा नेपालमा आन्तरिक रूपमा विस्थापितहरूको संख्या ३८ हजार १ सय ९१ उल्लेख गरिएको थियो । तर, यसबीच नेपालका नदीनालामा अझ बढी पानी बगिसकेको छ । यो धर्तिमा नेपालीको अझ बढी रगत बगिसकेको छ । अवस्था अझ विकराल बनिसकेको छ । ग्लोबल आइडीपी प्रोजेक्ट नामक एक अन्तर्राष्ट्रिय संस्थाले भर्खरै प्रकाशित गरेको प्रतिवेदनअनुसार नेपालमा हिंसात्मक द्वन्द्वका कारण दुई लाख सर्वसाधारण आफू बसिआएको थलोबाट विस्थापित भइसकेका छन् ।

सन् १९९६ यताको कुरा गर्ने हो भने इन्सेकको अभिलेखअनुसार, हिंसा-प्रतिहिंसाका कारण प्रतिदिन तीन जनाभन्दा बढी नेपालीको ज्यान गइरहेको छ । यस अवधिमा हिंसात्मक द्वन्द्वको अन्त्यका निम्ति प्रयासहरू नभएका होइनन् । तर, अहिलेसम्म भएका सरकार र माओवादीबीचको वार्तामा आवश्यक गाम्भीर्यता नदेखिएको ठहर सबैले गर्दै नै आएका छन् । हरेक दिन निर्दोष सर्वसाधारण मारिएका छन् । कैंयन् मानिस बेपत्ता पारिएका छन् । सर्वसाधारण मानसिक र शारीरिक यातनाको शिकार भएका छन् । युद्धको कुनै पक्षमा नलागेका युद्धविरोधी जनमतलाई कमजोर बनाउने दुष्प्रयासमा माओवादी र सुरक्षा संयन्त्रबीच गजबको तादात्म्यता देखिन्छ ।

◆

# माओवादी हिंसा: शून्यताको लागि हत्याको श्रृंखला

**' सूर्य थापा**

**मु**लुक राजनीतिक संकटको उत्कर्षमा छ । माओवादी हिंसाको करिब दश वर्षमा दश हजारभन्दा बढी नेपालीले जीवन गुमाइसके । हिंसाको यो दुष्प्रभाव दिनदिनै बढ्दो छ भने त्यसले सामाजिक-आर्थिक र राजनीतिक क्षेत्रमा पारेको असर गम्भीररूपमा देखापरिरहेको छ । माओवादीले राजनीतिक निकासको कुरा गरेपनि यतिबेला उसको व्यवहारमा वार्ता र

संवादप्रति खास रूचि र इच्छा देखिन्न । विश्लेषकहरूले माओवादीभित्र वार्ता पक्षधर नेतृत्व कमजोर बनेर वार्ताविरोधीहरू हावी भएको निष्कर्ष निकाल्न थालेका छन् । गाउँ-गाउँमा राजनीतिक रिक्तता र शून्यता छाउन थालेको छ र सर्वत्र बन्दूक हावी भइरहेको अवस्था छ । नागरिकको बोल्ने, तर्क-वितर्क गर्ने र विवेकले काम गर्ने अधिकार कुण्ठित भएर बन्दूकको सहारामा कज्याउने उपक्रम चलिरहेको छ । यसै अभिप्रायले घर-घरमा तालाबन्दी गर्ने, मध्यरातमा राजनीतिक कार्यकर्ताको सिंगो परिवारलाई घरनिकाला गर्ने, अपहरण, सर्वस्वहरण र सफायासम्म गर्ने घोषणा गरेर आतंक खडा गर्ने प्रयास भइरहेको छ । माओवादीको यस्तो क्रियाकलापले मुलुकलाई कहाँ पुऱ्याउने हो ? गम्भीर चिन्ता गर्नुपर्ने भएको छ ।

१. **फलाम काट्न फलामको प्रयोग** : २०५२ साल फागुन १ गते नेकपा (माओवादी)ले जनयुद्ध थाल्नुअघि देशमा नेकपा (एमाले) को लोकप्रिय सरकारले नौ महिना शासन गरेको तथ्य विदितै छ । देशी-विदेशी प्रतिक्रियावादीहरूले षड्यन्त्रपूर्वक र न्यायपालिकाको दुरूपयोग गरेर एमालेलाई सत्ताबाट विस्थापित गरे । तर मुलुकमा कम्युनिष्ट आन्दोलन जनआधारित र लोकप्रिय शक्तिको रूपमा सुदृढ थियो, त्यसको नेतृत्व नेकपा (एमाले)ले गरिरह्यो । सत्ताबाट विस्थापित भए पनि एमालेको लोकप्रियतामा कुनै कमी आएन । ०५४ सालमा स्थानीय निर्वाचनको परिणामले एमालेको त्यो लोकप्रियताको स्पष्ट तस्वीर दियो । यस्तो बखतमा माओवादीले हिंसात्मक कार्यदिशा अपनाएर जनयुद्धको घोषणा गर्नपुग्यो । माओवादीले जनयुद्ध थाल्नुअघि केन्द्रीय समितिको तेस्रो विस्तारित बैठकद्वारा पारित राजनैतिक प्रतिवेदनमा औंल्याइएको छ-'कम्युनिष्टका नाममा प्रतिक्रियावादी शोषण-व्यवस्थाको रक्षाको जिम्मा लिएको एमाले गुटको सरकार बन्नुले एकातिर नेपालमा संशोधनवाद छोटो अवधिमै प्रतिक्रान्तिको रूपमा उदाङ्गिन पुगेको छ भने अर्कोतिर कम्युनिष्ट क्रान्तिकारीहरूका लागि नयाँ परिस्थितिका नयाँ चुनौतीको सामना गर्न संगठन र संघर्षका क्षेत्रमा गुणात्मक सुधार गरी अगाडि बढ्न आवश्यक र अनिवार्य बनाएको छ । यसप्रकारको परिस्थितिमा संसारभरका कम्युनिष्ट क्रान्तिकारी पार्टीहरूले झैं साहसपूर्वक क्रान्तिकारी संघर्षको विकासका निम्ति केन्द्रित हुनुपर्ने ऐतिहासिक जिम्मेवारी नयाँ ढंगले पुनः हाम्रो पार्टीको काँधमा आएको छ भन्ने कुरालाई आत्मसात् गर्नु जरूरी छ ।" यस निष्कर्षले दुनियाँभरि लोकप्रिय कम्युनिष्ट आन्दोलनलाई कमजोर र छिन्नभिन्न पार्न उग्रवामपन्थीहरूको तप्का प्रयोग गरिँदै आएको यथार्थलाई सम्झना गराउँछ र माओवादी जनयुद्धको थालनी फलाम काट्न फलामकै प्रयोग गरिएको त होइन ? भन्ने आशंका गर्न सकिने ठाउँ मिल्दछ । त्यसैले आज एक वा दुईवटा घटनाक्रममा माओवादी ज्यादतीको समीक्षा गरेर शायद पुग्दैन । जनयुद्धको प्रस्थानविन्दु र त्यसक्रममा मुलुकमा लोकप्रिय कम्युनिष्ट पार्टीलाई प्रतिक्रियावादीको कित्तामा राखेर थालनी गरेको निषेधको राजनीतिप्रति आँखा चिम्लेर अहिलेका ज्यादतीहरूको जडमा पुग्न सकिँदैन ।

२. **भौतिक आक्रमणको तयारी** : बदनाम शल्यक्रियाः माओवादीले सैद्धान्तिक-वैचारिक तहमा जनयुद्धको तयारीसँगै एमालेको विरोध र राजनीतिक हमला थालेको थियो । त्यसमा दोषपूर्ण र गलत निष्कर्षले काम गरेको प्रष्टै छ । फरक कार्यदिशा, फरक पार्टी र संगठनात्मक हैसियत भएपछि वैचारिक असहमति, संघर्ष र विरोध हुनु स्वभाविक हो । आ-आफ्नो कार्यदिशाका आधारमा जनतामा जाने र जनताको निर्णयअनुरूप चल्ने हो भने ठीकै हो । तर माओवादीले यो तरिका अपनाउन सकेन र आवश्यक पनि ठानेन । बरू देशी-विदेशी प्रतिक्रियावादीहरूको चाहनाअनुरूप एमालेमाथि वैचारिक रूपमा मात्र होइन भौतिक हमलामा उत्रने र तदनुरूपका कारबाही गर्ने ढंगले पार्टी पंक्तिलाई प्रशिक्षित गऱ्यो । उक्त पुस्तिकाको भूमिकामा महामन्त्री प्रचण्डले लेखेका छन्-'नेपालमा आज मरणासन्न साम्राज्यवाद र सामन्तवादको रक्षा गर्ने तथा क्रान्तिको धारालाई रोक्ने प्रतिगामी कार्यमा प्रतिक्रियावादमा पतन भएको एमाले गुटले सर्वाधिक भ्रामक र निकृष्ट भूमिका खेलिरहेको छ । यो स्थितिमा एमाले गुटको प्रतिक्रियावादी चरित्रलाई उदाङ्गो पार्नु र जनसमुदायमा त्यसको भ्रम साफ गर्नु सामान्यतः नेपाली क्रान्तिको र विशेषतः जनयुद्धको विकासको अनिवार्य आवश्यकता बन्न गएको कुरा स्पष्ट छ । यसै आवश्यकतालाई पूरा गर्ने सन्दर्भमा पार्टीको निर्णयअनुसार क. किरणद्वारा तयार पारिएको यस पुस्तिकाले महत्वपूर्ण योगदान गर्नेछ ।"

नेकपा (एमाले)ले सधैंभरि माओवादी समस्याको राजनीतिक समाधानमा जोड दिँदै आएको छ । माओवादीको उग्रवामपन्थी भड्काव र आतंकपूर्ण क्रियाकलापका विरूद्ध वैचारिक संघर्षको प्रक्रियालाई त प्रभावकारीरूपमा अघि बढाउन नसकेको परिप्रेक्ष्यमा एमालेले जनयुद्धका विरूद्ध प्रतिकारका लागि निर्देशन गरेको आरोप लगाउँदै मोहन वैद्य (किरण) को उक्त पुस्तिकामा भनिएको छ-'जनयुद्धका विरूद्ध एमालेको प्रतिकार र दमनका लागि जारी गरिएको यसप्रकारको कालो विज्ञप्तिबाट के कुरा छर्लङ्ग हुन्छ भने नेपाली कम्युनिष्ट आन्दोलनभित्रको अन्तर्संघर्षले आज व्यवहारतः समेत क्रान्ति र प्रतिक्रान्तिबीचको भीषण जीवनमरणको वर्गसंघर्ष र वर्गयुद्धमा गुणात्मक फड्को मारिसकेको छ । एमालेको यो दमन प्रक्रिया नेपाली जनता र नेपाली नयाँ जनवादी क्रान्तिका लागि एक नयाँ परिस्थितिको नयाँ चुनौती हो ।" यहाँनेर एउटा ध्यान दिनैपर्ने प्रसँग के छ भने एमाले सत्तामा रहेका कारण माओवादीको आक्रमण र ज्यादती तीव्र भएको भन्ने गरिन्छ । तर माओवादीले एमालेमाथि भौतिक हमलाको तारतम्य मिलाएर बदनाम शल्यक्रिया प्रकाशन गरिरहँदा एमाले सत्तामा थिएन, सत्ताबाट बाहिरिइसकेको थियो । २०५५ मंसिर २ गते रूकुममा माओवादीले एमालेका कार्यकर्ता दलराम खड्काको हत्या गरे । त्यतिबेला पनि एमाले सत्तामा थिएन । २०५५ फागुन २१ गते रूकुमको गरायला गाविस-७ मेघामा माओवादीले यदु गौतमको हत्या गर्दा एमाले सरकारमा त थियो, तर त्यो चुनावी सरकार थियो । जो माओवादीको कथित जनयुद्ध दमन गर्ने होइन, आमचुनाव गराउने उद्देश्यले मात्र बनेको सरकार थियो । २०५९ कार्तिक १८ गते कैलालीमा चक्रबहादुर डगौरा चौधरीको हत्या गर्दा पनि एमाले सत्तामा होइन, राजाको प्रतिगामी कदमका विरूद्ध आन्दोलनरत थियो । प्रतिगमनविरूद्ध आन्दोलन गरिरहेको बेला पुष्करबहादुर चौहान-रामेछाप, (२०६० भाद्र १४ गते) र युक्तबहादुर अधिकारी-सिन्धुपाल्चोक (२०६० फागुन १६ गते)को माओवादीले निर्मम हत्या गरेका थिए । स्याङ्जामा गुप्तबहादुर विकको हत्या (२०५८ कार्तिक १७) गर्दा पनि एमाले सत्तामा थिएन । यसरी तथ्यहरूले के देखाउँछन् भने एमाले सत्तामा होस् या नहोस्, त्यसले माओवादीको भौतिक हमला, ज्यादती र हत्याको राजनीतिमा खासै फरक पारेको छैन । उसको मूल नीति र प्रयत्न एमालेलाई समाप्त पारेर आफू स्थापित हुनु हो र यही नीतिअनुरूप एमालेमाथि हमला गरिरहेको छ ।

३. **गाउँ खाली गर्न राजनीतिक कार्यकर्ताको उठिबास** : जनताको मन र मत जितेर माओवादी बलियो हुन न विगतमा सक्यो, न त वर्तमानमा सकिरहेको छ र भविष्यमा पनि यस्तो सम्भावना देखिंदैन । तसर्थ आस्थाको राजनीति र प्रतिस्पर्धात्मक प्रणाली अवलम्बन गर्ने कुराको अपेक्षा माओवादीबाट गर्न सकिन्न । पछिल्लो तथ्यांकअनुसार माओवादीले देशभरि जम्मा ५ सय ३ जना राजनीतिक कार्यकर्ताको हत्या गरिसकेको छ । यो छनौटपूर्ण र देशव्यापी छ । नेपाली कांग्रेसका २ सय ३२, राप्रपाका १ सय २४, नेकपा (एमाले)का ९९, नेपाली कांग्रेस (प्रजातान्त्रिक) का ४१, नेपाल सद्भावना पार्टीका ५ र जनमोर्चा नेपालका २ जना कार्यकर्ताको हत्या गरेर माओवादीले गाउँ खाली गर्ने, राजनीतिक शून्यता सिर्जना गर्ने र एक्लो रजाईं गर्ने मूल अभिप्रायले काम गरेको प्रष्टै देखिन्छ । यसो गर्दा शत्रु-मित्रुको भेद गरेको पाईंदैन । हाले दैलेखमा करिब डेढसयको संख्यामा राजनीतिक कार्यकर्ताका घरमा उनीहरूले तालाबन्दी, अपहरण, कुटपिट, सर्वस्वहरण, बाली कब्जा गर्ने काम गरेका छन् । २०६१ भदौ २१ देखि यो क्रमलाई तीब्र पारिएको छ । ज्यादतीको यस अभियान अन्तर्गत नेकपा (एमाले)का जिल्ला सचिव सूर्यबहादुर शाही, उपसचिव तेजबहादुर चन्द, पूर्वसचिव अमरबहादुर थापा, निवर्तमान सांसद नरबहादुर हमालसहित रेशम शाही, लोमन शर्मा, रविन्द्रराज शर्मा, टेकबहादुर खाँण र यमबहादुर मल्ललाई सफाया गर्ने घोषणा गरिएको छ भने राजबहादुर शाही, हिराबहादुर शाही, नगेन्द्रबहादुर विष्ट र हर्कबहादुर खड्कालगायतको सर्वस्वहरण गरिएको छ । एमाले दैलेखका कार्यवाहक सचिव राजबहादुर बुढाका अनुसार यसले निम्नअनुसार दुष्परिणाम सिर्जना गरेको छ :-

- गैर माओवादी पार्टीका अधिकांश नेता-कार्यकर्ताहरूले गाउँ र जिल्ला छाडिसकेका छन् ।
- गाउँबस्तीबाट सयौं घर परिवार आफ्नो घर सम्पत्ति, गाईबस्तु एवं बालीनाली त्यागी रातिको समयमा भागिरहेका छन् । हजारौं मानिसहरू अन्य जिल्ला र भारततिर पलायन भएका छन् । यो क्रम जारी छ ।
- अधिकांश शिक्षकहरूले जिल्ला छाडिसकेका छन् । र, केही माओवादीहरूकै साथमा राखिएका कारण जिल्लाका सम्पूर्ण विद्यालयहरू बन्द भएर विद्यार्थीहरू विचल्लीमा परेका छन् ।
- सम्पूर्ण गाविस सचिवहरूले बाध्य भई सामूहिक राजीनामा दिंदा जनताको कामकाज र विकास निर्माण ठप्प भएको छ ।
- कर्मचारीहरूलाई आवतजावत गर्न र जिल्लामा बसी निर्धक्क कामकाज गर्ने परिस्थिति चुनौतीपूर्ण भएबाट जनताको काममा बाधा पुगिरहेको छ ।
- व्यापारीहरूलाई सामान ओसार-पसारमा रोक लगाएका गरेका कारण जिल्लामा पटक-पटक खाद्यान्न र दैनिक उपभोग्य वस्तुको अभाव सिर्जना हुने गरेको छ र व्यापारी व्यवसायीहरू संकटमा परेका छन् ।
- सर्वस्वहरण भई चुलोको खरानीसमेत गुमाएर गाउँबाट लखेटिएका परिवारले राज्यको तर्फबाट एकमाना चामलसम्म राहत पाउन नसकी बिचल्लीमा परेका छन् ।

अझ आश्चर्यको कुरा यो छ कि माओवादीका अध्यक्ष प्रचण्डद्वारा दुई वर्षअघि आस्थाको आधारमा कुनै राजनीतिक पार्टीका कार्यकर्तालाई दुःख नदिने र कुनै व्यक्तिले कमजोरी गरेको भए पहिले सम्बन्धित पार्टीलाई छानबिन गर्न भन्ने निर्देशन जारी गरिएको थियो । व्यवहारमा माओवादी पंक्तिले त्यसको परिपालना होइन, घोर उल्लंघन गर्ने होडबाजी गरिरहेको छ ।

४. **दबाबको राजनीति अन्तर्गत हत्याको श्रृंखला** : माओवादीले राजा, सरकार र राजनीतिक पार्टीहरूलाई दबाब दिन हत्याको श्रृंखला चलाउँदै आएको छ । यही अभिप्रायले एमाले सरकारमा नरहेको भए पनि विगतमा थुप्रै कार्यकर्ताको हत्या गरेको छ । जस्तो कि झपटबहादुर बुढाथोकी-रामेछाप, (२०५९ भदौ १२ गते), तुलप्रसाद पुर्जा मगर-म्याग्दी (२०५९ भदौ २७), कृष्णप्रसाद सापकोटा-काभ्रे (२०५९ भदौ ३०), जयराम श्रेष्ठ-धादिङ (२०५९ असोज ७), गोपी थापा, रामचन्द्र श्रेष्ठ-धादिङ ( २०५९ असोज २१), नवराज सुवेदी-धादिङ (२०५९ कार्तिक १), मणिलाल शर्मा-म्याग्दी (२०५९ कार्तिक २१) र बुद्धिमान पाख्रिन-दोलखा (२०५९ मंसिर १४) को हत्या गरेर माओवादीले दबाबकै राजनीति गरेको थियो । यसरी निर्दोष र बेकसुर राजनीतिक कार्यकर्ताको रगतको आहालमा माओवादीले आफ्नो गलत राजनीतिलाई अघि बढाउन खोज्नु निन्दनीय कुरा हो ।

माओवादीले भिन्न आस्था राख्नेहरूमाथि दमन गर्न सुराकी गरेको भन्ने आरोप थोपर्छ । २०५५ साल माघ २७ गते बिहान ५ बजे माओवादीले रोल्पा हारजङको एउटा घरमा घेरा हाली त्यहाँ सुतिरहेका प्रष्टबहादुर गिरी, अमृतबहादुर गिरी, ढाँटे पुन, मनबहादुर गिरी, रैमन पुन, चैते पुन, बेगमबहादुर पुन र तिर्खु गिरीको सामूहिक हत्या गरेका थिए । हारजङका बलबहादुर रोकाको त्यो घरलाई ग्याँस च्याम्बरमा परिणत गर्नको लागि माओवादीले जनयुद्धविरूद्ध प्रतिकार समिति बनाएको भन्ने निहुँ बनाएका थिए । यो एउटा झुटो बहानामात्र थियो, जस्तो कि २०५४ सालमा जनयुद्धको प्रतिकार गर्न दमनमा उत्रिएको भन्ने अनुमानका आधारमा माओवादीले एमालेविरूद्ध भौतिक हमलाको नीति अख्तियार गरेको थियो ।

माओवादीले भिन्न आस्था राख्ने राजनीतिकर्मीहरूको मात्र हत्या गरेको छैन, आफ्नै पार्टीका वैकल्पिक केन्द्रीय सदस्य नेत्रबहादुर केसी (रोल्पा-इरिवाङ) सहित तीनजनाको सफाया गरी आन्तरिक दुर्घटनामा मृत्यु भएको भन्ने वक्तव्य सार्वजनिक गरेको चर्चा छ । रमेश ढुंगेलको हत्या माओवादीकै पोलिटब्यूरो सदस्य यानप्रसाद गौतम (आलोक)को निर्देशनमा भएको त प्रचण्डद्वारा नै स्वीकार गरिएको तथ्य हो ।

यसरी माओवादीले पञ्चायतीकालरात्रीको समयमा शासकहरूले गर्ने अत्याचार र दमनलाई उछिनेर मुलुकमा ज्यादतीको साम्राज्य चलाउने प्रयास गरिरहेको छ । कमसेकम पंचायतमा घरको कोही एकजना राजनीतिमा लागेर जेल पर्दा, भूमिगत वा निर्वासनमा रहेवापत उसको सिंगो परिवारको सम्पत्ति जफत हुँदैनथ्यो । घरमा तालाबन्दी र मध्यरातमा घरनिकालाजस्ता बर्बर दमन र अत्याचार सहनु पर्दैनथ्यो । माओवादीले जहानियाँ राणाकालको अत्याचारलाई समेत माथ गरिरहेका छन् र आफ्नो सत्ता-स्वार्थका निम्ति जोसुकैलाई बन्दूकको कुन्दाले कज्याउने प्रयत्न गरिरहेका छन् । यही हिंस्रक व्यवहारका आधारमा आज माओवादीले ८५ प्रतिशत ग्रामीण क्षेत्र आफ्नो कब्जामा रहेको दाबी गर्दै आएको छ ।

◆

# शान्तिको पक्षमा एमालेबाट भएको पहल

२०६१ असार १६ गते ४३ बुँदे न्यूनतम साझा सहमतिका बुँदाहरू तयार गरी असार २१ गतेदेखि नेकपा (एमाले) सरकारमा सामेल भयो । पार्टी केन्द्रीय कमिटीको छैटौं बैठकबाट ०६१ जेठ २८ मानै परिस्थितिको विश्लेषण गर्दै प्रतिगमन एक हदसम्म पछि हटेको र आन्दोलनको आंशिक उपलब्धि भएको ठहर गर्दै राष्ट्रिय सहमति निर्माण गर्दै माओवादी समस्यालाई शान्तिपूर्ण वार्ताको माध्यमबाट समाधान गर्न संविधानसभालगायतका विकल्पहरूमा जाने निर्णय गर्‍यो । मुलुकको प्राथमिक महत्वको काम पनि शान्ति कायम गर्नु नै हो ।

सरकार सञ्चालनमा सहयोग पुर्‍याउन बहुदलीय प्रजातान्त्रिक समन्वय समिति र शान्ति सचिवालय निर्माण गरिएको छ । यसका अलावा पार्टीको तर्फबाट आन्तरिक सहयोग गर्न संयन्त्र निर्माण गरी भरपुर सहयोग गर्दै आएको छ । साउन ४ गते बसेको पार्टी स्थायी कमिटीले शान्तिवार्ताका लागि युद्धविरामको विषयलाई पहल गर्न सरकारलाइ निर्देशन गरेको थियो । उक्त निर्णयको कार्यान्वयनमा सन्तोषजनक प्रगति हुन नसकेकोमा साउन १५ को बैठकले गम्भीर चिन्ता व्यक्त गरेको छ ।

साझा सहमतिका कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि पार्टीको तर्फबाट निर्देशन दिइएको छ र यो अनुरूप युद्धविरामको निर्णय कार्यान्वयन हुन नसकेकोमा असोज ३० गतेको बैठक दुःख व्यक्तसमेत गर्न बाध्य भएको छ ।

पार्टीले सरकारमा सहभागी कमरेडहरूसँग आन्तरिक छलफल, सुझाव दिने-लिने काम गरि नै रहेको छ । यस्तो सहयोगको बाबजुद संयन्त्रको टाउकोमा दोष थुपारेर सरकारको अयोग्यता र असफलताबाट बच्न खोज्नु आफैंमा जिम्मेवारपन होइन ।

संयन्त्रको कार्यक्षेत्र र सञ्चालन प्रक्रियाको बुँदा नं ७ ले समन्वय समितिको तर्फबाट सर्वदलीय सरकारलाई दिइने सुझाव संविधान, कानुन र सरकार सञ्चालनको मर्यादाअनुरूप हुनेछन् र सरकारको निर्णय प्रक्रियामा हस्तक्षेप हुने किसिमका हुनै छैनन् भनिएको छ। यसर्थ यो समितिको सीमा र क्षेत्राधिकारको बारेमा सरकारमा सहभागी कमरेडहरू विज्ञ नै हुनुपर्छ। संविधानसम्मत सरकार सञ्चालनको प्रचलनमा सरकारमाथि अर्को असंवैधानिक निकाय न त जन्मिनसक्छ न त त्यसले गरेको कामले कानुनी वैधता नै प्राप्त गर्नसक्छ । यसर्थ, गर्न नसकिएका वा गरेका विषयहरूबाट उत्पन्न भएका आलोचनाको भारी अन्तै बिसाएर आफ्नो योग्यताको प्रशंसा गर्नु भनेको पानीमाथिको ओभानो हुनजस्तै हो ।

**समस्याको समाधानका लागि प्रयत्न**

उग्रवामपनथी अतिवादलाई प्रतिनिधित्व गर्ने माओवादीले मुलुकको राजनैतिक शक्ति सन्तुलन र राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिलाई बेवास्ता गर्दै शीघ्र क्रान्तिको नारा अघि सारेर प्रतिगमन र वैदेशिक हस्तक्षेपका लागि अनुकुलता सृजना गर्ने काम गरेका छन् ।

०४६ सालको आन्दोलनको उपलब्धिको विरोधमा माओवादी लाग्नु, त्यसलाई दरवारिया शक्तिसँग निकट रहेकाहरूले प्रशंसा गर्नु, माओवादीले दरवारिया शक्तिको भण्डाफोर नगर्नु तथा दरवार हत्याकाण्डपछि "दरवारसँग अघोषित कार्यगत एकता थियो" भनी गरिएको माओवादीको अभिव्यक्ति पनि स्मरणयोग्य मान्नुपर्छ ।

०४६ को जनआन्दोलनले निरंकुश व्यवस्था ढल्यो भने "माओवादी जनयुद्ध"ले गर्दा मुलुक असोज १८ को असंवैधानिक र प्रतिगामी शाही घोषणामा पुग्यो । विगतका निर्वाचन बहिस्कार गरेर माओवादीले एउटा भुल गरेका छन् भने ०५९ कार्तिकमा निर्वाचन ध्वस्त गर्ने निर्णय गरेर अति नै गम्भीर गल्ती गरेका छन् । मुलुकलाई राजाको पञ्जामा कैद गराउनका लागि वातावरण बनाउने काममा उनीहरूका यस्ता क्रियाकलापले सहयोग नै पुर्‍याएका छन् ।

माओवादीका यस्ता हत्या, हिंसा र आतङ्कका कारण प्रतिदिन बढिरहेको बिधवा, टुहुरा र अपाङ्गहरुको पुनर्स्थापनाको समस्या गम्भीर बन्दै गएको छ । माओवादी प्रभावित ग्रामीण क्षेत्रमा बुढाबुढी, असक्त र रोगीहरूले स्याहार-संभार र उपचार नपाउने मात्र होइन कि युवायुवतीको पलायनले कतिपय स्थानमा मलामी जुटाउनसमेत गाह्रो पर्ने स्थिति देखापरेको छ ।

समाजको अग्रगति एवं प्रगतिको निम्ति जनताको न्यायपूर्ण संघर्षमो नेकपा (एमाले)ले सदा नेतृत्व प्रदान गर्दै आएको छ । वर्तमान जटिल राजनैतिक परिवेशमा राष्ट्रलाई राष्ट्रिय सहमतिको आधारमा अगाडि बढाउने कामको नेतृत्व एवं अगुवाई पनि एमालेले गर्दै आएको छ । २०४७ सालको संविधानमा कमा र फुलस्टपसमेत परिवर्तन गर्न जरूरी छैन भनेर अरू पार्टीले भनिरहँदा नेकपा (एमाले)ले ०५७ को कार्तिकमा संविधान संशोधन तथा ०५८ साउनमा राष्ट्रिय सहमतिका लागि २२ बुँदे ठोस प्रस्ताव अघि सारेको थियो ।

चौध पार्टीको संयुक्त बैठक ०५८ मंसिरमा आयोजना गरी राष्ट्रिय सहमति र समस्या समाधानको लागि पहलमात्र गरेको होइन कि ०५९ वैशाख २७ मा संयुक्त आमसभाको आयोजना गरी माओवादीलाई वार्ताको आह्वान गर्ने कामको अगुवाई पनि नेकपा (एमाले) ले नै गरेको थियो । भारतसम्म पुगेर समस्या समाधानको लागि माओवादीसँग सम्वाद गर्ने पार्टी पनि एमाले नै हो । प्रतिगमन विरोधी आन्दोलनको व्यवहारिक अगुवाई गर्ने क्रममा वार्ता र आन्दोलनलाई एक-अर्काका सहयोगी बनाएर प्रतिगमनलाई कमजोर बनाउने साथै माओवादीलाई वार्ताको माध्यमबाट राष्ट्रिय राजनीतिको मूलधारमा ल्याई राष्ट्रलाई शान्तिको मार्गबाट अघि बढाउन अथक प्रयत्न गर्ने पनि एमाले नै हो ।

माओवादी समस्या समाधानको लागि राष्ट्रिय सहमतिको आधारमा वार्ताको माध्यमबाट संविधानसभासमेतको विकल्पमा जाने र जनताको फैसलाअनुरूप त्यसलाई आत्मसात गरी अगाडि बढ्ने, समस्या समाधानका लागि संयुक्त राष्ट्रसंघको सहयोग लिने, राज्यको पुनर्संरचना गर्दै जनताका अधिकारलाई अझ सुदृढ बनाउने, समाजलाई अग्रगमनतर्फ बढाउँदै प्रतिगमनलाई परास्त गर्ने, प्रतिगमनकारीका नाइकेहरूबाट विगतमा जनताको विरूद्धमा भएका षडयन्त्रबाट शिक्षा लिँदै आगामी दिनमा पुनः यस्ता षडयन्त्र हुनसक्ने सम्भावनाबाट मुक्त हुनसक्ने स्थितिको निमार्ण गर्न राजनैतिक पार्टीहरू, सरकार एवं माओवादीलगायत सम्पूर्ण नागरिक समाज, मानवअधिकारवादी संघ-संस्था, विभिन्न वर्ग, तह र तप्काका जनसमुदायहरू एकजुट भएर शान्तिको लागि अघि बढ्नका लागि नेकपा(एमाले)ले भरमगदुर प्रयत्न गर्दै आएको छ ।

राष्ट्र र जनताको सेवा गर्न, शान्ति बहालीको लागि निस्वार्थ पहल गर्न तथा प्रतिगमनलाई परास्त गर्ने अभियानको जुनसुकै मोर्चामा रहेर जस्तोसुकै बलिदान गर्न र कुर्वानी गर्नसमेत नेकपा (एमाले) तयार छ ।

**' भानुभक्त ढकाल**

# जता गए पनि चियोचर्चो हुन्थ्यो

## ' अमृतकुमार बोहरा

**क**रिव ३६ वर्ष अघि म नेकपा (पुष्पलाल) समूहको सिन्धुपाल्चोक जिल्ला कमिटीमा थिएँ । “कहिल्यै पार्टीलाई धोखा नदिने, सधैं पार्टीको हितमा उभिने, जीवनभर जनताको सेवामा लागिरहने” संकल्पका साथ २०२२ सालमा मैले पार्टीको गौरवमयी सदस्यता प्राप्त गरेको थिएँ । शुरूमा पार्टीको 'सेल' र पछि एरिया कमिटीको जिम्मेवारी दिइएको थियो । कठोर दमनको समय थियो । गोपनीयताको धेरै ख्याल गर्नु पर्दथ्यो । मान्छेको आस्था र निष्ठाको कुरा महत्वपूर्ण हुन्थ्यो तर जोसुकैलाई एकैचोटी तानेर जिम्मेवारी दिईदैनथ्यो ।

पंचायत विरोधी कुरा लिएर हामी विभिन्न ठाउँमा पुग्थ्यौं । एकैचोटि कम्युनिष्ट पार्टीको कुरा गर्दा मान्छेहरू पचाउँदैनथे । हामी अड्कलेर र लामो भूमिका बाँधेर कुरा राख्दथ्यौं । कसैले हाम्रो कुरा रूचिपूर्वक सुन्दथ्ये, कसैले ठाडै गाली गर्थे । तैपनि दिक्दार नमानी आँटका साथ हामी आफ्ना कुरा राख्थ्यौं । गाली गरे पनि, छेउपर्ने नदिएपनि हामी निरन्तर लागिपर्थ्यौं । निरन्तर लागि पर्नु नै सफलता पाउनु हो भन्ने हाम्रो विश्वास थियो ।

पंचायती शासनकाल, निर्दलीय र निरंकुश व्यवस्थामा पार्टी काम गर्न त्यति सजिलो थिएन । लुकेर अर्थात भूमिगत शैलीमा काम गर्नुपर्दथ्यो । सरकारले थाहा पाए “राजा र व्यवस्थाविरोधी” भनेर जेल हाल्न र ठाडै गोली हान्न पनि सक्थ्यो । यातनाको त कुरै नगरौं ।

पार्टी निर्माणका शुरूका दिनहरू निकै कष्टकर, र जोखिमपूर्ण थिए । ज्यान हत्केलामा राखेर चल्नुपर्ने, भीर, पहरा, गल्ली, गोरेटो हिंड्नुपर्ने, रात, अँध्यारो केही भन्न नमिल्ने अवस्था थियो । भोक तिर्खा र निन्द्रा भन्न नमिल्ने । कुनैपनि बेला पुलिस, जासुस, सर्प, बाघ, भालु कसैको मुखमा पर्न सकिने खतरा हुन्थ्यो । साँच्चै कहाली लाग्दा थिए - यस बखतका दिनचर्याहरू । अहिले त ती धेरै कुराहरू “दन्त्यकथा” जस्तो लाग्न सक्छन् पत्याउनै गाह्रो हुने । तर कुनै दिन हामी आफैंले भोगेका 'सत्य कथाहरू' हुन् जुन दिन हामीजस्ता धेरैले गुजार्दै र भोग्दै हिंड्नुपरेको थियो । पार्टीले अहिले हासिल गरेका उपलब्धिहरू वास्तवमा त्यसवेला अनेकौं क्रान्तिकारी योद्धाहरूले गरेको परिश्रम, र त्यागकै प्रतिफल हुन् । हामी सजिलै यहाँसम्म पुगेका होइनौ ।

त्यसबेलाको कुरा सम्झी साध्य छैन । धेरै कष्टसाध्य थियो- हाम्रो यात्रा । हामी भविष्यप्रति आशावादी भएर काम गर्थ्यौं । पार्टीमा लागेबापत कुनै पुरस्कार खोजिदैनथ्यो । जनताको सेवा गर्नु आफ्नो कर्तव्य ठानिन्थ्यो । त्यसो भएको हुनाले पार्टीमा लाग्नेहरूप्रति जनसमुदायको माया, सम्मान र सहयोग पनि त्यत्तिकै अविस्मरणीय हुने गर्दथ्यो ।

म त्यसबेला सिन्धुपाल्चोकको बाह्रवीसेस्थित शारदा मा.वि.मा अध्ययन गर्थे । हामीहरू अत्यन्त जागरूक विद्यार्थी मध्यमा पर्दथ्यौं । पार्टीले हाम्रो काँधमा खासगरी दुईवटा जिम्मेवारी सुम्पिएको थियो । एकातिर विद्यार्थी मोर्चा सम्हाल्ने अर्कोतर्फ गाउँ-गाउँमा गएर पार्टी सम्पर्क बढाउने ।

शारदा माध्यमिक विद्यालय तत्कालीन “बन्दुके सामन्ती निरंकुशता” विरूद्ध संघर्ष गरेर स्थापना गरेको विद्यालय थियो । त्यसभन्दा पहिला म चौतारास्थित श्रीकृष्ण माध्यमिक विद्यालयमा अध्ययन गर्थे । प्रगतिशील विचारको शिक्षादीक्षा हामीले त्यहीँबाट पाएका थियौं ।

अधिकारको निमित्त संघर्ष गर्नैपर्छ, संघर्षबिना हामीले केही पाउन सक्दैनौं । यो कुरा हामीले राम्ररी बुझेका थियौं । विद्यालयमा हामीले आम विद्यार्थी हितको निमित्त आवाज उठाउँथ्यौं भने गाउँघरमा स्थानीय जाली-फटाहा र सामन्ती शोषणका विरूद्ध आन्दोलित हुन जनतालाई जागृत पार्ने काम गर्दथ्यौं । विद्यार्थी युनियनको तर्फबाट वरपरका विद्यालयहरूको सरसफाई गर्ने र अन्य रचनात्मक काममा पनि सहयोग गर्ने गर्दथ्यौं । जसले गर्दा हामी विद्यार्थीहरूलाई गाउँका जनसमुदायहरूले धेरै श्रद्धा र माया गर्दथे ।

ग्रामीण जनतालाई चेतनशील बनाउन हामी विभिन्न उपाय अपनाउँथ्यौं । ठाउँ-ठाउँमा हामीले प्रौढ कक्षा संचालन गर्ने, गाउँ पंचायतहरूमा पार्टीका मानिसहरूलाई उठाउने र शोषक, फटाहा एवं भ्रष्ट पंचहरूको भण्डाफोर गर्ने काम गर्दथ्यौं । गाउँमा पर्ने आपतविपतमा जनतालाई मद्दत गर्ने र स्थानीय विकास निर्माणको काममा सक्रियतापूर्वक सहभागी हुने गर्थ्यौं । त्यतिमात्र नभई जनतालाई राजनैतिक र सांस्कृतिकरूपमा सेचत पार्न जनवादी गीत र नाटकहरू मंचन गर्ने कामहरू गर्दथ्यौं ।

हामीले बाह्रवीसेमा “जन जागृति पुस्तकालय” स्थापना गरेका थियौं । त्यो अप्रत्यक्षरूपमा जनसम्पर्कको माध्यम भएको थियो । धेरै प्रगतिशील पुस्तक पत्रिका भएकोले पुस्तकालयप्रति प्रशासनको कडा बक्रदृष्टि थियो । तैपनि हामीले त्यसलाई हिम्मतकासाथ संचालन गरेका थियौं ।

२०२६ साल मेरो एस.एल.सी. परीक्षाको वर्ष थियो । तत्कालीन राजनैतिक स्थितिले मलाई परीक्षाको तयारीमा राम्ररी जुट्ने वातावरण प्रदान गरेन । विद्यार्थी भए पनि त्यसबेला मैले पार्टीको भूमिगत कार्यकर्ता भएर काम गर्नुपर्ने थियो । मलाई पार्टीले गाउँगाउँमा जनतालाई संगठित गर्ने कठिन कामको जिम्मा प्रदान गरेको थियो । हामीहरू पार्टीको जिल्ला सम्मेलन गर्ने तयारीमा जुटेका थियौं । केही समयको तयारीपछि त्यही साल गुप्तरूपमा पाँग्रेटारमा शंकर नेपालको घरमा हाम्रो सम्मेलन भयो । नेपालकी बुढी आमा लगायत परिवारका सदस्यहरू पार्टीका राम्रो सहयोगी हुनुहुन्थ्यो । म त्यही सम्मेलनद्वारा पुनः जिल्ला कमिटीमा छानिएँ ।

पार्टीको बढ्दो कामको आवश्यकताले गर्दा त्यसबेला मेरासामु परीक्षालाई प्राथमिकता दिने कि पार्टीको कामलाई दुईमध्ये एक विकल्प रोज्नुपर्ने स्थिति खडा भयो । मेरो चेतनाले पढाईभन्दा पार्टी कामलाई प्राथमिकता दिनुपर्ने ठहर गऱ्यो । म पार्टीको काममा बढी समय दिएर लाग्न थालें । मेरो परीक्षा राम्रो हुन सकेन । त्यस बखत हाम्रो परीक्षा केन्द्र दोलखास्थित भीमेश्वर मा.वि.मा थियो । तर म रातिराति पार्टीका बैठक आदिमा टाढा-टाढासम्म जाने र दिउँसो फेरि परीक्षा दिन बस्नुपर्ने अवस्था थियो । कहिलेकाहीं साथीहरूले कता हराएको ? भनेर प्रश्न सोध्थे । म चाहिँ साथीहरूकोमा पढ्न गएको भनेर छल्ने गर्थे । फलस्वरूप शारदा माध्यमिक विद्यालयको अध्ययन नै मेरो औपचारिक पढाईको अन्तिम बिसौनी बन्न पुग्यो । मैले आफ्नो औपचारिक पढाई त्यहीं रोकें र पछि पूर्णकालीन जस्तै भएर पार्टी काममा जुटें ।

औपचारिक अध्ययन गर्न नपाएकोमा मलाई अलिकति पनि पछुतो वा हीनताबोध छैन । जनताकोबीचमा काम गर्दा हासिल गरेको ज्ञान र अनुभवलाई मैले विश्वविद्यालयबाट प्राप्त ज्ञान र शिक्षाको रूपमा नै लिने गरेको छु । यस कुरामा म सचेत छु र जीवनपर्यन्त आफ्नो यही विचार, आदर्श र उद्देश्यमा निरन्तर लाग्न सकूँ भन्ने प्रयासमा छु ।

एस.एल.सी. पछि तपाई के गर्नुहुन्छ ? कमरेड पुष्पलालले एउटा भेटमा प्रश्न राख्नुभएको थियो । मैले कलेज पनि पढ्ने र पार्टी काम पनि गर्ने भन्दा के तपाईं जनतामाथि भएको यति विकराल शोषण र अत्याचारको जालोलाई तोड्न पार्टी काममा नलागी "असल जागिरे" मात्र बन्न चाहनुहुन्छ भन्ने अर्को प्रश्न गर्नुभयो । त्यसले मलाई झन् गम्भीर बनायो । मैले अध्ययनको कुरा छोडेर पूरा समय पार्टी काममा दिने संकल्प गरें । उहाँले अध्ययन त जनताकै बीचमा बसेर पनि गर्न सकिन्छ । अनुभव र ज्ञान त मार्क्सवादको अध्ययन गरेर पनि हासिल गर्न सकिन्छ उहाँ आफूले पनि एस.एल.सी. मात्र पास गरेको कुरा बताउनुभयो । उहाँका भनाइले मलाई अझैसम्म पनि प्रेरित गरिरहेको छ ।

जिल्ला कमिटीले पार्टीको स्थानीय आधार बलियो बनाउनुपर्ने योजना बनायो । हामी सक्रियता र इमान्दारिताकासाथ काममा अघि बढ्यौं । त्यसबेला नेतृत्वदायी तहका कमरेडहरूसँग खासै भेटघाट हुँदैनथ्यो । कहिलेकाहीं बागमती तहका साथीहरूसँग कुराकानी हुने भए पनि केन्द्रमा हुँदैनथ्यो । निरंकुश शासन व्यवस्था भएकाले हत्तपत्त नेतृत्वदायी कमरेडहरूसँग भेटघाट संभव थिएन । तैपनि २०२७ को जाडोयाम पारेर कमरेड पुष्पलालसँग भेटघाटको व्यवस्था मिलाइयो । त्यसबेला हामीलाई जिल्ला बाहिर जान त्यति सजिलो थिएन । प्रशासनको निगरानी कडा थियो । उपचारको निहुँ बनाएर हामी काठमाडौं आयौं ।

केही दिनको तयारीपछि ४-५ जना साथीहरूसहित हामी दरभंगा गयौं । एकजना डाक्टरको घरमा कमरेड पुष्पलालसँग भेट भयो । मैले उहाँको नाउँ पार्टीमा लागेदेखि नै सुनेको भएपनि प्रत्यक्ष भेटेको थिइनँ । त्यसबेला उहाँलाई भेट्दा म धेरै खुशी भएँ । उहाँको व्यक्तित्व अत्यन्तै आकर्षक रहेछ । उहाँसँग मुलुकको परिस्थिति र कम्युनिष्ट आन्दोलनको बारेमा धेरै लामो छलफल भयो । विशेषगरी ग्रामीण क्षेत्रका किसानहरूबीच पार्टीलाई कसरी स्थापित गर्ने र किसान आन्दोलनलाई कसरी उठाउने भन्ने सवालमा अत्यन्त गम्भीर छलफल भयो । मुलुकमा जनताको प्रजातान्त्रिक व्यवस्था ल्याउन किन सामन्ती तानाशाही व्यवस्थालाई फ्याँक्न जरूरी छ भन्ने सवालमा उहाँले धेरै महत्वपूर्ण कुरा गर्नुभयो । उहाँसँगको भेटले मेरो पार्टी कामप्रतिको उत्साह अझ बढ्यो । त्यो भेटघाट र प्रशिक्षण मेरो राजनीतिक जीवनको निम्ति एउटा महत्वपूर्ण र प्रेरणादायी आधार बन्यो । कमरेड पुष्पलालसँग केही दिनको बसाई र राजनीतिक छलफलपछि मैले पार्टीको निमित्त सम्पूर्ण समय समर्पित गर्ने निधो गरें र त्यसबेलादेखि पूर्णकालीन भएर काम गर्न थालें । त्यसबेला उहाँलाई भेट्न जयराम पराजुली-सिन्धुपाल्चोक, विष्णुदास डंगोल-काठमाडौं, लक्ष्मणसुन्दर सैंजु- काभ्रे र म दरभंगा गएका थियौं ।

२०२८ साल फागुनको कुरा हो । राजा महेन्द्रको निधन भएको थियो । एकदिन बाह्रबीसे बजारमा उद्दण्ड पंचहरूको एउटा जत्थाले ठूलो उत्पात मच्चाउन थाल्यो । त्यो जत्थाले बजारमा आएका जो कोहीलाई समात्दै "कपाल खौरन" बाध्य पाऱ्यो । त्यस जत्थाले आफूलाई खाँटी राजभक्त ठान्दथ्यो । हामीले त्यस ज्यादतीको विरोध गऱ्यौं । राजा मरेकाले शोक मनाउन जनतामाथि जोरजुलुम गरियो । व्यापारीहरूका पसल तोडिए । विरोध गर्नेलाई कुटपीट गरियो । हामीले सशक्त प्रतिवाद नगरेको भए जवर्जस्ती सबैलाई "मुडुलो" बनाउन उनीहरू सफल हुने थिए । उनीहरूको जोरजवर्जस्तीको विरोध गर्ने जति सबैलाई त्यसबेला राजा विरोधी भनेर दुःख दिन थालियो ।

एक रात ज्यादतीको विषयमा छलफल गर्न हामी केही साथीहरू बजारका व्यापारी गयाराज र प्रयागराज श्रेष्ठको घरमा भेला भएका थियौं । छलफलमा शंकर नेपाल, इन्द्रलाल श्रेष्ठ, पुण्यबहादुर राउत, ताराबहादुर लामा र म थियौं । घरका एकजना भाइले मार्क्स र लेनिनका फोटोहरू राखेका थिए । एक्कासी त्यो उदण्ड पंच जत्थाले हामीमाथि आक्रमण गऱ्यो । लामो तरवारे छुरीको आक्रमणबाट म बालबाल जोगिएँ । ममाथि प्रहार गरेको छुरीले भित्ताको काठमा ४ इन्च गहिरो रोपिन पुग्यो । त्यसको दाग पछिसम्म घरवालाले मलाई देखाउनु पनि हुन्थ्यो । पंचायती भाटहरूको यस प्रकारका गुण्डागर्दीले हामीलाई आफ्नो क्रान्तिकारी विचारमा अझ दृढतापूर्वक अघि बढ्न प्रेरित गर्ने काम गऱ्यो ।

०२६/२७ सालपछि पिस्कर लगायत धेरै ठाउँमा पार्टीको राजनैतिक आधार राम्रो बन्यो । पार्टी कमिटीहरू पनि सक्रिय थिए । हामीले गरीब किसानहरूमा आधारित भएर पार्टी बनाउन थाल्यौं । स्थानीय जालीफटाहाका विरूद्ध संघर्ष हुन थाल्यो । पिस्कर सामन्ती शोषण र थिचोमिचोबाट पिल्सिएको गाउँ थियो । पुरानो सामन्ती हैकमलाई तोड्न पार्टीले पंचायतमा उठाउनुपर्ने फैसला गऱ्यो । प्रत्यक्षरूपमा अघि बढ्न अरू मानिस अलि डराउँथे । त्यसले गर्दा चुनावमा हाम्रै परिवारबाट कसैले उठ्नुपर्ने स्थिति देखियो । पार्टीले मेरै दाजु छत्रबहादुर बोहरालाई प्रधानपञ्चमा उठाउने निधो गऱ्यो । गाउँ पंचायतमा पुस्तौंदेखि एकछत्र हैकम जमाइआएका फटाहाहरूलाई परास्त गर्दै निर्वाचन जित्ने काम भयो । गाउँफर्क लागू भएपछि उहाँलाई पंचायत धरासायी पार्न घुसपैठ गरेको आरोपमा निलम्बन र धरपकड गरियो ।

२०३० सालसम्म आइपुग्दा सिन्धुपाल्चोक जिल्लामा पार्टीको प्रभाव धेरै बढिसकको थियो । हामीले धेरै मिहेनतपूर्वक काम गरेका थियौं । गाउँ-गाउँमा पार्टीका कमिटी थिए । युवाशक्ति जनतालाई जागृत गर्ने काममा सक्रिय थियो । गाउँ-गाउँमा पंचायती सभा हुन्थ्यो । त्यहीं गएर भ्रष्ट पंचहरूका विरूद्ध हामी जोशिला-क्रान्तिकारी भाषणहरू गर्दथ्यौं । हाम्रो गतिविधि बढेको देखेर जिल्ला प्रशासनले धम्की दिने र तर्साउने प्रयास गर्दथ्यो । गाउँले फटाहाहरूलाई हामी विरूद्ध उकास्न अनेकौं षडयन्त्रहरू रचिन्थ्यो । हामी स्थानीय जनताका जीवन्त समस्यामा आधारित भएर संघर्ष संचालन गर्दथ्यौं । त्यसले गर्दा बर्षौं देखिको अत्याचारको जाँतोमा पिसिएका जनतालाई हाम्रो कामले थोरै भएपनि राहत पुगिरहेको थियो ।

पार्टीको बढ्दो गतिविधिले गर्दा केन्द्रीय प्रशासनको समेत ध्यान तानिन थालिसकको थियो । दबाब र धम्कीबाट हाम्रा गतिविधिहरू नरोकिएपछि तिनीहरूले हामीलाई हतोत्साही र निस्क्रिय पार्न भित्रभित्रै अनेकौं षडयन्त्र गर्दै थिए । हाम्रो पंक्तिमा लोभी, स्वार्थी र कमजोर मान्छे खोजेर भित्रैबाट तहसनहस पार्ने काममा पनि शासकहरू लागेका थिए । तर हामी त्यस्ता षडयन्त्रप्रति ज्यादा सतर्क हुनाले त्यति धेरै नोक्सानी पुऱ्याउनचाहिँ सकेका थिएनन् ।

सिन्धुपाल्चोक जिल्ला "बन्दुके महासामन्त" को दबाबबाट लामो समयदेखि पीडित थियो । मानिसहरू त्यसबाट छुटकारा पाउन चाहन्थे । तर पंचहरूको अर्को गुट त्यति बलियो थिएन । कोही पनि सामुन्ने विरोध गर्न सक्तैनथे । हामी भर्खर राजनैतिक शक्तिको रूपमा विकास हुँदै थियौं । एकदिन जिल्लाकै बलेफीमा ठूलो पंचसभा भयो । हामीले त्यहीं गएर पंचायती अत्याचार र बन्दुक मन्त्रीको विरूद्ध नारा-जुलुस गरेका थियौं । पंचहरूको दवदवा भएको बेला तिनिहरूकै सभामा विरोध गर्ने करा सामान्य थिएन । यस घटनाले सामन्तहरू विरूद्ध संघर्ष गर्न धेरैलाई प्रेरित गऱ्यो ।

एकपटक काठमाडौंबाट प्रगतिशील बुद्धिजीवी भन्नेहरूको एउटा समूह "महासामन्त" को विकल्पको प्रस्ताव लिएर जिल्लामा आयो । यो २०२९/०३० को कुरा हो । त्यसले पार्टीको जिल्ला कमिटीका मुख्य-मुख्य मानिसहरूसँग कुरा गऱ्यो । त्यसबेला पार्टीको जिल्ला सचिव जयराम पराजुली थिए । उनी कथित बुद्धिजीवीको जालमा फसे । परिणाम "तावाबाट उम्केको माछो भुंग्रोमा" भने जस्तो हुनगयो । सिन्धुबासी जनता एउटा बन्दुके सामन्तको ठाउँमा अर्को अत्याधुनिक धुर्त नयाँ सामन्तको फन्दामा परे । आफूलाई क्रान्तिकारी भन्ने हाम्रो पार्टीक जिल्ला नेतृत्वको त्यस गुटले आफूमात्र नभई, लामो समय लगाएर निर्माण गरेको संगठन र त्यसका बहुसंख्यक कार्यकर्तालाई पंचहरूको नयाँ गुटसामु आत्मसमर्पण गराए । हामी जस्ता अन्तरहृदयदेखि दृढ आस्था र विश्वासका साथ जनताको हितमा समर्पित हुन चाहने मानिसहरूको सामु त्यसले गम्भीर चुनौती खडा भयो । पार्टीलाई विसर्जनको दिशामा लाने कुरा मान्ने करै थिएन । एक्लो भएपनि त्यसको विरोध गर्ने काम भयो ।

लामो समयदेखि एकताबद्ध पार्टीमा मनमुटाव र गुटबन्दी भयो । तिनीहरूका पदलोलुप र अवसरवादी कुराको विरोध गर्ने हामीजस्ता इमानदार साथीहरूमाथि अत्यन्त छुद्र व्यवहार गर्न थालियो । हाम्रो खेदोपाइलो गर्ने मात्र होइन, गुण्डागर्दी गराउनेसमेतका काम भए । गुटबन्दी र फुटका कारण पार्टी संगठनहरू धेरै अस्तव्यस्त बने । आफूसँग मत मिलुन्जेल कुनै कमजोरी नदेख्ने, तर अलिकति मत बाझिनासाथ उछितो काढ्ने प्रवृत्ति उनीहरूले अपनाए । यो ज्यादै खराव करा थियो र हो । हुन त उनीहरू पंचगुटकै सहयोगी जस्तो हुनाले राजनीतिक व्यवहारको आशा गर्नु बेकार थियो । तिनीहरूले मलाई प्रत्येक पुराना सम्पर्कबाट विच्छेद गर्न खोजे । न्यून चेतना भएका साथीहरूलाई जागिर लगायतको प्रलोभन देखाएर अलग गराउने काम गरे ।

आधुनिक सामन्तको प्रवेशपछि हामीले मेहेनतपूर्वक निर्माण गरेका पार्टी संगठनहरू भताभुंग हुन पुगे । यही मौका पारेर विरोधीहरू पनि हामीमाथि नराम्ररी खनिन पुगे । केही समय मलाई सार्वजनिकरूपमा हिंडडुल गर्न समेत नसक्ने स्थिति उत्पन्न भयो । ज्यादै निराशाको परिस्थिति सृजना भयो ।

शक्तिशाली आधुनिक पंचगुटको सेवा गरे बापत नेतृत्वगुट मध्येका केहीले गाउँफर्कको जिम्मेवारी हात पार्न पुगे भने कतिले सिद्धान्तका सम्पूर्ण नकाव उतारी पहेंलो पोशाकमा सिंगारिएर आफ्नो सक्कली अनुहार प्रदर्शन गर्न थाले । आफ्नो निहीत स्वार्थ र अवसरका निम्ति उनीहरूले चालेका सम्पूर्ण कुरा तत्कालीन "परिस्थिति र पार्टी निर्णय" अनुसार नै भएका हुन् भन्नसम्म पछि परेनन् । तर ढाँटेको कुरा कति दिन टिक्नु र ? तिनीहरूका सम्पूर्ण अवसरवादी कुराहरू क्रमशः जनतासामु प्रष्ट हुँदै गएं । कम्युनिष्ट राजनीति भनेको निष्ठाको राजनीति हो । जनता र पार्टीलाई छलकपट गर्नु ठूलो अपराध थियो । तर महत्वकांक्षा र स्वार्थ जन्मेपछि मानिसले जे गर्न पनि पछि नपर्दोरहेछ । त्यसबेला मैले यही अनुभव गरें ।

०२९-३० साल मेरो निमित्त अत्यन्त प्रतिकूलताका वर्ष रहे । पार्टी सम्पर्क र संगठनहरू तहसनहस पारिए । स्थानीय गुण्डादेखि प्रशासनसमेतको आक्रमणले गर्दा हिंडडुल लगायत पार्टी काममा अप्ठ्यारो स्थिति सृजना हुन थाल्यो । यस्तो स्थितिमा अव अगाडि कसरी बढ्ने भन्नेबारे अनेकौं तर्क- वितर्क चल्न थाले । त्यसबेला माथिको सम्पर्क पनि राम्रो थिएन । काम गर्ने आधारहरू धेरै विग्रिसकेका थिए । खर्चपर्चको ठूलो समस्या पऱ्यो । त्यसले मनमा अनेकौं अन्तरद्वन्द्वहरू पैदा हुनु स्वभाविक थियो । एकातिर विरोधीहरूको चर्को प्रहार र अर्कोतिर कथित गुटको विरोध । मैले आफूलाई कदापि राजनीतिक गतिविधिबाट निस्क्रिय राख्न चाहिनँ । पार्टी सदस्यता प्राप्त गर्दाको संकल्पलाई स्मरण गर्न पुगें । कमरेड पुष्लालसँग भेट हुँदा ०१७ सालपछि निर्वासित भएर पार्टी काम गर्दा उहाँले भोगेका कष्टकर अनुभवहरूको सम्झनाले मलाई अघि बढ्न निक्कै प्रेरित गऱ्यो । हामी त्यसबेला माओत्सेतुङ र लेनिनका रचनाहरू ध्यानपूर्वक पढ्ने गर्दथ्यौं । कम्युनिष्टले जस्तोसुकै प्रतिकूलतालाई पनि चिर्न हिम्मत गर्नुपर्छ भन्ने उहाँहरूका उक्तिलाई मनन् गर्दै इमान्दार साथीहरूको खोजीमा जुट्न थालियो । अनि संगठनहरूको गठन र पुनर्गठन गरेर सम्पर्क सम्बन्धहरूलाई व्यवस्थित गर्दै कतिपय व्यक्तिको पलायन, षडयन्त्र र निराशालाई चिर्दै हामी अघि बढ्यौं ।

स्थानीय तहमा केही अवसरवादीहरूले धोखा दिएपनि कम्युनिष्ट सिद्धान्तप्रतिको मेरो विश्वास वास्तवमा दृढ थियो । त्यसबेला हामीले दोलखा, काभ्रे आदि ठाउँका इमान्दार साथीहरूसँग मिलेर आन्दोलनको दियोलाई आ-आफ्नो ठाउँमा प्रज्ज्वलित राख्ने प्रयास गरेका थियौं । त्यसबेला दोलखाका घनिष्ट साथीहरूसँग मिलेर हामीले पार्टी प्रचारको निमित्त "वर्ग चेतना" नामको भूमिगत पत्रिका प्रकाशित गरेको थियौं । त्यसलाई लिथोद्वारा निकालिएको थियो । पंचायती कालो शासनमा पत्रपत्रिका छपाउने कुरामा धेरै कठिनाई हुन्थ्यो । छापेपछि त्यसलाई वितरण गर्ने कुरा अझ गाह्रो हुने गर्दथ्यो । तैपनि हामीहरू प्रतिक्रियावादीहरूका बन्धनलाई तोडेर गुप्तरूपमा बागमतीका विभिन्न ठाउँमा पुऱ्याउने गर्दथ्यौं । त्यस पत्रिकाले कम्तिमा पनि "अब केही हुँदैन" भनेर निदाएका साथीहरूलाई ब्यूँझाउन केही मद्दत पुगेको थियो ।

क्रमशः

# संगठनात्मक कामका समस्या र समाधान

' ज्ञानबहादुर भुजेल

**संगठनात्मक कामको अपरिहार्यता**

क्रान्तिका सिद्धान्त, कार्यक्रम र नीतिको सफल कार्यान्वयन निम्ति संगठनात्मक काम अनिवार्य हुन्छ । क्रान्तिको सिद्धान्त र कार्यक्रमप्रति प्रतिबद्ध, सुस्पष्ट वैचारिक दृष्टिकोण तथा संगठनात्मक काममा कुशल, विधि र संरचनामा आबद्ध, संगठित मानव शक्तिको निर्माण र परिचालन नै पार्टीको संगठनात्मक काम हो । संगठनात्मक कामविना कुनै पनि राजनीतिक पार्टीले न त घोषित लक्ष्य प्राप्त गर्नसक्छ न त राजनैतिक प्रतिस्पर्धामा अग्रता र श्रेष्ठता नै कायम गर्नसक्छ । यस अर्थमा संगठनात्मक काम कम्युनिष्ट आन्दोलनको मुटु हो । त्यसमा पनि आमूल परिवर्तनको सिद्धान्त र कार्यक्रम बोकेको नेकपा (एमाले) जस्तो विशाल पार्टीका लागि संगठनात्मक काम अपरिहार्य छ ।

**संगठनात्मक काममा उत्पन्न व्यवधान र समस्याहरू**

यतिखेर पार्टीका संगठनात्मक गतिविधिहरू बाह्य व्यवधान र आन्तरिक कारण दुवै क्षेत्रबाट प्रभावित भएका छन् । नेकपा (माओवादी) को राष्ट्रव्यापी हिंसात्मक आक्रमण एमालेको सुदृढ संगठनात्मक संजाल, विशाल जनाधार र व्यापक प्रभावविरूद्ध लक्षित रहँदै आएको छ । उसका आक्रमणबाट पार्टीका थुप्रै नेता तथा कार्यकर्ताहरू मारिएका छन्, घाइते बनाइएका छन् । मृत्युदण्डको घोषणा, अपहरण, सम्पत्ति कब्जा, पार्टी गतिविधिमा रोक एवं गाउँ तथा जिल्ला निष्कासन जस्ता माओवादीका विवेकहीन एवं अराजनीतिक गतिविधिबाट कार्यकर्ताहरूको ठूलो संख्या विस्थापित भएको छ । कतिपय अञ्चल र जिल्लाहरूमा पार्टी तथा जनसंगठनका संगठनात्मक गतिविधिहरू अवरूद्ध भएका छन् । वर्तमान सरकारमा पार्टीको संलग्नतापछि यस्ता गतिविधिहरूमा अझ तिव्रता आएको छ । यता सुरक्षा निकायद्वारा, माओवादीको फर्जी आरोपमा घर खानतलासी लिने, गिरफ्तार गर्ने, बेपत्ता पार्ने, जेलमा यातना दिने जस्ता कामहरूबाट पनि पार्टीका संगठनात्मक गतिविधिहरू प्रभावित भएका छन् ।

अर्कोतिर, केही समयदेखि अध्ययन र विचारधारात्मक काममा आएको ह्रासबाट पार्टीको भविष्यप्रति सन्देह, प्रतिबद्धतामा ह्रास र जिम्मेवारीप्रति उदासिनतामा बृद्धि भएको छ । माओवादीको बढ्दो आक्रमण, सुरक्षाको अभाव र पार्टीले केही गर्न नसकेको निष्कर्षबाट पार्टी कार्यकताहरूमा पार्टी कामबाट पन्छिने, निस्क्रिय हुने, पार्टीसँग सम्पर्क नगर्ने, सम्पर्कबाट टाढा रहने वा पलायन हुने प्रवृत्ति बढ्दै गएको छ ।

यसैगरी, कार्यशैलीमा रहेको योजनाविहीनता, निस्क्रियता, हेलचक्र्याईं, ढिलासुस्ती, निराशा, हीनताबोध, हतोत्साह, तत्परताको कमी, आत्मकेन्द्रित चिन्तन, सृजनात्मकता एवं स्वतन्त्र पहलकदमीको अभाव तथा पराजित मानसिकताबाट कमिटीहरूका बैठक, अधिवेशन, भेला र प्रशिक्षणहरू जस्ता संगठनात्मक काममा निस्क्रियता छाएको छ भने नेताहरूबीचको असमझदारी, विवादयुक्त सार्वजनिक अभिव्यक्ति, बैठकमा भएका बहस-विवादको चुहावट तथा आपसी आरोप-प्रत्यारोप आदिले पनि संगठनात्मक काममा समस्या थपिने गरेको छ ।

**समाधानका उपायहरू**

वर्तमान प्रतिकूल परिस्थितिमा पार्टीका संगठनात्मक कामहरू निर्विघ्नतापूर्वक सम्पन्न गर्न कठिन भए पनि असम्भव चाँहिँ होइन । कार्यशैलीमा परिवर्तन गरेर भएपनि संगठनात्मक कामलाई अनुकूल बनाउने कोसिस गर्नुपर्छ । यदि प्रतिकूलताको बहानामा संगठनात्मक कामलाई तिलाञ्जली दिने हो वा अनुकूलताको पर्खाईमा विश्राम लिने हो भने पार्टीको संगठनात्मक जीवन निस्क्रिय बन्न पुग्छ र नेकपा (एमाले) जनाधारविनाको पार्टी बन्न पुग्छ । त्यसैले परिस्थिति अनुरूप कार्यशैलीमा सुधार गर्दै संगठन निर्माण र संचालनको कामलाई क्रियाशील बनाउन निम्न कुरामा ध्यान दिनुपर्छ ।

**१. राष्ट्रिय समस्याको समाधान**

जबसम्म मुलुकमा शान्ति बहाली हुँदैन तवसम्म कुनै पनि राजनीतिक पार्टीका गतिविधिहरू निर्वाधरूपमा संचालन हुन सक्दैनन् । शान्ति बहालीका लागि विद्यमान माओवादी समस्या समाधान हुनु जरूरी छ । यस काममा नेकपा (एमाले) लगायत मुलुकका सवै राजनीतिक शक्तिहरूले पहल गर्नपर्छ । यसका लागि नेकपा (एमाले) ले मुलुकव्यापी जनदबाब सृजना गर्नुपर्छ । अनिमात्र युद्धविराम र शान्तिवार्ताको वातावरण निर्माण हुन्छ ।

**२. विचारधारात्मक काम**

संगठनात्मक क्रियाशीलताको लागि विचारधारात्मक काम यतिखेरको महत्वपूर्ण र अनिवार्य काम हो । सैद्धान्तिक मार्गदर्शन, वैचारिक स्पष्टता तथा संगठनात्मक ज्ञान र अनुभवविना समयको चुनौतीलाई सामना गर्न सम्भव छैन । संख्यात्मक रूपले पार्टी संगठनहरू जतिसुकै ठूला र धेरै भए पनि विचारधारात्मक रूपले सज्जित नभएसम्म क्रियाशील हुन सक्दैनन् । त्यसैले, केन्द्रीय स्कूल विभागको पाठ्यक्रम र आफ्नै आवाधिक कार्ययोजनामा आधारित भएर कमिटीहरूले सैद्धान्तिक, वैचारिक एवं विषयगत प्रशिक्षणलाई नियमित बनाउनुपर्छ । स्वअध्ययनलाई प्रोत्साहित गर्नुपर्छ । सामूहिक अध्ययनलाई संचालन गर्नुपर्छ ।

केन्द्रबाट पनि मुलुकको बदलिंदो राजनीतिक परिस्थितिको विश्लेषण, निष्कर्ष एवं निर्णयका बारेमा आधारभूत तहसम्म पुग्ने गरी प्रशिक्षण अभियान संचालन गर्नुपर्छ ।

**३. संगठनात्मक काम**

क) योग्यता र मापदण्ड पुगेका व्यक्तिलाई सदस्यता प्रदान गर्ने, साधारण सदस्यता बृद्धि गर्ने, हरेक संगठित सदस्यलाई पार्टी कमिटीमा संगठित गरेर योग्यता-क्षमता अनुसारको जिम्मेवारी दिने । उनीहरूलाई पार्टीको संगठनात्मक जीवन र कामको निरन्तरको प्रक्रियाद्वारा असल कार्यकर्ता र योग्य नेताको रूपमा विकास गर्न ध्यान दिनुपर्छ । यता केही समयदेखि, पार्टी सदस्यहरूमा कमिटीमा संगठित हुन चाहने तर तोकिएको कार्यक्षेत्रमा नजाने, परिभाषित जिम्मेवारी पूरा नगर्ने तर अरूको जिम्मेवारीमा हस्तक्षेप गर्ने, बैठकमा नियमित उपस्थित नहुने, उपस्थित भइहालेपनि पद बचाउका लागि कहिलेकाहीँ मात्र उपस्थित हुने र बैठक नसकिँदै छाडेर हिंड्ने प्रवृत्ति हुर्किरहेको छ । अवसरका लागि मात्र पार्टी सदस्यता प्राप्त गर्ने, कमिटीमा संगठित भएर योग्यता क्षमताअनुसारको जिम्मेवारी लिन नचाहने, पार्टी अनुशासनको पालना, आचरण र व्यवहारमा सुधार नल्याउने तथा पार्टीले आयोजना गरेका कार्यक्रम र आन्दोलनमा सहभागी नहुने प्रवृत्तिहरू पनि देखिएको छ । कमिटीहरूमा पनि, योग्यता र मापदण्ड नपुगेका व्यक्तिलाई संगठित सदस्यता दिने, परिपक्वताविना महत्वपूर्ण जिम्मेवारीमा पुऱ्याउने, अवसरका लागि पार्टी प्रवेश गर्नेलाई विना रूपान्तरण महत्वपूर्ण पदभार सुम्पने तथा योग्य र सक्षम व्यक्तिलाई कमिटी र जिम्मेवारीविहीन अवस्थामा राख्ने प्रवृत्ति देखिएको छ । जसलाई हटाउन जरूरी छ ।

ख) सदस्यता नवीकरण पार्टीको नियमित एवं अनिवार्य काम हो । पार्टीले हरेक वर्ष फागुन महिनामा नवीकरण गराउने व्यवस्था गरेको छ । यस काममा पार्टी सदस्य आफैं सचेत र अग्रसर हुनुपर्छ भने पार्टी कमिटीले पनि योजनाबद्ध पहल गर्नुपर्छ । यसपटक सदस्यता नवीकरणको प्रतिशतमा ह्रास आएको छ । सदस्यता नवीकरण प्रतिकूल ठाउँहरूमा हुने, अनुकूल ठाउँहरूमा नहुने तथा समान परिस्थिति भएका ठाउँहरूमा कतै हुने, कतै नहुने, स्थिति देखिएको छ । यो सदस्यता नवीकरणप्रति पार्टी कमिटी र सदस्यहरूमा देखिएको गम्भीर उदासिनता हो । यसले पार्टी जीवनका यावत पक्षहरूमा प्रभाव पारेको हुन्छ ।

ग) कमिटीहरू बनाउँदा साना र छरिता बनाउनुपर्छ । संचालन गर्न गाह्रो र बैठक बस्न अफ्ठ्यारो हुने ठूला र भद्दा कमिटी बनाउनुहुदैन । गाविस र यसका वडाहरूमा, नगरका वडा र टोलहरूमा, विद्यालय, क्याम्पस, उद्योग तथा कलकारखाना र बागवानी फार्म आदिमा पार्टी कमिटी निर्माण गर्न जोड दिनुपर्छ । पूर्वाधार नभएका ठाउँहरूमा सक्रिय दल र साधारण सभा गठन गर्नुपर्छ । अञ्चल र जिल्लामा सिमित जनसंगठनहरूलाई गाविसका वडा तहसम्म विस्तार गर्नु पर्छ र उनीहरूलाई फ्याक्सन मार्फत् संचालन गर्नुपर्छ ।

घ) कमिटी निर्माण गरेर मात्र पुग्दैन । कमिटीका बैठकलाई नियमित पनि बनाउनुपर्छ । बैठक नियमित र समयमा नहुँदा संगठनात्मक जीवनमा विविध खालका समस्या उत्पन्न हुन सक्छन् । त्यसैले कमिटी बनाउने तर महिनौंसम्म बैठक नबोलाउने, बैठक गरेपनि नियमित नगर्ने वा आवश्यकता परेको बेलामा मात्र गर्ने, बैठकको सूचना समयमा नदिने, दिए पनि ढिलो दिने वा अपर्झट बैठक बोलाउने, गणपूरक संख्याको अभावमा बैठक स्थगित हुने समस्यालाई हटाउन जरूरी छ । तयारीसाथ बैठक बोलाउने, समयमा शुरू गर्ने, बैठकलाई व्यवस्थित र अनुशासित ढंगले संचालन गर्ने कामलाई प्रभावकारी बनाउनुपर्छ । ढिलो शुरू गर्ने र हतार-हतारमा सिध्याउने कमजोरीलाई हटाउनुपर्छ । विगतमा भएका निर्णय कार्यान्वयन भए-नभएको समीक्षा गर्ने, कामको योजना बनाउने, माथिल्लो कमिटीका निर्णय र निर्देशनहरू अध्ययन गर्ने, निर्णयहरू समयमै मातहतका कमिटीमा पुऱ्याउने र निर्णयलाई तदारूकताकासाथ कार्यान्वयन गर्ने कुरामा ध्यान पुऱ्याउन जरूरी छ ।

त्यसैगरी, पार्टी कमिटीहरूका अधिवेशनहरू पनि नियमित एवं निर्धारित समयमा सम्पन्न गर्नुपर्छ । अधिवेशन नेतृत्व चयनको महत्वपूर्ण थलो हो । अधिवेशनको सफलता भनेको असल र सक्षम नेतृत्वको चयन पनि हो । समयमा असल नेतृत्व चयन हुन नसक्दा नेतृत्वमा विकृतिहरू हुर्किने मौका पाउँछ र विकृत नेतृत्वबाट पार्टी संगठनलाई दिशाहिन र कमजोर बनाउँछ । त्यसैले नियमित एवं निधारित समयमा तयारीका साथ अधिवेशनहरू सम्पन्न गर्नु पर्छ । अधिवेशन विना कमिटी संचालन गर्ने स्थितिलाई अन्त्य गर्नु पर्छ ।

ङ) योजना र लक्ष्य विहिन तरिकाले चल्दा पार्टी संगठनहरूले अपेक्षित सफलता प्राप्त गर्न सक्दैनन् । आफ्नो कार्यक्षेत्रका संगठनात्मक जिम्मेवारीलाई समयभित्र प्रभावकारी किसिमले सम्पन्न गर्न आवधिक कार्ययोजना जरूरी हुन्छ । आफैं कार्ययोजना नबनाउने, केन्द्रीय अभियानको मात्र भर पर्ने प्रवृत्तीलाई हटाउन जरूरी छ । कार्यक्षेत्रमा गरिने सम्पूर्ण कामको सूची कार्ययोजनामा समावेश गर्नुपर्छ । कुन-कुन कामलाई कुन-कुन अवधिमा पूरा गर्ने हो आवधिक लक्ष्य किटान गर्नुपर्छ र कार्ययोजनाका आधारमा संगठनात्मक शक्तिलाई परिचालित गरेर निर्धारित समयमा काम सम्पन्न गर्नुपर्छ ।

च) अनुगमनविना पार्टी संगठन र सदस्यहरूमा रहेका कमीकमजोरी र काममा रहेका समस्याहरूलाई चिन्न र बुझ्न सकिन्न । जुन लक्ष्य, योजना र निणर्यका साथ कामको थालनी गरिएको हो त्यस कार्ययोजना अनुरूप कमिटीहरू क्रियाशील, परिभाषित जिम्मेवारीअनुरूप कार्यकर्ताहरू परिचालित तथा निर्णयहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन हुनुपर्छ । अनुगमनका क्रममा देखिएका कमीकमजोरी, ढिलासुस्ती र समस्याहरूलाई हटाउन कमिटी र सदस्यलाई सहयोग पनि पुऱ्याउनुपर्छ ।

छ) मूल्यांकनविना योग्य र अयोग्य तथा काम गर्ने र नगर्नेका बीचमा स्पष्ट रेखाङ्कन गर्न सकिंदैन । नियमित र निष्पक्ष मूल्यांकन नहुँदा काम गर्ने कार्यकर्ताहरूमा निराशा छाउँछ भने अयोग्य, असक्षमले कामै नगरी सम्मान पाइरहने सम्भावना रहन्छ । त्यसैले कार्ययोजनाका आधारमा कमिटीको र परिभाषित जिम्मेवारीका आधारमा पार्टी सदस्यको मूल्यांकन गर्नुपर्छ ।

ज)  पार्टी कमिटीहरूले आफूले गरेका कामको आवधिक प्रतिवेदन आफूभन्दा माथिल्लो कमिटीमा र सदस्यले आफू संगठित रहेको कमिटीमा बुझाउनुपर्छ । वर्षको अन्तमा वर्षभरि गरिएका सम्पूर्ण कामको वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ । प्रतिवेदनमा पार्टी तथा जनसंगठनको स्थिति, गतिविधि र संगठनात्मक विवरण, सदस्यता प्रदान र नवीकरणको तथ्यांक पनि समावेश गर्नुपर्छ ।

**४. आर्थिक काम**

यतिखेर पार्टी गम्भीर आर्थिक संकटबाट गुज्रिरहेको छ । आर्थिक अभावका कारण पनि पार्टीका संगठनात्मक गतिविधिहरू प्रभावित भएका छन् । न्यूनतम खर्चको अभावमा कार्यकर्ता परिचालन, भेला प्रशिक्षणको आयोजना, कार्यालय संचालन, अन्य आपतकालिन तथा अत्यावश्यक काम गर्न सकिएको छैन । आर्थिक समस्याबाट केन्द्रमात्र होइन अञ्चल र जिल्ला कमिटीहरू पनि प्रभावित छन् । पार्टीको आर्थिक श्रोत नै सदस्यता शुल्क र लेवी हो । यतिखेर यही स्रोत नै समस्याग्रस्त बनेको छ । यस्तो अवस्थामा पार्टी र जनसंगठनका हरेक तहका कमिटीहरूले आफ्नै खुट्टामा उभिनसक्ने आर्थिक विकल्पको खोजी गर्नुपर्छ । नवीनतम आयश्रोतको पहिचान गर्नुपर्छ र योजनाबद्ध ढंगले श्रोत परिचालन गर्दै पार्टी कमिटीहरूलाई आर्थिकरूपले सक्षम बनाउन ध्यान दिनुपर्छ ।

**५. कार्यशैलीमा सुधार**

नेकपा (माओवादी) र सुरक्षा निकायका गतिविधिबाट पार्टीका संगठनात्मक गतिविधिहरू अवरूद्ध भएको छ । पार्टीका नेता तथा कार्यकर्ताहरू जनताबाट टाढिने र पार्टी कामबाट अलग्गिने अवस्था सृजना भएको छ । यदि यो स्थितिमा परिवर्तन नल्याउने हो भने पार्टीको संगठनात्मक संजाल, व्यापक जनाधार र प्रभाव साँघुरिदै जान सक्छ । तर परम्परागत कार्यशैलीबाट वर्तमान जटिलतालाई चिर्न सम्भव छैन । त्यसका लागि काम गर्ने शैली र तरिकामा परिवर्तन ल्याउन जरूरी छ । हिंड्डुल गर्दा वा सुरक्षा निकायसँग प्रस्तुत हुँदा पार्टी परिचयसहित प्रस्तुत हुनुपर्छ,, भेला बैठक सकेसम्म सुरक्षित स्थानमा सुरक्षा निकायलाई सुचना दिएर गर्नुपर्छ । असुरक्षित कार्यकर्ताहरूलाई सुरक्षित स्थानमा जिम्मेवारी दिनुपर्छ । उनिहरूको सुरक्षाप्रति सचेत र सजग रहनुपर्छ ।  प्रतिकूल ठाउँहरूमा पार्टी सम्पर्कलाई जीवित र नियमित बनाउने कोसिस गर्नुपर्छ भने अनुकूल ठाउँहरूमा पार्टी तथा जनसंगठनका कामलाई नियमित बनाउन जोड दिनुपर्छ ।

◆

# भक्तपुरको कम्युनिष्ट आन्दोलन

**' राजेन्द्र राजथला**

**भ**क्तपुर आर्थिक, सामाजिक रूपले शोषित र पीडितमात्र नभई अत्यन्त जर्जर असमानतामा जेलिंदै आएको समाज थियो । जयस्थिति मल्लले पेशाको आधारमा गरेको असमान जातीय वर्ण विभाजनबाट शोषित र उत्पीडित सामन्ती समाजमा १०४ वर्षको राणा शासनकालमा राजनैतिक चेतना र शिक्षा शून्यप्रायः थियो । राणा शासनको अन्त्य र प्रजातान्त्रिक शासन प्रणाली स्थापनाको राजनैतिक उद्देश्यले १९९३ सालमा नेपाल प्रजापरिषद् नामको राजनैतिक दल खडा भएपछि देशमा विविध राजनैतिक घटनाक्रम अघि बढ्न थाले । १९९७ सालको घटना र भक्तपुरमा छरिएको राजनैतिक पर्चाले राणा शासनविरूद्ध केही शिक्षित युवाहरू राजनैतिक गतिविधिमा लाग्न थाले ।

२००० सालमा भक्तपुरका जगतसुन्दर मल्लको सक्रियतामा राणा शासनको विरोधमा राजनैतिक क्रियाकलाप अघि बढ्न थाल्यो । २००३ सालमा श्री ३ पद्मशमशेरबाट राज्य शासनमा सुधारको आवश्यकताबोध गरी स्थानीय नगरपालिका गठन गरियो । भक्तपुर नगरपालिकालाई सात वडामा विभाजित गरेर जनप्रतिनिधिको चुनावको घोषणा गरियो । त्यस चुनावमा चुनिएका सदस्यहरू रत्नसुन्दर सोयजु, आशालाल श्रेष्ठ, विज्ञानबहादुर मल्ल, दिलबहादुर मुल, गोविन्दहरि जंगम, हर्षबहादुर प्रजापती हुन् । त्यसबाट नागरिक अधिकारको जागरण केही बृद्धि भएको देखिन्छ ।

अंग्रेजको औपनिवेशिक चंगुलबाट भारत मुक्त भएको दिन २००४ साल साउन १ गते भारतीय नेता महात्मा गान्धी, सुभाषचन्द्र र जवाहरलाल नेहरूसमेतको फोटो लिएका विशाल जुलुसले भक्तपुर नगर परिक्रमा गर्दा व्यापक दमन र हस्तक्षेप भएको थियो । सयौं घाइते भक्तपुरका दर्जनौं अग्रज नेताहरू गिरफ्तारीमा परे ।

देशभरिको राजनैतिक आन्दोलनले भक्तपुर जिल्लामा राजनैतिक चेतना विकसित हुँदै गयो । २००५ साल र २००६ सालको सत्याग्रह आन्दोलनमा भक्तपुरका धेरै युवाहरूले भाग लिए । त्यस आन्दोलनले महिलाहरूको समेत सहभागिता निम्त्यायो ।

भक्तपुरमा कम्युनिष्ट विचारबाट प्रभावित भएर २००४ सालमा मार्क्सवादी राजनैतिक अध्ययन गर्ने उद्देश्यले विश्व भातृसंघ नामक संस्था स्थापना भएको थियो । कम्युनिष्ट पार्टीका संस्थापक सदस्य नारायणविलास जोशीको समेत त्यसमा सहभागिता थियो । नारायणविलास जोशी र श्रीबहादुर प्रजापतीसमेत भई भक्तपुरमा कम्युनिष्ट विचारको प्रचार प्रसार गरियो । छोटो समयमा धेरै युवकहरूलाई संगठित गराई सामन्तवाद र साम्राज्यवादको विरोधमा किसानहरूमा वर्गीय चेतना बढाउने, सशस्त्र क्रान्तिको लागि हतियार जम्मा गर्न अवैध तरिकाले धन जम्मा गर्ने समेतका कारबाही संचालन गर्न थालियो । भक्तपुरमा सामन्तवादको विरोधमा सर्वहारावादी राजनैतिक विचारको प्रचार-प्रसार मार्क्सवादी राजनैतिक दृष्टिकोणले भएको यो प्रथम प्रयास मान्नुपर्छ ।

संसारमा कम्युनिष्ट आन्दोलनको लहर चलिरहेको थियो । सोभियत संघ, चीन तथा विश्वका विभिन्न भागमा स्थापित समाजवादी व्यवस्था र भारतमा चलिरहेको कम्युनिष्ट आन्दोलनको लहरले नेपाल पनि अछुतो रहन सकेन । नेपालमा नयाँ जनवादी व्यवस्थाको लागि २००६ सालमा कम्युनिष्ट पार्टीको स्थापना भयो । पार्टी स्थापनापछि भक्तपुरमा पनि कम्युनिष्ट पार्टीको गतिविधि बढ्नु स्वभाविक थियो । २००८ साल वैशाखमा संस्थापक सदस्य नारायणविलासको सक्रियताका क. पुष्पलाल श्रेष्ठको उपस्थितिमा नेपाल कम्युनिष्ट पार्टीको भक्तपुर जिल्ला पार्टी गठन भयो । पार्टीको जिल्ला कमिटीको सचिवमा गणेशप्रसाद मानन्धर र सदस्यहरूमा लखनदास वनेपाली, शिवप्रसाद हाडा, हरिनारायण राजोपाध्याय, श्रीबहादुर प्रजापतीसमेत हुनुहुन्थ्यो । पार्टी सिद्धान्तको प्रचार, संगठनको विस्तार र वर्गीय संगठनहरूको गठन साथै समसामयिक विषयहरूमा क्रमशः आन्दोलनको क्रम जारी भयो ।

त्यतिबेला सामन्तवाद (स्थानीय जाली-फटाहाहरू), अमेरिकी तथा अंग्रेज साम्राज्यवाद र भारतीय विस्तारवादको विरूद्ध पार्टी र संगठन केन्द्रित रहेको पाइन्थ्यो । पार्टीको कामलाई व्यापक गर्न सामन्ती शोषणविरूद्ध आन्दोलन संचालन गर्न विशेषगरी किसानहरूलाई संगठित गर्न जरूरी थियो । किसानहरूको हक-अधिकारको निम्ति र कम्युनिष्ट आन्दोलनलाई उचाईमा पुऱ्याउन किसान आन्दोलन जरूरी थियो । पार्टीको स्थापनापछि २००८ साल वैशाख ११ गते  तुल्सीलाल अमात्यको नेतृत्वमा पार्टीको भातृ संगठन अखिल नेपाल किसान संघको गठन भयो । किसान आन्दोलन अघि बढ्न थाल्यो । भक्तपुरमा तत्पश्चात् अखिल नेपाल किसान संघको पनि जिल्ला शाखा गठन भयो । अखिल नेपाल किसान संघको स्थापनापछि भक्तपुरमा ठूलठूला किसान संघर्षहरू भए ।

किसानहरूको संगठन भक्तपुर जिल्लाका गाउँ- गाउँमा फैलियो । विशेषगरी सिरूटार, दधिकोट, गुन्डू, बालकोट, सुडाल र भक्तपुर नगरभित्र किसान आन्दोलनको प्रभाव रह्यो । किसान आन्दोलनमा सक्रिय देखिनेहरूमा भक्तपुर नगरमा गणेशप्रसाद मानन्धर, श्रीबहादुर प्रजापती, गणेशभक्त वाटी थिए भने गाउँमा पद्मबहादुर बुढाथोकी, राम राजथला, लीलाबहादुर थापा, कृष्णबहादुर राउत र विष्णुबहादुर खड्का थिए । २०१० सालमा किसान संघ दुई टुक्रा भयो । अखिल नेपाल शुद्धिकरण किसान संघको नाममा गाउँमा स्थापना भयो । २०१५ सालको संसदीय निर्वाचनमा समाजवादी किसान पार्टीको नाममा चुनावमा भाग लियो र त्यसको अस्तित्व समाप्त भयो ।

पार्टी सदस्य बटुकलाल जोशीको सक्रियतामा तत्काल विष्णुप्रसाद नेपाली, स्व. चक्रनन्द जोशी, सूर्यलाल कर्माचार्य, पृथुचरण वैद्य, नारायणमान विजुक्छे (रोहित), सर्वज्ञभक्त मल्ल, जगनाथ प्रधानाङ्गसमेतको सक्रियतामा जिल्लाभरिका स्कूल पाठशालाका विद्यार्थीहरूले आ-आफ्ना विद्यार्थी र विद्यालयका समस्यालाई सुल्झाउन अनेक मागहरू राखी संघर्ष गरेका थिए । उनीहरू अखिल नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेशनसँग आबद्ध थिए । मजदुर, महिलाका अन्य संगठन खोल्ने काम भएपनि सक्रिय देखिएनन् । समाजमा सबैबाट हेपिएका, थिचिएका दलित, पीडित, अछूत जातिहरूमा समानता, भातृत्वको भावना फिंजाउन, संगठित गर्न २००८ सालदेखि २०१६ सालसम्म विभिन्न प्रयासहरू भए । रामप्रसाद व्याँजुको सक्रियतामा द्योला, पोडे, स्नेहीहरूको व्यापक संगठन बनेको थियो ।

२००८ सालमा नेपाल कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लागेकोले जिल्ला पार्टीले भूमिगत रूपमा नै कार्य गर्नुपरेको थियो । २०१० सालमा नेकपाको प्रथम महाअधिवेशनमा भक्तपुरको तर्फबाट लखनदास वनेपाली र सूर्यप्रताप राणाले प्रतिनिधित्व गर्नुभएको थियो । २०१२ सालमा जिल्लाको तत्कालको समस्या खानेपानी, खाद्यान्नको उपलब्धता र महंगी, बजार भाउ नियन्त्रण, काठमाडौं-भक्तपुर सडक, पुल आदिको साथै किसानका थप माग राख्दै पर्चाबाजी, कोणसभा भएको थियो । कोणसभाबाट  विष्णुप्रसाद नेपाली, ताराबहादुर खत्री, गणेशबहादुर खत्री, गणेशप्रसाद मानन्धर, आनन्ददेव भट्टसमेत गिरफ्‌तार भएका थिए । २०१४ सालको दोस्रो महाधिवेशनमा गणेशप्रसाद मानन्धर, लखनदास वनेपालीले भाग लिनुभएको थियो । २०१५ सालमा सम्पन्न संसदीय आमनिर्वाचनमा नेकपाको तर्फबाट भक्तपुरमा गणेशप्रसाद मानन्धरलाई उम्मेदवार चयन गरिएको थियो । ०१५ सालको निर्वाचनपछि पार्टी गतिविधिमा निस्क्रियता बढ्यो । २०१८ सालको नेकपाको विस्तारित बैठकपछि भक्तपुरमा पार्टी गतिविधि शून्य रह्यो ।

निर्दलीय पञ्चायती तानाशाही व्यवस्थाविरूद्ध राजनैतिक शक्तिहरूको संयुक्त आन्दोलनको आवश्यकता तथा पञ्चायत बहिष्कारको नीति पार्टीले लिइरहेको अवस्थामा २०१९ सालमा स्थानीय पञ्चायतको निर्वाचनमा कम्युनिष्ट नेता शम्भुराम श्रेष्ठ र सिद्धिलाल सिंहसमेतको एउटा भेलामा पार्टी शुभेच्छुकहरूको चुनावमा भाग लिने सल्लाहमा भक्तपुर नगर पञ्चायतमा श्रीबहादुर प्रजापती, विष्णुप्रसाद नेपाली, नारायणमान विजुक्छेले भाग लिए । भक्तपुर नगरपंचायतको प्रधानपञ्चमा विष्णुप्रसाद नेपाली निर्वाचित भएका थिए । २०१९ सालको तेस्रो महाधिवेशनपछि पार्टीमा आएको विभाजनले भक्तपुर जिल्लामा पनि विभाजित पार्टीको रूपमा स-साना टुक्रा देखापरे ।

भक्तपुरमा वामपन्थी दलहरूस-साना समूहमा क्रियाशील रहेतापनि आन्दोलनलाई उठाउन सकेका थिएनन् ।

२०३५ सालमा नेकपा (माले) गठन भएपछि संगठन विस्तारको क्रममा भक्तपुरमा केही विद्यार्थी र केही पुराना कम्युनिष्ट कार्यकर्ताहरूलाई समेटेर विभिन्न जनसंगठनहरू निर्माण गर्दै अगाडि बढ्ने क्रम जारी रह्यो । तत्कालीन मालेकालमा पार्टीको कामलाई व्यवस्थित गर्न केन्द्रबाट खटाइएका कमरेडहरूले भक्तपुरमा सेल्टरको विकास गरी संगठन निर्माणलाई तीब्रता दिने काम भएको थियो । तथापी, २०४६ सालसम्म पार्टीको संगठन सीमित गाविस र नगरमा मात्र केन्द्रित रहन गएको थियो । पार्टी काम गर्ने सिलसिलामा स्थानीय पार्टीको रूपमा विकसित नेपाल मजदुर किसान पार्टीले पुऱ्याएको बाधा अवरोधको बाबजुद पञ्चायती निर्वाचन उपयोग गर्ने नीतिअनुरूप २०४३ सालमा जनपक्षीय उम्मेदवार दिने काम भएको थियो । जनपक्षीय उम्मेदवारको रूपमा  नारायणभक्त वाटीलाई निर्वाचनमा सहभागी गराइएको थियो ।

संगठन विस्तार र निर्माण गर्ने क्रममा भक्तपुर जिल्लामा निम्न कमरेडहरूको महत्वपूर्ण भूमिकाहरू रहेको थियो : माधव नेपाल, अमृत बोहरा, झलनाथ खनाल, प्रदिप नेपाल, केशव बडाल, ईश्वर पोखरेल, कृष्णगोपाल श्रेष्ठ,  गोपाल शाक्य, विष्णु चित्रकार, सुशीलचन्द्र अमात्य,  माधव पौडेल, सुरेन्द्र पाण्डे ।

२०४६ सालको जनआन्दोलनपश्चात् खुल्लारूपमा पार्टीको काम अघि बढाउन पाउने अवसरलाई उपयोग गर्दै जिल्लाका विभिन्न गाउँहरूमा संगठन निर्माण कार्यलाई अघि बढाउने काम भएको थियो । २०४७ सालको संविधान निर्माणपश्चात् ०४८ सालको आमनिर्वाचनमा नेकपा (एमाले)ले भक्तपुरको क्षेत्र नं. २ मा राजेन्द्रमान श्रेष्ठलाई उम्मेदवारी दिई सम्मानजनक मत हासिल गर्न सफल भयो । विभिन्न टुक्रामा विभाजित कम्युनिष्ट पार्टीहरूलाई एकीकृत गर्दै कम्युनिष्ट आन्दोलनलाई अघि बढाउने उद्देश्यले २०४७ सालमा पार्टी एकीकृत भएपछि नेकपा (एमाले) देशमा मूलप्रवाहको रूपमा विकसित हुँदै आयो । भक्तपुरमा पनि नेकपा (एमाले) प्रमुख शक्तिको रूपमा विकसित हुने क्रममा २०४९ सालको स्थानीय निर्वाचनमा आफ्नो शक्ति पहिचान गर्ने काम भएको थियो । ०४९ सालको स्थानीय निर्वाचनमा बालकुमारी, सिरूटार, बोडे, सुडाल, झौखेल, चाँगु गाविसमा महत्वपूर्ण विजय हासिल भयो र जिविस भक्तपुरमा उपसभापतिसहितको उपस्थिति जनाउन सफल भयो । २०५१ सालको मध्यावधि निर्वाचनसम्ममा भक्तपुरका सबै गाविस र नगरमा व्यवस्थित संगठनको निर्माण भइसकेको थियो ।

नेकपा (एमाले) भक्तपुर जिल्लाको प्रथम जिल्ला अधिवेशन २०४८ फागुन २१ गते सम्पन्न भएको थियो । उक्त अधिवेशनले रोमणी भट्टराईको सचिव रहेको ११ सदस्यीय जिल्ला कमिटी निर्माण गऱ्यो भने २०४९ चैत २८ गते रोमणी भट्टराईले सचिव पदबाट राजीनामा दिएपछि २०५१ वैशाख १२ गते मा राजेन्द्रमान श्रेष्ठ सचिव हुनुभयो । ०५२ चैत २३, २४ गते दोस्रो जिल्ला अधिवेशन सम्पन्न भयो । उक्त अधिवेशनबाट रामशरण धिमाल सचिवमा चयन हुनुभएको थियो र १५ सदस्यीय जिल्ला कमिटी बनेको थियो । २०५४ सालमा भएको पार्टी विभाजनले भक्तपुर जिल्लालाई सामान्य असर गरेतापनि संगठन विस्तारमा समस्या पर्न सकेन । २०५४ साल चैत ४ गते जिल्ला संगठन कमिटी गठन गरियो । उक्त कमिटीमा राजेन्द्रमान श्रेष्ठलाई सचिव र उपसचिवमा नरेश्वर ज्ञवालीलाई चयन गरियो । २०५४ सालको स्थानीय निर्वाचनमा नेकपा (एमाले) भक्तपुर जिल्लामा प्रमुख शक्तिको रूपमा स्थापित भएतापनि पपुलर मतको आधारमा तेश्रो शक्तिको रूपमा नै कायम भएको थियो ।

२०५५ साल मंसिर २३ र २४ गते भएको तेस्रो जिल्ला अधिवेशनबाट राजेन्द्रमान श्रेष्ठको नेतृत्वमा जिल्ला कमिटी क्रियाशील हुँदै २०५६ सालको आमनिर्वाचनमा दोश्रो शक्तिको रूपमा स्थापित हुन पुग्यो । ०५९ सालमा पार्टी एकीकरणपश्चात् जिल्लाका अन्य राजनैतिक पार्टीहरूको तुलनामा नेकपा (एमाले) शक्तिशाली पार्टीको रूपमा भक्तपुरमा स्थापित हुन पुगेको छ । भक्तपुर जिल्लामा केही साना वामपन्थी पार्टीहरूको अस्तित्व समाप्त हुँदैछ भने भक्तपुर जिल्लालाई केन्द्रविन्दु बनाइरहेको नेमकिपाको अवस्था पनि भक्तपुर नगरमा मात्र सीमित हुन पुगेको छ । २०४६ सालदेखि हालसम्म विभिन्न आन्दोलन संचालन गर्दै जनताको प्रिय पार्टीको रूपमा विकसित नेकपा (एमाले)को चौथो जिल्ला अधिवेशन २०६० पुस ११ र १२ गते सम्पन्न भएको छ । उक्त अधिवेशनले राजेन्द्र राजथलालाई सचिवमा चयन गरेको छ । यो चौथो अधिवेशन भक्तपुर जिल्लाको नेकपा (एमाले)को इतिहासमा पहिलोपल्ट निर्वाचनबाट सम्पन्न भएको थियो । हाल १९ सदस्यीय यो कमिटी नेकपा (एमाले) लाई भक्तपुर जिल्लामा मूलप्रवाह र मूल शक्तिको रूपमा विकसित गर्न योजनाका साथ लागिरहेको छ ।

◆

# काल्पनिक समाजवाददेखि वैज्ञानिक समाजवादसम्म

**' रविन्द्र अधिकारी**

**चा** र्ल्स फुरेले भने-ती समूहहरू सामाजिक जीवनका जीवकोषको रूपमा सञ्चालित हुनेछन् । जसको कुनै केन्द्रीय संगठन हुनेछैन । हुनसक्छ, ती प्रत्येक समूह एक टापुको रूपमा रहुन् । पुरानो व्यवस्थाबाट नयाँ व्यवस्थामा संक्रमण गर्ने उनका विचार चहकिला  थिए तर ती सबै काल्पनिक नै थिए । उनले के बुझ्न सकेनन् भने पूँजीवादी समाजको स्थानमा नयाँ समाजको स्थापना कुन ढंगबाट गर्न सकिन्छ र त्यो काम गर्नसक्ने मुख्य शक्ति कुन हो ? चिन्न सकेनन् । न त बर्गसंघर्षलाई बुझे न त सर्वहारा वर्गलाई चिने जसमा नयाँ समाज स्थापना गर्नसक्ने तागत थियो बरू उल्टो आफ्नो योजना कार्यान्वयनका लागि धनीहरूमाथि भर परे । उनको विचार थियो- धनीहरू समूहमा सम्मिलित भएर सहयोग गर्नेछन्, जग्गा तथा अन्य सामान किन्न पैसा पनि दिनेछन्, उनले असल पूँजीपतिहरूलाई उत्साहित भएर लाग्न आह्वान पनि गरे तर धनीहरूबाट स्वाभाविकरूपमा त्यस्तो काम गर्नु सम्भव थिएन । जसले गर्दा उनको सम्पूर्ण योजना र परिकल्पना असफल हुन अत्यन्त स्वभाविक र अनिवार्य थियो ।

उनले अगाडि सारेका विचारहरू अत्यन्त राम्रा र महत्वपूर्ण भएपनि भावी समाजमा श्रम मनोरञ्जनको साधन बन्नेछ भन्ने विचार गलत थियो किनभने समाजवादी समाजमा श्रम न त मनोरञ्जनको साधन हो न त खेलवाडको । बरू जीवनको एक प्रमुख आवश्यकता हो ।

यसरी उनका विचारहरू केवल कल्पनामा मात्र सीमित भए, यथार्थमा परिणत हुन सकेनन् । तर उनले साम्यवादसम्बन्धी अवधारणाको महत्वपूर्ण विकास गरे ।

**ग) रोबर्ट ओवेन (सन् १७७१-१८५८) :**

बेलायती कल्पनावादी समाजवादी रोबर्ट ओवेन काल्पनिक समाजवादीहरूमा सबैभन्दा महान् मानिन्छन् । उनी ठूलो सामर्थ्य, बलियो चरित्र र सृजनात्मक दिमाग भएका व्यक्ति थिए । सन् १८०० को शुरूमा उनी ठूलो सूति कपडा कारखानामा चिट्ठी पुऱ्याउने केटाबाट व्यवस्थापक बने । न्यू-लानार्कस्थित त्यस बिशाल कपडा कारखानामा व्यवस्थापक (प्रबन्धक) को हैसियतले काम गर्दा त्यस कारखानाका मजदुरहरूको हात ज्यादै खराब र बौद्धिक तथा नैतिक स्तर ज्यादै तल थियो । उनले त्यसताका बेलायतमा प्रचलित १३-१४ घण्टाको कार्य दिवस घटाएर साढे दश घण्टा पुऱ्याए । विश्वमा पहिलोपल्ट मजदुरहरूका कोटाकेटीहरूको लागि नर्सरी र किन्डर गार्डेन खोले, एउटा आदर्श स्कुल र अस्पताल फण्ड पनि खोले, जरिवाना चलन खारेज गरे, मजदुरहरूका लागि घर बनाइदिए । जसले गर्दा मजदुरहरूको स्तर बढ्यो । मिलमा नाफा पनि भयो र न्यू-लानार्कको शहर एउटा आदर्श नमूना बन्यो । बिभिन्न ठाउँबाट ठूला-ठूला मान्छेहरू आइहेर्दा गरीबहरूको स्थिति निकै राम्रो देखेर खुबै प्रभावित भए ।

ओवेन आफ्ना कामहरूबाट अझ सन्तुष्ट हुन सकेनन् किनभने मजदुरहरूको अवस्थामा तुलनात्मकरूपमा सुधार त भयो तर मालिकहरूप्रति उनीहरूको पराधिनता उस्तै थियो । त्यसैले उनले नयाँ कारखाना ऐन जसमा कामको समय घटाएर १०.३० घण्टा र दश वर्षमुनीका बालबालिकालाई कारखानामा काम गर्न मनाही गर्ने बिषय समावेश थियो, त्यसलाई सदनमा स्वीकृत गराए । तर त्यसको कार्यान्वयन भएन । क्रमशः स्थितिमा सुधार भएपनि पराधिनता हटेन, ऐन-कानून बनाए पनि कार्यान्वयन भएन । त्यसपछि उनी निजी सम्पत्तिका बिरोधी भए ।

उनी निजी सम्पत्तिलाई नै यस समाजको सृजनाको बाटोमा तगारो ठान्दथे । त्यो समय आउने छ, निजी सम्पत्ति होइन, सामाजिक सम्पत्ति नै उत्कृष्ट व्यवस्था हो भनेर सबैले भन्नेछन् भन्ने विश्वास उनको थियो । निजी सम्पत्ति सम्पूर्ण समाजमा घिनलाग्दो काम कारबाहीको एक स्थायी कारण हो । मानिस-मानिसका बीच धोखेबाजी र जालसाजीको अविरल श्रोत हो । यसले विश्वको ज्ञात इतिहासका सबै विगत युगहरूमा युद्ध पैदा गरेको छ र यो अनगिन्ती निजी हत्याहरूको लागि एक प्रेरक तत्व रहेको छ । सार्वजनिक सम्पत्तिमा आधारित व्यवस्थाको स्थापनापछि मात्र मानव जातिको प्रगति र सुख हुनेछ । यसो नभएमा युद्ध हुन्छ, त्यसैले विद्यमान सामाजिक व्यवस्थालाई रूपान्तरित गर्न उत्पादक शक्तिको विकास हुनुपर्छ भन्ने धारणा अगाडि सारे, जुन मार्क्सवादको निम्ति प्रमुख स्रोत बन्न पुग्यो । कम्युनको कल्पना साझा भण्डार भेदभावको अन्त्य, वितरण सन्तुलन आदि भएपछि धनी र गरिबको अन्त्य हुने कल्पना गरे । शिक्षालाई महत्वपूर्ण स्थान दिए किनभने शिक्षाले मान्छेलाई प्रबुद्ध बनाउँछ र सुधार गर्न सजिलो हुन्छ ।

आफ्नो समाजवादी विचारमा पूर्णनिष्ठा र विश्वासका कारण ओवेन अमेरिका गए । धेरै जग्गा लिए र त्यहाँ नव समन्वय (New Harmony) नामक कम्युनिष्ट बस्ती बसाले । आफ्ना विचारको प्रयोगस्वरूप आफ्ना ८ सय अनुयायी लिएर सामाजिक सुधारको आदर्शलाई एउटा साँघुरो घेराभित्र व्यवहारिक रूप दिन खोज्दा २ बर्षमै असफल भए । त्यसपछि मजदुरहरूको बीचमा सहकारी आन्दोलन चलाए । उनी पनि वर्ग संघर्षका बिरोधी थिए र सामाजिक शान्तिका पक्षधर थिए । कुनै संघर्षबिना आमूल परिवर्तन हुन्छ भन्ने ठान्दथे तर त्यो सम्भव थिएन । उनले त्यस बखतको समाजलाई समाजवादीकरण गर्ने योजनाको प्रस्ताव फ्रान्सेली राजा र रूसी जारशाह निकोलस प्रथम सामु राखेका थिए । झण्डै ४० वर्षसम्म मजदुरहरूको सुधार साम्यवादी विचारको प्रचारमा लागे । उनका विचारले मार्क्सवाद निर्माणमा धेरै ठूलो र गहन भूमिका खेलेका छन् । ऐंगेल्सले भनेका छन्-'बेलायतमा मजदुरहरूको तर्फबाट हुने प्रत्येक सामाजिक आन्दोलनले, प्रत्येक वास्तविक अग्रगतिले आफूलाई रोबर्ट ओवेनको नाउँसित गाँस्ने गर्छ ।

वास्तवमा काल्पनिक समाजवादीहरूका योजना र विचारहरू ऐतिहासिक तथा समाज विकासको नियममा आधारित नभई पवित्र भावना र सुन्दर दृष्टिमा (Vision) मा आधारित थिए । उनीहरूका चमत्कारिक योजनाहरू वास्तविक जीवन र वर्गसंघर्षसँग सम्बन्धित थिएनन् । उनीहरूले प्रत्येक सामाजिक परिवर्तन विचारले मात्र होइन, जनताको भौतिक उपस्थितिले ल्याउँछ भन्ने कुरालाई बुझ्न सकेनन् । अझ भन्ने हो भने नयाँ समाज निर्माणको ऐतिहासिक भूमिका बोकेको मजदुर वर्गको शक्तिशाली र निर्णायक भूमिकालाई नजरअन्दाज गर्ने सबैभन्दा ठूलो कमजोरी हो ।

उनीहरूको कल्पना र उपस्थित समस्यालाई विज्ञानसम्मत ढंगले समाधान दिएर कोरा कल्पनाबाट विज्ञानमा समाजवादलाई संक्रमण गराउने काम मार्क्स, ऐंगेल्स र लेनीनले गरे । लेनीन भन्नुहुन्छ-'काल्पनिक समाजवादीहरूले त्यस्ता थुप्रै कुराहरूको अत्यन्त प्रतिभाशाली तरिकाले पूर्व अनुमान गरेका थिए, जसको सत्यता अहिले हामी वैज्ञानिक तरिकाले प्रमाणित गर्दछौं । ऐंगेल्सले लेखेका छन्-' वैज्ञानिक समाजवादले के बिर्सने छैन भने यो (वैज्ञानिक समाजवाद) सेन्ट साइमन, फूरे र ओवेन जस्ता तीन मानिसको काँधमा अडेको छ ।

काल्पनिक समाजवादीहरूले पूँजीवादी शोषणलाई बुझे र त्यो शोषणबाट मुक्ति हुने वैज्ञानिक बाटो देख्न सकेनन्, नयाँ समाजको राम्रो परिकल्पना गरे तर त्यस्तो समाज कसरी स्थापना गर्ने भन्ने पत्तो लगाउन सकेनन् । जुन काम मार्क्स र ऐंगेल्सले गर्नुभयो तर मार्क्स र ऐंगेल्सले काल्पनिक समाजवादीहरूकै विचारलाई आधार बनाएर वैज्ञानिक निष्कर्ष निकाल्नुभएको हो । त्यसैले काल्पनिक समाजवादीहरूका विचारहरू मार्क्सवादका महत्वपूर्ण विचारधारात्मक स्रोत अर्थात् वैज्ञानिक साम्यवादका आधारशीला हुन् ।

◆

# नवलपरासीमा नयाँ नेतृत्व

नवलपरासी । नेकपा (एमाले) नवलपरासीको पाँचौं जिल्ला अधिवेशन गएको कार्तिक २३ गते सम्पन्न भएको छ। सो अधिवेशनको उद्घाटन महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो ।

उद्घाटन मन्तव्य दिँदै महासचिव नेपालले जनताको शान्तिको चाहनालाई सम्मान गर्न दुवै पक्षले युद्धविराम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो-'दुवै पक्षले गर्न सकेनन् भने सरकारले भए पनि एकतर्फी युद्धविराम गर्नुपर्दछ ।' सो कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य एवं पश्चिमाञ्चल क्षेत्रीय समन्वय कमिटीका संयोजक वामदेव गौतम, स्थायी कमिटीका वैकल्पिक सदस्य एवं संगठन विभाग प्रमुख विष्णुप्रसाद पौडेल, लुम्बिनी अञ्चल इन्चार्ज रामनाथ ढकाललगायतले बोल्नुभएको थियो ।

अधिवेशनले कृष्ण पौडेल सचिव र घनश्याम कोइराला उपसचिव रहेको नयाँ नेतृत्व चयन गरेको छ। कमिटीका सदस्यहरूमा तिलक महत, कृष्ण घिमिरे, दीपक अधिकारी, राजकुमार हमाल, जीवन श्रेष्ठ, चन्द्रा पुन, देवकला बराल, ईश्वरी पाण्डे, मझिलाल थारू थनेत, धनञ्जय शर्मा, पुण्यप्रसाद पौडेल, जनक श्रेष्ठ, वृहस्पति अधिकारी, शिवलाल कँडेल, बद्री खनाल, रूक्माङ्गत ज्ञवाली, रामलखन हरिजन, बैजनाथ चौधरी, तुलसी पासी, विमल पौडेल, थानप्रसाद गैरे, भगवती भण्डारी र भगवतीप्रसाद चौधरी निर्वाचित हुनुभएको छ ।

## चितवनको अधिवेशन सम्पन्न

चितवन । नेकपा (एमाले) चितवनको पाँचौं जिल्ला अधिवेशन गएको कार्तिक १६ गते सम्पन्न भएको छ। सो अधिवेशशनको उद्घाटन पार्टी स्थायी कमिटी सदस्य अमृतकुमार बोहराले गर्नुभएको थियो ।

अधिवेशनले विजय सुवेदी सचिव रहनुभएको ३४ सदस्यीय नयाँ नेतृत्व चयन गरेको छ । जिल्ला कमिटीका सदस्यहरूमा शैलेन्द्र पिया, कृष्णभक्त पोखरेल, लिला आचार्य, रामप्रसाद श्रेष्ठ, कृष्ण पन्त, दाबा लामा, कृष्ण खनाल, प्रभा बराल, लालमणि चौधरी, विनोद रेग्मी, नारायण अधिकारी, ईश्वर थापा, यदु पोखरेल, कृष्ण भूर्तेल, हरिकृष्ण सुवेदी, भाष्कर जमरकट्टेल, प्रेम तिमिल्सिना, तेजेन्द्र खड्का, पुण्य अधिकारी, शम्भु सुवेदी, महादेवी खतिवडा, केशव रेग्मी, रमाकान्त सापकोटा, समरबहादुर विक, मुकुन्द दाहाल र सावित्री वास्तोला हुनुहुन्छ भने वैकल्पिक सदस्यहरूमा गोविन्द अर्याल, रामसिंह विश्वकर्मा, भीम पुन, शम्भु लामिछाने, सरस्वती विष्ट र सुशीला लामिछाने हुनुहुन्छ ।

उद्घाटन समारोहमा पार्टीका केन्द्रीय सदस्य एवं नारायणी अञ्चल इन्चार्ज केदार न्यौपाने, अनेमसंघका महासचिव सीता पौडेल, राप्रपा जिल्ला अध्यक्ष रामहरि कँडेल, नेपाली कांग्रेस (प्रजातान्त्रिक) का शेषनाथ अधिकारी, जनमोर्चाका विष्णुहरि तिमिल्सिना, पार्टीका अञ्चल सचिव अनन्त पौडेल, केन्द्रीय सल्लाहकार विष्णु घिमिरे, नरबहादुर खाँडलगायतले सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

## *सोलुखुम्बुमा चौथो अधिवेशन*

*सोलुखुम्बु । नेकपा (एमाले) सोलुखुम्बुको चौथो जिल्ला अधिवेशन गएको कार्तिक २८ गते सदरमुकाम सल्लेरीमा सम्पन्न भएको छ । सो अधिवेशनको उद्घाटन नेकपा (एमाले)का केन्द्रीय कमिटी सदस्य एवं माथिल्लो सगरमाथा अञ्चल इन्चार्ज हेमराज राईले गर्नुभएको थियो ।*

*सो अधिवेशनको बन्दसत्रले ३ सदस्य पछि मनोनीत गर्नेगरी १३ सदस्यीय जिल्ला कमिटीको चयन गरेको छ ।कमिटीको सचिवमा बुद्धिकुमार राजभण्डारी र उपसचिवमा लोचनकुमार शर्मा रहनुभएको छ भने सदस्यहरूमा जुद्धबहादुर कार्की, मानवीर राई, आङइगेल (झलक) शेर्पा, डुफकुमार बास्तोला, आङदामी शेर्पा, आङकाजी शेर्पा, इन्द्रकुमार श्रेष्ठ र महलसिंह राई रहनुभएको छ ।*

# विश्व इतिहासमा सर्वाधिक लोकप्रिय नारी

**' कमल कोइराला**

**सा** नै उमेरमा पनि विश्व प्रसिद्ध हुन सकिन्छ । चाहे महिला हुन् चाहे पुरूष, कैयौं जना कम र धेरै कम उमेरमा पनि विश्व चर्चित भएका छन् ।

कोही कोही जानी-जानी सचेतरूपले ठूलो काम गर्छन् । कोही कोही स्वतः त्यस्तो काम गर्न पुग्छन् ।

एन्ने फ्र्यांकको मृत्यु हुँदा उनले सोह्र वर्षको उमेर पनि पूरा गर्न पाएकी थिइनन् । उनले कुनै साहित्य रचना गर्छु भनेर पनि लेखेकी थिइनन् । साहित्यमा विश्व प्रसिद्ध हुन कवि, साहित्यकार, गीतकार, नाटककार, कथाकार नभए पनि सकिंदोरहेछ भन्ने कुरा एन्ने फ्र्यांकको सिर्फ पन्ध्र वर्षको जीवनले देखाउँछ । एन्ने फ्रयांकको जन्म सन् १९२९ मा र मृत्यु सन् १९४५ मा भएको थियो ।

उनी हिटलरको शासनकालमा बाबुआमाका साथ भागेर हल्याण्ड पुगेकी थिइन् । तर त्यहाँ पनि हिटलरका सेनाहरूको कब्जा हुँदा मृत्युको त्रास माझ लुकेर बस्दा उनले लेखेको डायरी मानव भावनाको सशक्त चित्रण गर्ने एउटा साहित्य बन्न पुग्यो । त्यसरी मृत्युको त्रासमाझ लुकेर बस्दा कसैले विश्वासघात गर्दा उनको परिवार पक्राउ पर्‍यो । बेलसेनको बन्दी शिविर (कन्सेन्ट्रेशन क्याम्प) मा रहँदा यी कलिली केटीको मृत्यु भयो । तर उनको मृत्यु भएको दुई वर्षपछि विश्वयुद्ध पनि पहिले नै समाप्त भइसकेपछि उनको परिवार लुकेर बसेको त्यो घरमा कसैले उनको त्यो डायरी भेट्यो । सन् १९४७ (वि.सं. २००४ साल) मा उनको यो डायरी प्रकाशित भयो र पाश्चात्य जगतमा "एन्ने फ्र्यांकको डायरी" नामले विख्यात भयो । धेरै भाषाहरूमा यसको अनुवाद छापिँदै गयो ।

उनले जुन घरमा बसेर यो डायरी लेखेकी थिइन् त्यो घरलाई नै एउटा दर्शनीय म्यूजियम बनाइयो। यसरी अत्यन्त छोटो जीवन बाँचेकी एने फ्र्यांक विश्व प्रसिद्ध भइन्।

तर, यो लेखको शीर्षक एन्ने फ्र्यांकको बारेमा होइन। उनी भन्दा पनि धेरै विश्व प्रसिद्ध फ्रान्सको स्वतन्त्रता संग्रामकी महानायिका जोन अफ आर्कको बारेमा हो। धेरैजसो देशहरूमा पुरूषहरू महानतम राष्ट्रिय विभूमितका रूपमा छन्। तर फ्रान्सको आजसम्मको इतिहासमा सर्वाधिक महान् राष्ट्रिय व्यक्तिको रूपमा जोन अफ आर्कको नाम छ।

उनको जन्म सन् १४१२ मा र मृत्यु सन् १४३१ मा भएको थियो। यस प्रकार सिर्फ १९ वर्षको उमेरमा उनको मृत्यु भएको थियो।

उनको जन्म फ्रान्सको एउटा किसान परिवारमा भएको थियो। त्यतिबेला फ्रान्सको धेरैजसो भूभागमा विदेशी ब्रिटिश र उनका मतियारहरूको शासन थियो। त्यतिबेला फ्रान्सको पछि राजा घोषित चार्ल्स सातौं एउटा सानो भूभागको रजौटाझैं भएर बसेका थिए। यसरी फ्रान्स परतन्त्रताको जकडमा थियो। ती किसानको छोरीले भन्न थालिन्- मलाई फ्रान्सको स्वतन्त्रताको लागि लड्ने दैवी प्रेरणा भएको छ। उनले गाउँ छाडिन् र चार्ल्स सातौंसँग भेट गर्न हिंडिन्। उनले चार्ल्स सातौंसँग देशलाई स्वतन्त्र पार्ने र त्यस अभियानको नेतृत्व आफूलाई दिने माग गरिन्।

आज त युद्ध पुरूषहरूको मात्र काम हो भन्ने अवधारणा रहिराखेको छ भने आज भन्दा ६ सय बर्षजति अघि सेनाको सर्वोच्च कमाण्ड एउटा महिलालाई दिने सोच हत्तपत्त आउनै सक्ने वातावरण थिएन। तर, जोन अफ आर्कले चार्ल्स सातौं र उनका भारदारहरूलाई आफूलाई सेन्ट माइकेल, सेन्ट क्याथरिन, सेन्ट मार्गरेटहरूको अंग्रेजहरूलाई फ्रान्सबाट धपाएर देशलाई स्वतन्त्र पार्ने दैवी प्रेरणा छ भनिन्। आफ्नो राज्याभिषेकसम्म गर्ने आँट नभएका चार्ल्स सातौं र उनको हतास सेनाले उनको कुरा माने। उनको नेतृत्वमा फ्रान्सको कयौं शहर बजारहरू स्वतन्त्र हुँदै गए।

उनले चार्ल्स सातौंको शीरमा फ्रान्सको राजमुकुट राख्दै राज्याभिषेक सम्पन्न गरिन्। स्वतन्त्रताका लागि लड्ने योद्धाहरू उत्साहपूर्वक लड्दै गए। तर सबभन्दा ठूलो शहर पेरिस कब्जा गर्न खोज्दा उनले सकिनन्। आज फ्रान्सको अभिन्न भूभाग रहेको बरगण्डी त्यतिबेला अलग स्वतन्त्र राज्यको रूपमा थियो। बरगण्डीवालाहरूले जोन अफ आर्कलाई पक्राउ गरे र उनीहरूसँग मिलेका अंग्रेज आधिपत्यकारीहरूलाई बेचिदिए।

उनलाई देशको अझै अंग्रेजहरूको अधिन रहेको भूभागमा त्यहाँका धर्म पुरोहितहरूद्वारा धर्म-विरोधी र बोक्सी घोषित गर्दै जिउँदै जलाई दिने संजाय भयो। ३० मे १४३१ मा राउएन बजार क्षेत्रमा फ्रान्सकी यस महान् देशभक्त स्वतन्त्रता सेनानीलाई जिउँदै जलाइयो।

तर, उनले प्रारम्भ गरेको स्वतन्त्रता संग्रामले जितपछि जित हासिल गर्दै गयो। केही बर्षपछि सम्पूर्णजसो फ्रान्स विदेशी दासताबाट मुक्त भई स्वतन्त्र भयो। उनले राज्याभिषेक गराएको चार्ल्स सातौंले फ्रान्सको राजाको हैसियतले उनीमाथि लागेका सम्पूर्ण आरोपहरू बदर गरे। तर सन् १४५६ मा त्यसो हुँदा यो फ्रान्सको इतिहासमा सबैभन्दा महान् राष्ट्रिय विभूति भनी आदर प्राप्त जोन अफ आर्कको मृत्यु भएको कैयौं वर्ष बितिसकेको थियो।

त्यसपछि फ्रान्सको ठाउँठाउँमा १९ बर्षको उमेरमा शहीद भएकी यस स्वतन्त्रता सेनानीका मूर्तिहरू निर्माण हुँदै गए। आज फ्रान्सभरी उनका मूर्तिहरू छन्।

ब्रिटेनमा म्याडम तुस्साउदको मैनका मूर्तिहरूको विश्व प्रसिद्ध म्यूजियम छ। यसमा विश्व इतिहासका आजसम्मका ख्यातिप्राप्त व्यक्तिहरूको मूर्ति छ। यस म्यूजियमले हरेक वर्ष विश्व इतिहासको र सबैभन्दा लोकप्रिय र सबैभन्दा घृणित व्यक्तिहरूको नाम संकलन गर्छ। आज पनि र महिलाहरूमध्ये मात्र पनि होइन, जोन अफ आर्कको नाम विश्व इतिहासको आजसम्मको सर्वाधिक लोकप्रिय पाँच नामहरूमध्ये हरेक वर्ष आउँछ। मान्छेलाई उमेरले होइन, कामले महान बनाउँछ। एने फ्र्यांक र जोन अफ आर्कको सत्यकथाले यही कुरा बताउँछ।

◆

# दलितलाई आरक्षण किन ?

उच्चशिक्षामा लागू गर्न थालिएको आरक्षण नियमावली बनाएर मात्र कार्यान्वयन गर्न सर्वोच्च अदालतले आदेश दिएपछि आरक्षणका बारेमा फेरि एकपटक बहस शुरू भएको छ। दलित अधिकारका लागि कार्यरत संघ-संस्थाहरूले आरक्षणका लागि राजनीतिक दलहरूको प्रतिबद्धताको माग गर्दै यसलाई व्यवस्थित गर्न आग्रह गरेका छन्। जातीय छुवाछूतको मार खेप्दै आएका दलितहरूका लागि आरक्षणले आफ्नो आर्थिक, सामाजिक र राजनीतिक स्तर उठ्ने विश्वास उनीहरूको छ।

शासकीय सुधारसम्बन्धी मार्गचित्रमा सरकारी रोजगारीलगायतका विषयमा दलितलाई दश प्रतिशत आरक्षण गर्ने प्रस्ताव अगाडि सारिएको छ। तर दलित समुदायले भने त्यसलाई भन्दा पनि सरकार र राजनीतिक दलको राजनीतिक प्रतिबद्धतालाई बढी महत्व दिएका छन्। राजनीतिक दलले आफ्नो राजनीतिक दस्तावेज र कार्यक्रममा नै आरक्षणको विषयलाई सैद्धान्तिक रूपमा अंगिकार गर्नुपर्ने उनीहरूको माग छ। राजनीतिक दलको नीतिअनुसार सरकार सञ्चालन हुने भएकाले आरक्षणको व्यवस्था कार्यन्वयन गर्न सरकारलाई नैतिक र राजनैतिक दुबै रूपले दबाब दिन सकिने उनीहरूको धारणा छ।

राजनीतिक दलहरूमा पनि क्रमश: दलित क्षेत्रको प्रतिनिधित्व बढ्दै गएको छ। नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक) र राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय कमिटीमा एकएक जना दलितको प्रतिनिधित्व छ । तर दलित आन्दोलनका लागि विडम्बना नै मान्नुपर्छ, आफूलाई प्रजातन्त्रकै पर्यायको दाबी गर्ने नेपाली कांग्रेसको केन्द्रीय समितिमा भने त्यही एकजनाको पनि प्रतिनिधित्व छैन । वर्तमान सरकारमा एमाले र प्रजातान्त्रिक कांग्रेसले एकएक जना दलितलाई सहायक मन्त्री बनाएको छ। क्याविनेट मन्त्री नै बनाउनुपर्ने माग स्वाभाविक भए पनि प्रतिनिधित्व नै नभएको अवस्थामा यसलाई पनि उपलब्धि नै मान्नुपर्छ। प्रजातन्त्रको पुनर्स्थापनापछि सबैभन्दा लामो समय सत्तामा बसेको नेपाली कांग्रेसको पालामा भने एकजना दलितलाई पनि सरकारमा सहभागी गराइएको थिएन ।

आफ्नो राजनीतिक दस्तावेजमा 'दलितलाई आरक्षण' शब्दावली प्रयोग नगरेको भए पनि दलितलाई माथि उकास्न विशेष पहल गर्नेबारेमा सबै दल सहमत छन् । राष्ट्रिय मान्यता प्राप्त दलहरूमध्ये राष्ट्रिय प्रजातन्त्र पार्टीले भने दस्तावेजमै आरक्षणको कुरा उठाएको छ। 'हामी दलितलाई आरक्षण गर्नुपर्छ भन्ने पक्षमा छौं । राजनीतिक दस्तावेज र अग्रगामी राजनीतिक सुधारको प्रस्तावमा हामीले यो कुरालाई महत्वका साथ उठाएका छौं ।'-राप्रपाका सहमहामन्त्री खेमराज पण्डितले भन्नुभयो ।

नेकपा (एमाले) दलितका सवालमा अरू पार्टीहरूभन्दा अगाडि देखिएको छ। आफ्नो पार्टीका तर्फबाट एकजनाले मात्र राष्ट्रिय झण्डा पाउने अवस्थामा एमालेले राष्ट्रियसभाको उपाध्यक्षमा रामप्रित पासवानलाई पठायो। यही कुरा अघि सार्दै सो पार्टीका केन्द्रीय सदस्य एवं उत्पीडित जातीय फाँट इन्चार्ज शान्ता मानवीले भन्नुभयो-'दलितलाई अघि बढाउने सन्दर्भमा हाम्रो पार्टी अरू कुनै पार्टीभन्दा पछि छैन । सरकारमा सहभागी गराउनेदेखि पार्टीमा उचित प्रतिनिधित्व गराउने सवालमा पनि हामी सचेत छौं । दलितहरूलाई दश होइन, बीस प्रतिशत आरक्षण गर्नुपर्छ ।' यसैगरी नेपाली कांग्रेसका प्रवक्ता अर्जुननरसिंह केसी पनि आफ्नो पार्टी आरक्षणको विपक्षमा नरहेको बताउँदै त्यसका लागि प्रतिबद्ध भएको बताउनुहुन्छ। उहाँको भनाइ छ-'अहिलेसम्म दलितलाई आरक्षणको बारेमा दस्तावेजमा उल्लेख नभए पनि आगामी महाधिवेशनमा यो विषय उठ्नेछ ।'

नेकपा (एमाले) ले सातौं राष्ट्रिय महाधिवेशनबाट 'जातीय भेदभाव, छुवाछुत, महिलाप्रतिको भेदभावविरूद्ध तथा पिछडिएका समुदाय र क्षेत्रको हकहितका लागि' सामाजिक अभियान सञ्चालन गर्नुपर्ने नीति पारित गरेको छ । सामाजिक न्यायका लागि पार्टीको प्रतिबद्धता स्पष्ट पार्दै भनिएको छ-'हाम्रो पार्टीमा महिला, दलित, जनजाति र उत्पीडित उपेक्षित क्षेत्रको प्रतिनिधित्व बढाउनैपर्दछ ।'

चार पार्टीको वर्तमान सरकारले आफ्नो ४३ बुँदे न्यूनतम साझा कार्यक्रममा दलितको सवाललाई उठाएको छ । सरकारी रोजगारी र अवसरका बारेमा विशेष प्राथमिकता दिने उल्लेख गरिए पनि उच्च शिक्षामा भने आरक्षणको व्यवस्थालाई नै स्वीकारिएको छ । 'अग्रगमन र परिवर्तनका लागि प्रतिबद्धताहरू' अन्तर्गत 'सामाजिक' शीर्षकको आठ नम्बरमा भनिएको छ-'दलित र पिछडिएका समुदायका बालबालिकालाई विद्यालय जान प्रोत्साहित गर्न छात्रवृत्तिको समेत व्यवस्था गरिनेछ। त्यस्तै उच्चशिक्षामा महिला, दलित र पिछडिएका आदिवासी जनजातिलाई आरक्षणको व्यवस्था गरिनेछ ।'

सामाजिक न्यायका लागि समाजका सबै जाति, वर्ग र समुदायको विकासलाई अनिवार्य मानिन्छ। झन् प्रजातन्त्रमा त समाजका सर्वांगीण विकासका लागि यसको महत्व अझै उच्च छ। यो कुरा मुखले भनेर मात्र पूरा अवश्य हुने होइन । त्यसका लागि व्यवहारिकरूपमा सबैको प्रतिबद्धता आवश्यक छ। जातीय छुवाछूत नेपाली समाजको कलंक हो। यसको उन्मुलनका लागि सामाजिक जागरण र जनचेतनाको जति महत्व छ, सामन्ती संस्कार र संरचनाका कारण पछि परेको वर्गको उत्थानका लागि राज्यको अग्रसरता र अभिभावकत्व त्यति नै आवश्यक छ। भारत, दक्षिण अफ्रिकाजस्ता यस्तै समस्याले पिरोलिएका देशहरूमा पनि दलितका लागि आरक्षणको व्यवस्था गरिएको छ। हाम्रै देशको अनुभवले पनि दलित समुदायले आर्थिक, सामाजिक र राजनीतिक रूपले माथि उठाउन केही बर्षसम्म आरक्षणको आवश्यकता खडा गरेको छ। रोजगारी, शिक्षा, स्वास्थ्य, स्थानीय निकाय, संसद, सरकार, राजनीतिक नियुक्ति, न्यायिक निकाय सबैतिर दलितको पहुँच बढाउन सकियो भने सामाजिक भेदभाव र थिचोमिचोको पनि अन्त्य हुने विश्वास गर्न सकिन्छ। तर टाठाबाठा र समृद्धहरूले मात्रै त्यसबाट फाइदा पुऱ्याउन सक्ने बाहिरी मुलुकको पाठबाट पनि हामीले सिक्नैपर्छ ।

' विष्णु रिजाल

# न्यूयोर्क र लण्डन पुग्दाको अनुभूति

**' बेदुराम भुसाल**

**य**स वर्ष संयुक्त राष्ट्रसंघको ५९ औं महासभामा भाग लिन जाने नेपाली प्रतिनिधिमण्डलको एक सदस्यको रूपमा संयुक्त राज्य अमेरिकाको न्यूयोर्क पुग्ने अवसर प्राप्त भयो। २ अक्टुबर २००४ को साँझ हाम्रो पार्टीका रामचन्द्र झा, म, नेपाल सदभावना पार्टीका लक्ष्मणलाल कर्ण र राप्रपाका गिरीबहादुर के.सी. तथा उत्तम राई काठमाडौंबाट गल्फ एयरद्वारा अवुधावीतर्फ लाग्यौं। त्यहाँबाट लण्डन गइयो। र, लण्डनबाट ब्रिटिश एयरवेजद्वारा न्यूयोर्कतर्फ लाग्यौं। नेपालबाट उडेको करीब ३२ घण्टापछि हामी न्यूयोर्क पुग्यौं ।

अमेरिकाले धेरै मानिसलाई आकर्षण गरेको पाइन्छ। धेरैले अमेरिकाको बखान गरेको त सुनेकै थिएँ। अमेरिकाको एउटा महत्वपूर्ण शहर र त्यो पनि विश्वको राजधानी मानिएको शहरमा पुगेपछि त्यसको बारेमा जान्ने-बुझ्ने कौतुहल हुनु स्वाभाविक थियो। संयुक्त राष्ट्रसंघको महासभाका बैठकहरूमा सहभागी हुने आफ्नो निर्धारित कार्यमा संलग्न हुँदै न्यूयोर्कको सामाजिक परिवेश र त्यहाँको जनजीवनका बारेमा बुझ्ने प्रयास गरियो। म लमजुङका खमिन्द्रलाल घले र उहाँसँगै बस्नुभएका कुमार के.सी. र रामशरण पराजुलीको कोठामा बसें। ती भाइहरूकै सहयोगमा न्यूयोर्कमा रहने, बस्ने र घुम्ने गरियो ।

संयुक्त राष्ट्रसंघीय निकायहरूका बैठक अत्यन्त व्यवस्थित र प्रभावकारी ढंगले संचालन हुँदारहेछन्। त्यहाँ अत्यन्त उन्नतस्तरका कूटनैतिक तरिकाहरूको अवलम्बन गरिंदो रहेछ। औपचारिक बैठक संचालन गरेजस्तै गरी संचालन हुने अनौपचारिक छलफलहरूमा धेरै विषय र विवाद वा मतभेदहरूको टुंगो लगाइँदो रहेछ। कुनै प्रस्तावको प्रस्तावक राष्ट्रले अरू राष्ट्रका प्रतिनिधिहरूलाई भेटेर आफ्नो प्रस्तावको पक्षमा समर्थन जुटाउने कार्यलाई ज्यादै महत्वका साथ संचालन गर्दारहेछन्। विषयवस्तुको राम्रो अध्ययन गरेर प्रस्ताव तयार पार्ने र त्यसको पक्षमा लबिङ गर्न सक्ने हो भने सानो राष्ट्रले पनि राम्रो भूमिका प्रस्तुत गर्न सक्दोरहेछ।

हामी न्यूयोर्कमा बाह्र दिन बस्यौं। बीचका शनिवार र आइतवार बिदा हुने भएकाले दश दिन संयुक्त राष्ट्रसंघका क्रियाकलापमा संलग्न भइयो र बिदाका दुई दिनमा न्यूयोर्कमा घुम्ने काम भयो। लिवर्टी पार्क, विश्व व्यापार केन्द्र, इम्पाएर इस्टेट विल्डिङ, सेन्ट्रल पार्क, नेचुरल हिस्ट्री म्यूजियम, टाइम स्क्वाएर, ब्रुक्लिन व्रिज आदि त्यहाँका प्रमुख स्थान रहेछन्। ती सबै हेरियो। न्यूयोर्कको मुटु मेनहाटनको एक साइडमा रहेको चाइना टाउन र क्वीन्स भन्ने ठाउँको ज्याक्सन हाइटमा रहेको भारतीय बजार पनि हेरियो। घुम्दा धेरै नेपालीहरू पनि भेटिए।

न्यूयोर्कमा घुम्दा के महसुस भयो भने त्यहाँ लगभग सबै मानिसहरू काममा व्यस्त छन्, बेरोजगारहरू खासै छैनन्, मानिसहरू अनुशासित छन्, नियम-कानुनको पालनामा धेरै मानिसहरू सचेत छन्, कुनै पनि कामलाई हेयको दृष्टिले हेरिंदैन, आर्थिक कारोवार र यातायात संचालनमा मेशिनको प्रयोग अत्याधिकरूपमा हुने, मेशिनबाटै सबै काम हुन्छ, ट्राभल काड, मेट्रो कार्ड, क्रेडिट कार्ड, डेबिट कार्ड सबै कारोवारहरू चल्दछन्। उपर्युक्त सबै क्रियाकलापहरू देखेपछि व्यवस्थापनले मानिसलाई स्वयम् अनुशासित एवम् क्रियाशील हुने वातावरण सिर्जना गरेको महसुस भयो।

तर नकारात्मक पक्ष के देखियो भने त्यहाँको जीवनशैली विशुद्ध निजीपनमा आधारित छ, सामाजिक जीवनमा व्यक्तिवादको प्रभुत्व छ, हाम्रो समाजमा पाइने पारिवारिक ममता र सामाजिक सद्भाव त्यहाँ पाइएन। त्यहाँ मानिस यन्त्रवत काममा वा निजी मोजमस्तीमा लागिरहेको छ। मानिसमा आफ्नो निजी काम र ध्येय भन्दा बाहिर ध्यान दिने चासो देखिंदैन। यस खालको यान्त्रिक एवम् विशुद्ध निजीपनमा आधारित जीवनशैली मलाई मन परेन। त्यहाँको भौतिक स्थितिले मलाई जति सकारात्मक प्रभाव पाऱ्यो त्यसको कैयन् गुणा बढी नकारात्मक प्रभाव त्यहाँको सामाजिक जनजीवनले पाऱ्यो।

न्यूयोर्कमा थुप्रै नेपालीहरूसँग भेट भयो। त्यहाँ विभिन्नखाले नेपालीहरू बस्दारहेछन्। अरू त ठीकै हो, श्रमिक नेपालीहरूको स्थिति त्यति राम्रो देखिएन। रेष्टुराँमा वेटरसम्मको काम, दुकानमा सेल्स ब्वाय वा सेल्सगर्लको काम र बच्चा हेर्ने काम, सामान्यतः नेपालीहरूले यिनै काम पाउँदा रहेछन् र हप्तामा तीनसय डलर जति कमाउँदा रहेछन्। घरभाडा महंगो रहेछ। त्यसले गर्दा व्यक्तिगतरूपमा काम गर्न गएका नेपालीहरू एउटै कोठामा मिलेर बस्दारहेछन्। परिवार नै छ भने त सिंगै एपार्टमेन्ट (फ्याल्ट) लिनुपर्ने भएकाले खर्च धेरै लाग्दोरहेछ। सामान्य श्रमिक नेपालीहरूले दुःखै पाएको पाइयो। ड्राइभिङको काम गर्नेहरूले भने राम्रै कमाइ गर्दारहेछन्। खासगरी रातको समयमा ट्याक्सी चलाउनेहरूले राम्रो दाम पाउँदा रहेछन्। तर, ड्राइभिङ लाइसेन्स निकाल्न चाहिँ धेरै गाह्रो रहेछ।

समग्रमा भन्नुपर्दा न्यूयोर्कले मलाई त्यति धेरै आकर्षित गर्न सकेन। त्यहाँका गगनचुम्बी घर र पक्की सडकको जालो कंक्रिटको कंकाल जस्तो लाग्यो। त्यस सहरलाई कंक्रिटको शहर भन्न मन लाग्यो।

हामी (रामचन्द्र झा र म) न्यूयोर्क पुगेको बाह्रौं दिनका दिन साँझ अमेरिकन एयरलाइन्सको प्लेनबाट लण्डनका लागि उड्यौं। लण्डनमा तीन दिन बसेर अवुधावी हुँदै काठमाडौं फर्कने गरी टिकट मिलाएर हामी लण्डनतर्फ लागेका थियौं। अक्टुबर १५ को विहान हामी लण्डनमा उत्रियौं। त्यहाँ धनुषाका श्याम खड्का भाइले हामीलाई बस्ने, खाने र घुम्ने व्यवस्था मिलाउनुभयो। उहाँकै सहयोगमा बकिम्घम राजदरवार, वेष्ट मिनिष्टर भवन (बेलायतको संसद भवन), नेचुरल हिष्ट्री म्यूजियम, टावर व्रिजलगायत लण्डनका प्रमुख ठाउँहरू घुमियो। लण्डनमा पनि चाइना टाउन र भारतीय बजार रहेछन्। ती सबै हेरियो।

न्यूयोर्कभन्दा लण्डन धेरै राम्रो, सफा र शान्त रहेछ। शहरको बीच-बीचमा रहेका पार्कहरूले गर्दा लण्डन शहर कुनै विशाल जंगलभित्र रहेजस्तो भान भयो। यस शहरलाई बगैंचाको शहर भन्न मन लाग्यो। न्यूयोर्कले मलाई खासै आकर्षित गरेको थिएन तर लण्डनले भने मोहनी लगाउन खोज्यो।

यातायात व्यवस्था, आर्थिक कारोवार र सामाजिक जनजीवन भने न्यूयोर्क र लण्डनको मिल्दोजुल्दो नै रहेछ। लण्डन न्यूयोर्कभन्दा करीब डबलै जसो महंगो रहेछ। जीवनशैलीमा रहेको निजी एवम् व्यक्तिवादीपन भने यहाँ पनि उस्तै नै रहेछ।

लण्डनमा पनि केही नेपालीहरूसँग भेट भयो। यहाँ पनि नेपालीहरूको स्थिति लगभग न्यूयोर्कमा जस्तो नै रहेछ। त्यहाँका नागरिकहरूले छाडेको काम गर्ने र दुःख गरेर केही पैसा जम्मा गर्ने कठीन जीवनयात्रामा दुवै शहरका नेपालीहरू लागिरहेका रहेछन्।

पश्चिमी संसारका दुई प्रमुख केन्द्र न्यूयोर्क र लण्डनमा घुमेर हेरिसकेपछि मलाई पश्चिमी संसारको सामाजिक जनजीवन जति प्रचारमा आएको छ, वास्तवमा त्यति सुखी र सम्पन्न रहेनछ भन्ने प्रभाव पऱ्यो। तर त्यहाँको व्यवस्थापनबाट सिक्नुपर्ने कुराहरू भने निश्चय नै थुप्रै रहेछन्।

◆

# अलविदा अराफात !

**' अग्निशिखा**

**प्या** लेष्टिनी जनताका महानायक यासीर अराफात अव यस धरतीमा रहेनन् । अव इजरायली शासकहरूले उनको कम्पाउण्मा घेराबन्दी गर्नु परेन । अराफातलाई पहिले नै मार्नु पर्थ्यो भन्ने प्रलाप छेड्नु परेन । नानाथरी कष्ट थोपरेर अराफातलाई वाहिरिन बाध्य पार्ने र त्यसपछि प्लालेष्टाइन भूमिमा भित्रिन नदिने कुटिल चाल पनि अव चाल्नु परेन । एघार नोभेम्वरका दिन अराफातको निधन भएको छ । तर, इजरायली शासकहरूले अराफातको मृत्युमा हाइसञ्चै नमाने हुन्छ । प्यालेष्टाइनमा अरू अराफात जन्मने छन् ।

कसले बिर्सन सक्छ, इजरायलको हत्यारो मानसिकता ? जसका उपप्रधानमन्त्री यहुद ओल्मर्टले भनेका थिए-निश्चितरूपमा अराफातको हत्या नै विकल्पहरू मध्येको एउटा विकल्प हो । तब त, प्यालेष्टिनी विधायक साएव एरेकातले यो भनाइको भर्त्सना गर्दै यसलाई माफियाको काम र व्यवहारसँग तुलना गरेका थिए । एकातर्फ इजरायली विदेशमन्त्री सिल्भान शालोग कुनैवेला चिच्याएका थिए-अराफातलाई निश्कासनमा पठाउनै पर्छ, अर्कोतर्फ जेरूसेलम पोष्टले कुनैबेला लेखेको थियो-हामीले यासीर अराफातलाई मार्नै पर्छ ।

अव तिनले मार्नु परेन अराफातलाई । पचहत्तर वर्षको उमेरमा पेरिसमा उपचारको क्रममा नै उनको निधन भएको छ । प्यालेष्टाइनको पर्याय बनेका, प्यालेष्टिनी जनताको संघर्षको प्रतीक बनेका अराफातको निधनसँगै चार दशक लामो गौरवशाली नेतत्वको अध्याय पनि टुंगिएको छ । अराफात, जो १९२९ मा कायरोमा जन्मेका थिए । जो, मसला महाजनका सन्तान थिए । जसको युवावस्था कायरो र जेरूसेलममा बितेको थियो ।

युवावस्थामा नै अराफात प्यालेष्टिनी अरवहरूको एक राष्ट्रवादी समूहमा सम्वद्ध भएका थिए । त्यतिखेर इजरायल राज्यको स्थापना भइसकेको थिएन र अंग्रेज तथा यहुदी विरूद्ध लड्न त्यो समूह प्यालेष्टिनी जनताको लागि हतियार पठाउने गर्थ्यो । अराफातले अध्ययनको लागि अमेरिकाको टेक्सस युनिभर्सिटीमा आवेदन दिएका थिए । तथापि, त्यही समयमा नवजात इजरायल र प्यालेष्टिनी जनतामाफ्क छेडिएको संघर्षमा उनी मुछिन पुगे ।

अराफातले कायरो युनिभर्सिटीबाट इन्जीनियरिङमा स्नातक उपाधि हासिल गरे । त्यसपछि उनी कुवेतमा पुगे र आफ्नै कन्सट्रक्सन कम्पनी खडा गरे । अराफात, जो त्यतिखेरै धनाढ्य ब्यक्तिमा गनिन थालेका थिए । र, त्यसवेलाको दामी गाडी 'थण्डरबर्ड' मा हुइँकिन्थे । तर, अराफातले सम्पन्नताको जीवन त्यागे र गाडीलाई ग्यारेजमा थन्काए । अव उनको लागि इजरायली आधिपत्यबाट प्यालेष्टिनी जनताको मुक्ति नै एकमात्र निर्दिष्ट लक्ष बनेको थियो ।

शिक्षित प्यालेष्टिनीहरूलाई साथमा लिएर उनले अल-फताह संगठनको स्थापना गरे । अन्ततः त्यो नै प्यालेष्टाइन मुक्ति संगठनको मुटु बन्न पुग्यो । कुनै बेलाकी इजरायली प्रधानमन्त्री गोल्डा मेइरले 'यहाँ प्यालेष्टिनी जस्तो कुनै कुरा नभएको' दाबी गरे पनि अराफात नै हुन् जसले बौद्धिकरूपमा प्यालेष्टाइनको परिभाषा अघि सारेका थिए, प्यालेष्टिनी जनताको लक्षलाई मूर्तता दिएका थिए, यसको लागि संगठित लडाई छेडेका थिए र प्यालेष्टाइनको सवालमा विश्वको ध्यान खिच्न सफल भएका थिए ।

पैंतीस बर्षअघि नै अराफात पीएलओको कार्यकारी कमिटीको अध्यक्ष बनेका थिए । विडम्बना त यही थियो कि, उनी अरब राष्ट्र सिरिया र इजिप्टमा थुनिन पुगेका थिए । जुनबेला जोर्डानमा पीएलओका गुरिल्ला क्याम्पहरू रहेका थिए, राजा हुसेनले यी क्याम्पमा आक्रमण गर्न सेना नै पठाएका थिए र हजारौं प्यालेष्टिनीहरूको हत्या गरिएको थियो । त्यसपछि लेवनानमा गुरिल्ला क्याम्प सारिएको थियो । बीस बर्षअघि बेरूतमा इजरायलले आक्रमण गर्दा उनी धन्न बाँचेका थिए ।

मुक्ति संघर्षका महानायक अराफातको सन्दर्भमा भन्ने गरिन्थ्यो-उनले क्रान्तिसँग विवाह गरेका थिए । अराफात, जसले तीस वर्षअघि संयुक्त राष्ट्रसंघको महासभामा यो प्रसिद्ध उद्गार व्यक्त गरेका थिए-'स्वतन्त्रताको लागि म यहाँ एक हातमा जैतुनको हाँगा र अर्को हातमा पिस्तोलका साथ आएको छु । मेरो हातवाट जैतुनको हाँगा खस्ने छैन ।' जैतुनलाई शान्तिको प्रतीकको रूपमा लिइन्छ ।

बाइबल्समा उल्लेखित फिलिस्टाइन्स (जसको अर्थ हुन्छ-समुद्रका मान्छे) जनताको भूमि 'फिलिस्टिया'लाई अन्ततः प्यालेस्टाइन भन्न थालियो । फिलिस्टाइन्सहरूले भूमध्यसागरको पूर्वीतटको दक्षिणी तटक्षेत्रमा इशापूर्व बाह्रौं शताब्दीमा आधिपत्य जमाएका थिए । प्यालेष्टिनीहरूको भनाइ छ-अहिले जसलाई इजरायल भनिन्छ त्यो नै प्यालेष्टाइन हो । इतिहासको अनादिकालदेखि सन् १९४८ सम्म प्यालेष्टिनीहरूले बसोबास गरेको थलो यही नै हो । त्यसै बर्ष यहुदीवादी आतंकवादका कारण असंख्य प्यालेष्टिनीहरू बलपूर्वक विस्थापित भए र अरब राष्ट्रका शरणार्थी क्याम्पहरूमा निर्वासित जीवन बिताउन बाध्य भए । त्यो पीडा आज पनि यथावत छ ।

सन् १९०७ मा वर्ल्ड जियोनिस्ट अर्गनाइजेशनले प्यालेष्टाइन भूमिलाई 'यहुदी राज्य'को क्षेत्रको रूपमा छनौट गऱ्यो । दश वर्षपछि यहुदीवादीहरू यहुदी राज्यको पक्षमा आधिपत्यकारी राष्ट्र ब्रिटेनलाई मोड्न सफल भए । १९१६ मा ब्रिटिश सरकारले बाल्फोर घोषणा जारी गऱ्यो जसले युरोपमा रहेका यहुदीवादी आन्दोलनसमक्ष प्यालेष्टाइनमा 'ज्युइस नेशनल होम'को प्रस्ताव साऱ्यो । जब कि, त्यतिखेर प्यालेष्टाइनमा यहुदी जनसंख्या दुई प्रतिशतमात्र थियो ।

१९४७ मा प्यालेष्टाइन भूमि विभाजनको संयुक्त राष्ट्रसंघीय योजनामा 'यहुदी राज्य'को घोषणा गरियो । त्यतिबेला यहुदी जनसंख्या ६ लाख थियो भने अरब जनसंख्या १२ लाख थियो । यहुदीहरूको स्वामित्वमा ६ प्रतिशतमात्र भूमि भए पनि विभाजन योजनाले आधाभन्दा बढी प्यालेष्टाइन राज्य यहुदी राज्यलाई प्रदान गऱ्यो । पछि गएर इजरायलको प्रधानमन्त्री बनेका मेनाछिम बेगिनको आतंकवादी दस्ताले प्यालेष्टिनी जनताविरूद्ध कत्लेआमको कहर बर्साउन थाल्यो । देर यासिनको हत्याकाण्ड त्यो एक कुख्यात उदाहरण हो जसमा ३०० प्यालेष्टिनी नागरिकको हत्या गरिएको थियो ।

प्यालेष्टिनी जनताको छाता संगठन प्यालेष्टाइन मुक्ति संगठन (पी.एल.ओ.)को फ्रेमवर्कमा जनवरी १, १९६५ मा सशस्त्र प्रतिरोध आरम्भ भयो । यसकारण पनि कि, संयुक्त राष्ट्रसंघले प्रस्ताव नं. १९४ पारित गरेर इजरायलद्वारा लखेटिएका प्यालेष्टिनी जनतालाई आफ्नो थलोमा फर्कने अधिकार रहेको जनाए पनि, यस कारण पनि कि, ११० भन्दा बढी राष्ट्रहरूले प्यालेष्टिनी जनताको एकमात्र प्रतिनिधिमूलक संस्थाको रूपमा पी.एल.ओ.लाई मान्यता दिए पनि, यसकारण पनि कि, संयुक्त

राष्ट्रसंघको महासभाले एक प्रस्ताव पारित गरेर प्यालेष्टिनी जनतालाई आत्मनिर्णय तथा स्वतन्त्र राज्यको अधिकार रहेको पुष्टि गरे पनि प्यालेष्टाइन छातीमा इजरायलका ट्याकहरू गुडिरहे र प्यालेष्टिनी शीरमा मिसाइलहरू बर्सिरहे ।

सन् १९६७ मा इजरायल-अरब राष्ट्रमाफको युद्धपश्चात् तीन चौथाई प्यालेष्टाइन भूमिमा अन्ततः इजरायलले कब्जा जमायो । र, प्रायः सबैजसो प्यालेष्टेनीहरूलाई आतंक तथा बलप्रयोगबाट निष्काशित गरियो । पन्ध्र वर्षपछि लेबनानमा रहेका शरणार्थी शिविरसमेत इजरायलको आक्रमणबाट बच्न सकेनन् । साब्रा र शातिला शिविरमाथिको त्यस आक्रमणमा २० हजार प्यालेष्टिनी मारिए वा घाइते भए । त्यस आक्रमणका खलनायक वर्तमान प्रधानमन्त्री एरियल स्यारोन नै थिए ।

गाजापट्टीमा इजरायली अतिचारको एक घटनापश्चात् १९८७ मा गाजापट्टीसँगै पश्चिम किनारका प्यालेष्टिनीहरू इजरायली आधिपत्यविरूद्ध स्वस्फूर्तरूपमा उठे । त्यस विद्रोहलाई इन्तिफादा अर्थात् पवित्र विप्लव भनियो । इन्तिफादाको चार वर्षको अवधिमा इजरायलको हातबाट १ हजार प्यालेष्टिनी मारिए, जसमा ३५० बालबालिका थिए । इन्तिफादाकै दौरान, प्यालेष्टाइन राष्ट्रिय परिषद्ले प्यालेष्टाइन राज्यको घोषणा गरेको थियो । र, १०० भन्दा बढी राष्ट्रले त्यस राज्यलाई मान्यता प्रदान गरेका थिए ।

दश वर्षअघि टाइम इन्टरनेशनल म्यागेजिनसँगको कुराकानीमा अराफातले भनेका थिए-मेरा सपना धेरै छन्: युद्ध, हिंसा तथा उत्पीडनविनाको मध्यपूर्व, सहयोगीमूलक, समुन्नत, नयाँ विश्व व्यवस्थाका लागि योगदान गर्नसक्ने मध्यपूर्व । ...म मेरो घरको आफैं डिजाइन गर्नेछु-जेरिकोमा होइन जेरूसेलममा । त्यहाँ आफ्नो काकासँग रहँदाको सम्झना छ मलाई । त्यो घर भत्काइयो । मेरो कल्पनामा भविष्यको जेरूसेलम यस्तो छ, जुन दुई राज्यको राजधानी (इजरायल र प्यालेष्टाइन) होओस्, वर्लिन पर्खालविनाको । ... शताब्दीयौंसम्म हामी यहुदीहरूसँगै बस्यौं । हामी उनीहरूलाई हाम्रा भाइ-भतिजा भन्थ्यौं । यो हाम्रो परम्पराको एक हिस्सा हो । ... सबै कुरा उचित समयमा निस्कन्छ । जब म क्रान्तिमा लागें त्यतिखेर सबै कुरा सखाप थियो । त्यसबेला हामीले भन्यौं-हामी यहुदीहरूका साथ शान्तिपूर्वक रहन चाहन्छौं । केही अरबहरूले हामीलाई गद्दार भने । हाम्रो कुरा अरबहरूले स्वीकार्न धेरै वर्ष लाग्यो । निकास निस्कन्छ नै, यसपटक नभए अर्को पटक । अर्को विकल्प छैन ।

*- ११ नोभेम्बर, २००४*

# पितृसत्ताविरोधी आन्दोलनमा पुरूषको भूमिका

**' काले लार्सन**

**स**माजमा परम्परागत रूपमा महिलाविरूद्ध थुपै विभेद हुँदै आएका छन् । उक्त विभेदविरूद्धको आन्दोलनमा पुरूषले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । यहाँ महिला अधिकार र समानताको लागि हुने महिलावादी आन्दोलनमा पुरूषको भूमिकाको बारेमा केही कुराहरू उल्लेख गर्न चाहेको छु ।

महिलावादको आधारभूत कुरा भनेकै परम्परागत रूपमा पुरूषलाई महिलालाई भन्दा बढी अधिकार दिइने संस्कारगत पक्षलाई अनुभूत गर्नु र त्यो विभेदपूर्ण परम्पराविरूद्ध परिवर्तनका पक्षमा क्रियाशील हुनु हो ।

त्यसैले यस प्रक्रियामा व्यक्ति वा फरकफरक समूहबीच रहेको जेण्डर असमानतालाई बुझ्ने कुरामात्र पर्याप्त हुँदैन, बरू महिलालाई पुरूषमा आश्रित बनाइनुको मूलकारण महिलाहरूप्रतिको जेण्डर विभेद नै हो भन्ने कुरालाई मनन गर्दै जेण्डर समानताका लागि हुने आन्दोलनमा प्रतिबद्धरूपमा सहभागी हुनुपर्दछ । त्यस्तै, विभेदपूर्ण स्थितिलाई परिवर्तन गर्नुपर्छ भन्नु असाध्यै राम्रो र स्वागतयोग्य कुरा हो, तर भनाइले मात्र पुग्दैन । यही कुरा हरेकले सार्वजनिक र निजी जीवनमा गरेर पनि देखाउनु पर्दछ । त्यसैले, महिला अधिकारको बारेमा असाध्यै राम्रो बोल्ने पुरूष वक्ताहरूको बोलाईमा पनि के होसियार हुनुपर्दछ भने उक्त बोलाई वास्तविक परिवर्तनमा केन्द्रित छ वा लोकप्रियताका सस्ता शब्दाडम्वरमात्र व्यक्त हुँदैछन् ?

मेरो विचारमा पुरूषहरू महिलावादीका रूपमा प्रस्तुत हुनका लागि केही आधारभूत कुराहरूमा हामी पुरूषहरूले ध्यान दिनुपर्दछ, जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- एउटा खतरा के हुन सक्दछ भने जब महिला अधिकारको कुरा गर्न थाल्दछन्, पुरूषहरूले विषयबस्तुलाई आफ्नो काबुमा राख्ने र अरू समयमा जस्तै यस विषयमा पनि पुरूषहरू नै बढी समय बोल्न र विषयलाई प्रभावित पार्ने सम्भावना रहन्छ ।
- जसरी अरूले आफूसँग भएको अधिकार सजिलैसँग हस्तान्तरण गर्दैनन्, त्यस्तै पुरूषले पनि आफूसँग रहेको अधिकार सहजरूपमा महिलालाई दिनेवाला छैनन् । यसैले महिला अधिकारको विषयमा जवसम्म द्वन्द्व हुँदैन, तवसम्म वास्तविक जीवनमा परिवर्तन आउन सक्दैन ।
- आफ्नो शक्तिलाई सुनिश्चित गर्न पुरूषले फरक र कहिलेकाहीं चलाखीपूर्ण तरिका प्रयोग गर्न सक्दछन् । यसबारेमा नर्वेजियन समाजवादी महिला नेता बेरितले महिला दवाउने पुरूषका पाँचवटा प्रमुख तरिका (महिलाको कुरालाई बेवास्ता गरिदिने, हरेक कुरालाई हाँसोमा उडाइने, सूचना आफ्नो नियन्त्रणमा राख्ने, जेसुकै गरे पनि जितिने होइन भन्ने र जे गरे पनि दोष र आरोप महिलामाथि थोपर्ने) का रूपमा उल्लेख गरेका कुनै पनि तरिका प्रयोग हुन सक्दछन् । उदाहरणका लागि दमन र विभेदका कुरा गर्दा कहिलेकाहीं महिलाद्धारा हुनसक्ने केही विभेदका उदाहरणहरू पेस गर्ने वा विषयलाई अन्तै मोड्ने काम हुनसक्छ ।
- समाजमा चल्दै आएको जेण्डर सम्बन्धलाई कायम राख्न पुरूषहरू एक-अर्कालाई साथ सहयोग दिन सक्दछन् । अरू पुरूषलाई साक्षीको रूपमा प्रस्तुत गर्ने र इच्छ्याइएको महिलालाई बोल्न लगाई सम्भावित प्रश्नबाट टाढा रहँदै स्थापित जेण्डर सिष्टमलाई कायम राख्न सक्दछन् ।

- पुरूषलाई कहिलेकाहीँ लाग्न सक्छ कि महिलाको विषय भनेको महिलाको सरोकारको कुरा हो र यसमा हाम्रो कुनै सरोकार छैन । त्यसो हुँदा यी विषयहरूले महत्व पाउँदैनन् र पाखा लाग्न सक्दछन् ।

यस्ता कुराले जेण्डर विषय र व्यवहारमा जे परिवर्तन गर्न चाहेको हो र सकिन्थ्यो, वास्तविक रूपमा परिवर्तनलाई पन्छाउन मद्दत पुग्दछ र समाजमा पुरूषको जुन आधिपत्य कायम छ, यसलाई अझै सुनिश्चित गर्दछ । यस्ता विषयहरूमा छलफल गर्दै र तोड्दै जानुपर्दछ । प्रायः यस्ता कुरामा पुरूषहरू आफैं सचेत हुने र यो कुसंस्कार भत्काउने काममा लागेको पाइँदैन, बरू यस्ता कुरा जव देखिन्छ, कहिलेकाहीँ उनीहरू उत्तेजितरूपमा विरोध गर्दछन् । जेसुकै भए पनि यी सव कुराको मतलव भनेको अन्तरविरोध देखाउनु हुँदैन भन्ने होइन, बरू यस्ता अन्तरविरोध र विभेदपूर्ण विषयलाई महिलावादी रणनीतिसहित अगाडि बढाउनु पर्दछ ।

अब महिला आन्दोलनमा पुरूषको कस्तो भूमिका हुनसक्छ भन्ने विषयमा प्रवेश गर्न चाहन्छु । मेरो विचारमा हामी पुरूषहरूले–

- महिलाहरूले निजी र सार्वजनिक जीवनमा अनुभूत गरेका कुराहरूलाई गम्भीरतापूर्वक सुन्ने र यसलाई राजनीतिक विश्लेषणको आधार मानेर पार्टी कामको शुरूवात विन्दु बनाउने सहयोग गर्न सक्दछौं ।
- जेण्डर सीमाहरू तोडेर अगाडि बढ्न आँट गर्ने महिलालाई सबै किसिमका आवश्यक सहयोग र प्रोत्साहन दिने सक्छौं ।
- परिवर्तनका लागि महिलाहरूले जे रणनीति तयार गरेका हुन्छन्, त्यसमा प्रश्न खडा गर्नुभन्दा विनाशर्त स्वीकार गर्दै कार्यान्वयन प्रक्रियामा सहयोग गर्न सक्दछौं ।
- नेतृत्वमा महिला सहभागिता बृद्धिका लागि प्रोत्साहन गर्न सक्दछौं । उदाहरणका लागि कुनै पनि खाली स्थानमा पदपूर्ति गर्दा सम्भव भएसम्म महिलालाई नै पहिलो प्राथमिकता दिने र महिला नभएमा मात्र आफूले स्वीकार गर्ने संस्कारको विकास गारउन सक्दछौं ।
- सार्वजनिक वा निजी जीवनमा जेण्डर असमानता कायम रहनुमा आफ्नोतर्फबाट केही कमी भयो कि भनी आफैंलाई समय-समयमा स्वमूल्यांकन गर्दै पुरूष भएकै कारण समाजले आफूलाई दिएको विशेषाधिकार र भूमिकालाई क्रमशः अस्वीकार गर्दै जान सक्दछौं । उदाहरणका लागि "घरेलु काममा कसरी आधा दायित्व पूरा गर्ने र बैठक भेलामा आफूले कम समय बोलेर महिलालाई बढी समय बोल्न प्रोत्साहन गर्ने भन्ने विषयमा ध्यान पु¥याउन सकिन्छ ।
- सार्वजनिक, निजी र राजनीतिक जीवनमा "विशेषअधिकारवाला" किसिमको व्यवहार छ भने परिवर्तन गर्न र अरू पुरूष सहकर्मीहरूमा पनि यस्तो देखिएमा उनीहरूलाई पनि सुझाव दिँदै सुधार गर्न सहयोग गर्न सक्दछौं ।
- महिलावादी सिद्धान्तको बारेमा थप अध्ययन गर्ने, सिक्ने र यी कुरालाई महिला आन्दोलनमा लागु गर्न सहयोग पु¥याउने जस्ता तरिकाबाट महिला आन्दोलनमा सहभागि हुन सक्दछौं ।

संक्षेपमा भन्नुपर्दा महिला अधिकारको आन्दोलनमा पुरूष सहभागिताको लागि पुरूषहरूले आफ्नो भूमिकाको मूल्यांकन गर्दै महिलाहरूले बनाएको रणनीतिलाई कार्यान्वयनमा विनाशर्त सहयोग गर्न सक्नुपर्दछ । यसो गर्दा हामी पुरूषले उपभोग गर्दै आएको अधिकारमा अवश्य पनि कटौती हुनेछ । यसको मतलव हामिले पाइरहेको केही अधिकार गुमाउनेछौं । तर, त्यसको बदलामा हाम्रो आन्दोलनमा महिला सहभागिता र जेण्डर समानता बढ्ने छ । र, हाम्रो समाज हामीले भन्ने गरेको र चाहेको जस्तै जेण्डर समान हुनेछ, जसका लागि हामी लामो लडाई लडिरहेका छौं ।

(**लेफ्ट पार्टी स्वीडेनका** *केन्द्रीय सदस्य* **तथा सांसद लार्सनद्वारा** *नेकपा (एमाले)को महिला विभागद्वारा आयोजित कार्यक्रममा प्रस्तुत विचार)*

# भागनेको जीत, लड्नेको हार

**' भानुभक्त ढकाल**

**राज्यहरूको संगमस्थल**

सामान्य प्रचलनमा विश्व जनमानसले अमेरिका भन्नाले एउटा देशलाई बुझ्दछन् । यथार्थतामा अमेरिका भन्नाले उत्तर तथा दक्षिण अमेरिकी महादेश हो । संसारका मानिसहरूले सुनेको र बुझेको उत्तर अमेरिकी महादेशका ५० राज्यहरू मिलेर बनेको हुनाले नै यसलाई संयुक्त राज्य अमेरिका भनिएको हो । संयुक्त राज्य अमेरिकाको उत्तरमा क्यानडा, पूर्वमा एट्लान्टिक महासागर, दक्षिणमा मेक्सिको र पश्चिममा प्रसान्त महासागर रहेको छ । शक्ति हुनेकै पूजा हुने भएकैले होला, महादेशहरू भन्दा पनि एउटा देश बढी परिचित र प्रचलित छ । अमेरिकाको राजधानी सन् १८०० देखि वासिङ्टन डीसीमा छ । अमेरिकाको सबैभन्दा अग्लो स्थान हिमाल भ्याकेन्ली हो, यो अलास्कामा पर्दछ । यसको उचाई ६१९४ मिटर छ ।

**इतिहासको पानामा अमेरिका**

स्पेनिस नागरिक कोलम्बसले १४९२ मा अमेरिका पत्ता लगाएका थिए । १६०७ मा ब्रिटेनले पहिलो पटक भर्जिनियामा उपनिवेशको आरम्भ ग¥यो । उपनिवेशको करिव डेढसय बर्षको इतिहासमा अमेरिकी नागरिकले स्वतन्त्रताका लागि पटक-पटक विभिन्न राष्ट्रसँग आन्दोलन गरे, तीमध्ये १७७५ को स्वतन्त्रता आन्दोलन उल्लेखनीय मानिन्छ । १७०६ को मध्यतिर ब्रिटेनले १३ राज्यमा आफ्नो उपनिवेश कायम ग¥यो । गर्भनर र कार्यपालिकामा अमेरिकी नागरिक नै भए पनि यसको नियन्त्रण भने ब्रिटिस सरकारले नै गर्दथ्यो । १७७४ मा तिनै १३ वटा उपनिवेशका प्रतिनिधिहरूले कन्टिनेन्टल कंग्रेसको आयोजना गरे र तिनीहरूले नै १७७६ मा स्वतन्त्र राज्यको रूपमा संयुक्त राज्य अमेरिकाको घोषणा गरे । १७८१ देखि यसले संघीय सरकारको रूप धारण ग¥यो । १७८३ को पेरिसमा सम्पन्न सन्धिबाट ब्रिटेनले अमेरिका स्वतन्त्र भएको स्वीकार ग¥यो । यसपछि १७८७ मा आयोजना गरिएको कन्फेड्रेशनले केन्द्रीय सरकारलाई युद्धको घोषणा गर्न र विदेश नीतिको व्यवस्थापन गर्ने अधिकार सुम्पियो । केन्द्रीय सरकार र राज्य सरकारको अधिकारको विषयलाई लिएर त्यसमा सहभागीहरूबीच विवाद भएको थियो । अन्ततः संसदमा जनसंख्याका आधारमा र सिनेटमा राज्यको समान प्रतिनिधित्व गर्नेगरी जुन २१, १७८८ मा संविधान संशोधनसहित पारित भयो ।

**इतिहासका केही आफ्नैपनहरु**

अहिले अमेरिका उत्पादनमा नेतृत्वकर्ता, उच्चस्तरको जीवनशैली, विज्ञान, प्रविधि, औषधि, सैन्य शक्तिमा विश्वमा आफ्नो एकछत्र प्रभुत्व राख्न सफल भएको छ। आजभन्दा करिव दुइसय वर्ष अगाडि त्यहाँका पहिलो राष्ट्रपति जर्ज वासिङ्टनले बिधवासँग विवाह गरेका थिए। अब्राहम् लिंकन राष्ट्रपति बनेपछि दास प्रथाको उन्मुलन गरेर काला जातिका व्यक्तिहरूको अधिकार स्थापित गरे। लिंकनलाई नाचघरमा गोली हानी हत्या गरिएको थियो। यस्तै, राष्ट्रपति केनेडी रोमन क्याथोलिक धर्मका प्रथम राष्ट्रपति थिए, उनलाई २२ नोभेम्बर १९६३ मा टेक्सासमा गोली हानी हत्या गरिएको थियो, जुन आजसम्म पनि रहस्यमय नै छ। २१६ वर्षको अमेरिकी इतिहासमा १९७४ मा राष्ट्रपति निक्सन मात्र एकजना राजीनामा दिने राष्ट्रपति हुन्। १९६९ मा चन्द्रमामा पुग्ने पहिलो व्यक्ति निल आर्मष्ट्रङ्ग अमेरिकी नागरिक थिए। बावु छोरा नै राष्ट्रपति हुनेमा रिपब्लिकन पार्टीका जर्जवुसहरू हुन्। रूजवेल्ट ४ पटक राष्ट्रपति बने।

२१६ वर्षको यस अवधिमा १४ जना उपराष्ट्रपतिहरू राष्ट्रपति वने। ४४ वर्ष उपराष्ट्रपति बिना नै राज्य सञ्चालन भएको छ। अहिलेसम्म १७ जना राष्ट्रपतिहरू २ पटक निर्वाचित भएका छन्। इतिहासमा पहिलो आठवर्ष स्वतन्त्र व्यक्ति राष्ट्रपति बने। ४ वर्ष फेडरिक पार्टीले शासन चलायो। त्यसपछि लगातार २८ वर्षसम्म डेमाक्रेटिक रिपब्लिक पार्टीले एकछत्र विजय प्राप्त गऱ्यो। १८२४ को निर्वाचनमा ज्याक्सनले लोकप्रिय मत ल्याए पनि सिनेटले अर्कै व्यक्तिलाई राष्ट्रपति बनायो, यही कारण रिपब्लिकन डेमोक्र्याटिक पार्टीमा विभाजन भयो। १७९० मा डेमोक्र्याटिक पार्टी १८०० मा रिपब्लिकन डेमोक्र्याटमा परिणत भयो र १८२८ को निर्वाचनमा डेमोक्र्याटिक र रिपब्लिकन छुट्टाछुट्टै पार्टीका रूपमा अघि बढे। निर्वाचनमा डेमोक्र्याटिकलाई विजय प्राप्त भयो। इतिहासमा ८ वर्ष मोर्चाले सरकारको नेतृत्व गरेको छ। यसक्रममा दुवै पटक निर्वाचित राष्ट्रपतिहरूको १-१ वर्षको अवधिमा मृत्यु भएकाले मोर्चाको सरकार अमेरिकाका लागि अफापसिद्ध मानियो।

अब्राहम लिंकन पार्टी विभाजनपछि रिपब्लिकको तर्फबाट १८६१ मा पहिलो राष्ट्रपति बने। पार्टी विभाजनको १७६ वर्षको इतिहासमा रिपब्लिकनले ८८ वर्ष र डेमोक्र्याटले ८० वर्ष शासन संचालन गरेको पाइन्छ। हालसम्मका सवैभन्दा पाको उमेरको राष्ट्रपति रोनाल्ड रेगन ७० वर्षमा बने। सबैभन्दा कान्छो उमेरका ४३ वर्षका थियोडोर रूजवेल्ट बने। यी दुवै लगातार २/२ पटक नै राष्ट्रपति भए। यी दुवै रिपब्लिकन पार्टीका थिए।

**सरकार**

संविधानतः संयुक्त राज्य र अन्य राज्यहरूबीच संघीय राज्यको अवधारणा अन्तर्गत शक्तिको विन्यास गरिएको छ। केन्द्रीय सरकार, राज्य सरकार र स्थानीय गरी तीन भागमा व्यवस्थित गरिएको छ। अदालतमा समेत कामको परिभाषा तोकिएको हुन्छ। यहाँ संसद र सिनेट गरी दुई सदनात्मक व्यवस्था छ। तल्लो सदन संसदमा जम्मा ४३५ जना सदस्यहरूले विभिन्न राज्यहरूको तर्फबाट जनसंख्याको आधारमा प्रतिनिधित्व गर्छन्। सबैभन्दा बढी ५२ जना सांसदहरूले क्यालिफोर्निया राज्यबाट प्रतिनिधित्व गर्दछन्। उनीहरूको अवधि ४ वर्षको हुन्छ।

माथिल्लो सदन सिनेटमा जम्मा १०० जना सदस्यहरू छानिन्छन्, जुन सबै राज्यहरूबाट समानरूपमा प्रतिनिधित्व हुन्छ। यसको अवधि ६ वर्षको हुन्छ। प्रत्येक ४ वर्षमा राष्ट्रपतिको निर्वाचन हुन्छ। इलेक्टोरल मतको आधारमा हुने यो निर्वाचनमा विजय प्राप्त गर्न जम्मा २७० मत चाहिन्छ। जनताको धेरै मत ल्याएपनि विजयी हुने कुराको ग्यारेन्टी गर्न सकिँदैन।

सरकार प्रमुख, सेनाको संञ्चालक, विदेशका लागि प्रतिनिधि एवं राजदूतहरूको नियुक्ति, अन्तर्राष्ट्रिय मामिला, राज्यका उच्च पदाधिकारीसँग छलफल राष्ट्रपतिका काम हुन्। कार्यकारी विभागका प्रमुखहरूको नियुक्ति पनि राष्ट्रपतिले नै गर्दछन्। ४ वर्षका लागि सवै जिम्मेवारी उनले नै सम्हाल्नुपर्छ। त्यसलाई सिनेटले अनुमोदन गर्नुपर्दछ। कार्यकारी विभाग १४ वटा छन्, यो त्यहाँको क्याविनेट पनि हो। सेना सञ्चालनको लागि राष्ट्रपति प्रमुख भए तापनि उनले रक्षा मन्त्रीलाई सुरक्षाको जिम्मा तोक्ने गर्छन् जुन राष्ट्रपतिप्रति मात्र नभई संसदप्रति समेत जवाफदेही हुन्छन्।

**राष्ट्रिय विपत्तिको सामना गर्ने नेता संविधानभन्दा माथि हुन्छ**

रूजवेल्ट १९३२ मा डेमोक्रेटिक पार्टीको तर्फबाट राष्ट्रपति निर्वाचित भएपछि आर्थिक, राजनैतिक र सामाजिक क्षेत्रमा सुधारका कार्यक्रमहरू लागू गरी राष्ट्रलाई संकटबाट मुक्त गराए। १९३३ मा अक्टोवर क्रान्तिपछि रूससँग विग्रिएको सम्बन्धलाई राज्यको मान्यता दिई सुधार गरे। जसको कारण दोस्रो विश्वयद्धमा अमेरिका, रूस र ब्रिटेन एउटै मोर्चामा रहे। राष्टपति रूजवेल्ट ४ पटकसम्म राष्ट्रपतिमा निर्वाचित भए। उनको चौथो कार्यकाल भने जम्मा ८३ दिनको मात्र रहन गयो।

**राष्ट्रपति अदालतको बहुमतले छान्यो**

अमेरिकामा पनि अदालतले राजनैतिक फैसला गरेको छ। जतिबेला रूजवेल्ट दोस्रो अवधिको निम्ति राष्ट्रिपतिको उम्मेदवार बनेका थिए, उनले अघि सारेको सामाजिक सुधारको कार्यक्रम लागू नगर्नू भनी अदालतले फैसला गऱ्यो। राष्ट्रपतिले मन्त्रिपरिषद्को वैठक आयोजना गरी यो सरकारको अधिकारको विषय हो, सरकारले यसको कार्यान्वय गर्नसक्छ भनी कार्यान्वयन गरे। यस्तै २००१ मा भएको राष्ट्रपतीय निर्वाचनमा अनौठो पक्ष के रहयो भने मतगणनामा कम्प्युटरले गन्दा एक व्यक्ति राष्ट्रपति हुने र हातले गन्दा अर्काले जित्ने आश्चर्यको घटना भएपछि वर्तमान राष्ट्रपतिका भाइ फ्लोरिडा राज्यका गभर्नरले निर्वाचनमा गरेको अनियमितताको विषयलाई लिएर सर्वोच्च अदालतमा मुद्दा पऱ्यो। यसमा प्रमुख न्यायाधीशसहित ५ जनाले निर्वाचनको पुनः मतगणना नगराई वर्तमान राष्ट्रपति जर्जबुसलाई राष्ट्रपति मान्यता दिने फैसला गरे भने ४ जना न्यायाधीशले यसमा फरक मत राखे। यसरी अदालतको बहुमतले राजनैतिक फैसला गरी राष्ट्रपति घोषणासमेत गरेको पाइन्छ।

**युद्धमा भूमिका**

पहिलो र दोस्रो विश्वयुद्धमा अमेरिका जाइलागेको पाइँदैन। जनता र राष्ट्रमाथि अरूको आक्रमण र क्षतिपछि मात्र युद्धमा सामेल भएको पाइन्छ। १९१४ मा ब्रिटिस जहाजमा जर्मनीले आक्रमण गर्दा ११९८ जनाको मृत्यु भयो, यसमध्ये १२८ जना अमेरिकी नागरिक थिए। युद्धबाट बाहिर बस्ने नारा दिंदादिंदै इतिहासमा पहिलो पटक अर्काको भू-भागमा गएर ६ अप्रिल १९१७ मा जर्मनीका विरूद्ध प्रत्यक्ष सेना परिचालन गऱ्यो। त्यस्तै सन १९४१ को सेप्टेम्बर १ मा जर्मनीले पोल्याण्डमाथि अतिक्रमण गरी दोस्रो विश्वयुद्धको सुरूवात गरेपनि अमेरिका युद्धको विपक्षमा तटस्थको भूमिकामै सीमित थियो। सात डिसेम्वर १९४१ मा जापानले अमेरिकाको पर्ल हार्वर आक्रमण गरेपछिमात्र ऊ दोस्रो विश्वयुद्धमा सामेल भयो। यसको बदलास्वरूप १९४५ अगष्ट ६ र ९ मा जापानको हिरोसिमा र नागसाकीमा अणु बम खसाली जापानलाई समर्पण गर्न बाध्य तुल्यायो।

शीतयुद्धको समयमा अमेरिका र रूसबीच बढेको विवाद र युद्धको होडबाजीका कारण १९५० देखि दक्षिण कोरिया, १९५७ देखि १९७३ सम्म भियतनाम, पश्चिम जर्मनीमा अमेरिका प्रत्यक्ष सैनिक क्याम्प खडा गरी सेना परिचालन गर्ने, कम्युनिष्ट विरोधी राष्ट्रलाई आर्थिक

सहयोग दिने र हतियारको प्रतिस्पर्धामा लाग्ने काममा केन्द्रित भयो । १९७३ मा दक्षिणी भियतनामबाट अमेरिकी सेना फिर्ता भएको दुई वर्षपछि नै भियतनाम एउटै राष्ट्र बन्न सफल रह्यो । सेनाको आडमा राज्य टिकाउने र शासन लाद्ने प्रवृत्तिबाट मुक्त हुन भियतनामबाट समेत अमेरिकाले शिक्षा लिन सकेको देखिंदैन ।

पछिल्लो अवधिमा सैन्य शक्ति र आर्थिक उन्मादले अमेरिका मैमत्त भएको पाइन्छ । आफूलाई लागेको सवै प्रजातन्त्र र आफ्नो स्वार्थको प्रतिकूल सवै प्रजातन्त्र विरोधी एवं आतंककारी र आतंककारीका मतियार देख्ने प्रवृत्तिले विश्वका न्यायप्रेमी जनता एवं राष्ट्रहरूको स्वतन्त्रताको चीरहरण गर्ने अमेरिकाको दादागिरी प्रवृत्तिका अगाडि विश्व निरीह सावित भएको छ । १९८९ मा पनामामा सेना पठाएर त्यहाँको जनरल नोरिगालाई गिरफ्तार गरी लागू औषधको अभियोगमा मुद्दा चलाउनु, युगोस्लाभियाका पूर्व राष्ट्रपति मिलोसेविचलाई गिरफ्तार गरी अन्तर्राष्ट्रिय न्यायालयका नाममा अमेरिकाको निर्देशनमा मुद्दा चलाउनु, स्वतन्त्र राष्ट्र इराकमाथि १९९१ मा आक्रमण गर्नु, ११ सेप्टेम्बरको घटनालाई विषय बनाएर आफ्ना विरोधी एवं आफूसँग असमहत पक्षलाई आतंककारीको नाममा बद्नाम गर्नु, आक्रमण गर्नु अहिले अमेरिकाको नित्यकर्म बनेको छ ।

**शक्तिमा आएपछि बढेको स्वार्थ**

१९१७ सम्म आइपुग्दा अमेरिका केन्द्रीय शक्तिको रूपमा विकसित भइसकेको थियो । १९२०मा भर्सेलीज सन्धि भयो, यसबाट लिग अफ नेसन बन्यो । यो संस्थामा ऊ सामेल नभइ असफल नै बनायो । दोस्रो विश्व युद्धपछि १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना गरी त्यसको केन्द्र, न्यूयोर्कमा रहने व्यवस्था गऱ्यो र शक्तिका आडमा यो संस्थालाई समेत आफ्नो स्वार्थअनुरूप उपयोग गर्ने काम गऱ्यो । शितयुद्धको आरम्भसँगै कम्युनिष्टहरूविरूद्ध मोर्चाबन्दी गर्दै नेटोलगायतका संस्थाहरूको निर्माण गरी अरूको समेत सहयोगको आवरणमा अमेरिकाले शक्तिको दुरूपयोग गरेको पाइन्छ । वित्तीय संस्थाहरूमार्फत् समेत शोषण गर्नेमात्र होइन कि उसका निर्देशनहरू मान्न बाध्य बनाएको छ ।

**निर्वाचन र यसको संकेत**

अमेरिकाको राष्ट्रपतिको निर्वाचन इलेक्टोरल मतको आधारमा हुन्छ । विभिन्न राज्यहरूमा इलेक्ट्रल मत संख्या तोकिएको छ । यो प्रणालीअनुसार राज्यका मतदाताहरूले राष्ट्रपतिको उम्मेदवारलाई मतदान गर्दछन् राज्यमा जसले बढी मत ल्यायो, त्यो राज्यको इलेक्टारल मत संख्या सवै नै बढी ल्याउनेको पक्षमा जान्छ । यसरी ५० राज्यमध्ये जसले बढी ल्याउँछ ऊ नै राष्ट्रपति बन्छ । राष्ट्रपतिसँगै एक तिहाई सिनेट सदस्य र ५०% सांसदहरूको पनि यही अवधिमा निर्वाचन हुने गर्दछ । यसपटकको निर्वाचनमा रिपब्लीकन पार्टीका जर्ज बुस २९ राज्यमा अग्रता कायम गर्दै विजयी बने । लोकप्रिय मतमा ५१ प्रतिशत ल्याई उनी नै अगाडि रहे । लामो समयपछि रिपब्लिकन पार्टीले सिनेट तथा संसदमा समेत स्पष्ट बहुमत प्राप्त गरेको छ । राष्ट्रपतिलाई अंकुस लगाउने निकायमा समेत डेमोक्रेटहरूको बहुमत गुमेकोले विनाअवरोध बुसको नीतिलाई विगतका दिनमा भन्दा अझ हैकमवादी शैलीमा अघि बढ्न बाटो खुल्ला भएको छ । सर्वोच्च अदालतका न्यायाधीसहरूको नियुक्ति पनि सन २००६ मा हुने भएकोले न्यायिक क्षेत्रबाट समेत रिपब्लीकनहरूको लागि अनुकूलता थपिने भएको छ । यसले अमेरिकी जीवनमा नै दीर्घकालीन असर पर्ने देखिन्छ ।

यसपटकको निर्वाचनमा अफगानिस्तान र इराकमा अमेरिकी सेनाको नेतृत्वमा संचालन गरिएको युद्धलाई मूल मुद्दा बनाइएको थियो । विगतको निर्वाचनमा आन्तरिक विषयले प्राथमिकता पाउँथ्यो भने अहिले अन्तर्राष्ट्रिय र अमेरिकाको सुरक्षा जस्ता विषय मूल बने । युद्ध अहंकारले अमेरिकी जनतामा जवर्जस्त घर गरेको, युद्धको माध्यमबाट नै विश्वमा अमेरिकाको बर्चस्व कायम गर्न सकिन्छ भन्ने भावनाले काम गरेको पाइन्छ । निरंकुशतन्त्र, कट्टरता, हैकमवादी प्रवृत्ति र सैन्य उन्मादले सत्ताको समेत दुरूपयोग गर्दै अमेरिकी इतिहासमा बढी खर्च गरेर यो निर्वाचनमा वुसले विजय प्राप्त गरे, युद्धकालीन अवस्थामा आक्रामक र अडान भएको, आफ्नै निर्णयमा दमन अख्तियार गर्ने व्यक्तिलाई नै विजयी बनाउनुपर्छ भन्ने अमेरिकी जनताको भावना भजान बुस सफल भए ।

शीतयुद्धपछिको उदार प्रजातान्त्रिक आन्दोलन यो निर्वाचन परिणामपछि कमजोर बनेको छ । राष्ट्रिय स्वाधिनता, सामाजिक मुक्ति आन्दोलन र जनताका प्रजातान्त्रिक हकअधिकारका आन्दोलनमा समेत यसबाट नकारात्मक प्रभाव पर्ने छ । आफूसँग विमति राख्नेहरूमाथि आतङ्कवादको नाममा दमन गर्ने अभियानले अरू प्रश्रय पाउनेछ । साना राष्ट्रहरू तथा कमजोर राज्यहरूको स्वतन्त्रता, स्वाभिमान र आत्मनिणर्यको अधिकारमा हस्तक्षेपको मात्रा बढ्ने छ । विश्वमा एकछत्र हैकम कायम गर्ने अमेरिकाको यो अभियानमा अन्य मुलुकहरू सहयोगीको रूपमा देखापर्नेछन् वा विमति भए पनि शक्तिको अगाडि मौनता साँध्ने नीति लिनेछन् । जसले आफूमाथिको खतरालाई ननिम्त्याओस् । विश्वका कट्टरतावादी निरंकुश जनविरोधी शासकहरूको मनोवल बढ्ने छ । जनताका न्यायोचित आन्दोलनमाथि दमन गर्न उत्साहित बनाउने छ । अरूमाथि दमन गरेको भरमा नै शासन सत्ता आफ्नो हातमा रहन्छ भन्ने घमण्डले अझ यो प्रवृत्तिलाई उक्साउने छ । जसको परिमाणस्वरूप क्यूवा, उत्तर कोरिया र इरानलगायतका मुलुकहरूमाथिको संभावित आक्रमणको आतंकले विश्व जनमत चिन्तित देखिन्छ । अन्य राष्ट्रहरूमाथिको नाकाबन्दी, सैन्य हस्तक्षेप र उसको भावनाअनुसार नचल्ने राष्ट्रहरूमाथि जुनकुनै बेला जुनसुकै प्रकारको खतरा मोल्न विवश हुनेछ ।

अमेरिकाको यसपटकको निर्वाचनमा डेमोक्रेटिक पार्टीका उम्मेद्वार सिनेटर जोन केरी सर्वाधिक चर्चाको शिखरमा रहे । पूर्व अनुमान गर्ने विभिन्न व्यक्ति एवं संस्थाहरूले समेत निर्वाचनको मतगणनाको केही समयअगाडिसम्म पनि भविष्यवाणी गर्न सकेका थिएनन् । निर्वाचन अमेरिकाको भए पनि यो निर्वाचन विश्वभरी नै चर्चाको विषय बन्यो । विश्व जनमत भने केरीको पक्षमा थियो । विश्वको चासो एवं सरोकार भएपनि अमेरिकी जनता मतदाता रहेको यो निर्वाचनको परिणामले विश्व जनमत पराजित बन्न पुग्यो । तुलनात्मकरूपमा प्रजातान्त्रिक मूल्य-मान्यतालाई आत्मसात गरेको, सैन्य उन्मादी भन्दा विचारको आधारमा प्रभुत्व कायम गर्ने, अन्तर्राष्ट्रियस्तरमा अन्य शक्तिहरूलाई समेत सहमत गराउँदै अघि बढ्ने यसको नीतिले खुल्ला समाज एवं उदार प्रजातान्त्रिक परिपाटीलाई थोरै भए पनि वल पुग्ने थियो ।यो निर्वाचन परिणाम पछि अमेरिकाको जीवनमा डेमोक्रेटहरूले कठिन परिस्थितिको सामना गर्न बुद्धिमतापूर्ण ढंगले कसरी अगाडि बढ्ने हुन्, यो आफैंमा एउटा चुनौतीपूर्ण घडी हो ।

**लडाई लड्नेले हाऱ्यो र भाग्नले जित्यो**

अमेरिकामा राष्ट्रपति भएका चर्चित व्यक्तिहरू सैनिक क्षेत्रबाट आएको हुनाले यहाँको नेतृत्वले युद्धप्रति बढी रूझान राख्ने गरेको पाइन्छ । हुन त जीत लड्नेहरूको नै हुन्छ । अपवादमा भाग्नेहरूले पनि कहिलेकाहीं जित्नसक्छन् । अमेरिकाको यसपटकको निर्वाचनमा अन्य देशमा गएर लड्नु पर्ने भए बुसको परिवार जन्मस्थलबाट टक्सास भागेको थियो । लडाईमा सामेल भएनन्, तर केरी भने विदेशी भूमिमा लडेर तीन पटकसम्म घाइते बनेको जिउँदो इतिहास हुँदाहुँदै पनि आज युद्धको नेतृत्वको नाममा वुसले जित्न पुगे भने सहभागी केरी भने हार्न पुगे ।

◆

# क्रान्तिको उद्घोष गर्ने रूसी स्रष्टा

' राजन भट्टराई

**व**र्तमान अवस्थामा १५ टुक्रामा विभाजित हुन पुगेको रूसमा बोल्सेभिक क्रान्ति हुनुपूर्व जारहरूको निरंकुश सत्ता कायम थियो । जारहरूको नारा थियो-'एक राजा, एक चर्च र एक रूस ।' अझ अन्तिम जार निकोलस द्वितीयले गद्दीआरोहण हुनासाथ घोषणा गरेका थिए-"म एकतन्त्रीय स्वेच्छाचारी शासनको सिद्धान्तलाई त्यति नै दृढताका साथ अनुसरण गर्नेछु, जति मेरा पूर्वजहरूले गर्दै आएका छन् ।" निकोलसको घोषणाले तानाशाही राज्यव्यवस्थालाई निरन्तरता दिन खोजे पनि जनमानसमा परिवर्तन एवं क्रान्तिको अङ्कुर प्रस्फुटन भइसकेको थियो । अझ जारहरूले आफ्नो अन्त्य आफैंले निम्त्याउने अदूरदर्शी चेष्टा पनि गरेका थिए । अलेक्जेण्डर तृतीय (१८८१-१८९४) ले पश्चिमी यूरोपको उदारवाद एवं संसदीय व्यवस्था रूसमा अफापसिद्ध हुने घोषणा गर्दै जानक्रान्तिमा अन्यौलता थप्न चाहन्थे । लेखकहरूको स्पष्ट चिन्तन र आक्रामक शैलीमा भ्रमको खेती गर्न तल्लीन थिए । उनी समाचारपत्र एवं विश्वविद्यालयमाथि प्रतिबन्ध लगाएर सैनिक शासनको आडमा लेखकहरूलाई मृत्युदण्ड एवं निर्वासित गर्ने कार्यमा तल्लीन रहे । पिताको हत्यापछि १८८१ मा सत्तामा आइपुगेका अलेक्जेण्डर तृतीय समाजका सचेत एवं बौद्धिक नागरिकहरूलाई बिनाकारण बन्दी बनाउने, यहुदीलाई मार्ने जस्ता कार्यमा उद्यत भए । यस्ता कार्यबाट निकोलस द्वितीय पनि अछुत थिएनन् । तानाशाही एवं प्रतिक्रियावादी चिन्तनलाई आत्मसात गर्ने यस्ता जारहरूको स्वेच्छाचारी प्रवृत्तिसँग जुध्दै र उनीहरूका अन्याय एवं कर्तुतहरूको पर्दाफास गर्दै विभिन्न लेखकहरूले क्रान्तिलाई आह्वान गरेको पाइन्छ । यस्ता क्रान्तिकारी सर्जकहरूलाई सार-संक्षेपरूपमा यहाँ चिनाउने प्रयास गरिएको छ :

खासगरी रूसी साहित्यमा आधुनिककालको केन्द्रीय प्रतिभाका रूपमा मिखाइल लोभोनोसोभ (१७११-१७६५) मानिन्छन् । तापनि अलेक्साण्डर पुस्किनबाट प्रगतिशील र प्रतिक्रियावादी साहित्य गरी दुई धार देखा पर्दछन् । प्रतिक्रियावादी सत्ताका मतियार मानिएका साहित्यकार जारहरूलाई रिझाएर व्यक्तिगत स्वार्थमा लिप्त हुन चाहन्थे र ती सत्ताका नाइकेहरू सामूहिक भावना, आस्था एवं समस्यालाई गौण विषय ठान्थे । यसका विपरीतमा तत्कालीन रूसको राजनीतिक, आर्थिक एवं सामाजिक व्यवस्थामा आमूल परिवर्तन ल्याउन लेभन्तोभ, गोगोल, बेलेन्स्की, पुस्किन, चेर्नेसस्की, तुर्गनेभ, दोस्तोएस्स्की, टाल्सटाय, गोर्की, मायाकोस्की, अलेक्सान्द्रोस्की, मोरा सोभोभजस्ता प्रतिभाहरू उल्लेख्य ठहर्दछन् ।

सामन्ती परिवारमा जन्मेर सारा सम्पत्ति भोगविलासमा रित्याएका निकोलाएभिच टाल्सटोय (१८१८-१९१०) ले युरोपको सामन्ती शोषणका विरूद्ध फैलिएका आन्दोलनबाट प्रभावित भएर आफूले अर्धदास किसानहरूमाथि गरेको अत्याचारलाई सम्झँदै मुक्तिकामी आन्दोलनमा जनमानसलाई लैजाने प्रयास गरे । यिनले 'युद्ध र शान्ति' (भोइना इ मिर) उपन्यासमा ई. १८१२ को ऐतिहासिक घटनालाई उतारेका छन् । यस उपन्यासका आन्देइ, पियरे, कुतुजोक पात्रहरूमार्फत् जारहरूको मनोवृत्ति र उन्मादलाई उद्घाटन गरेका छन् । मानवतावादी चिन्तनबाट विशेष प्रभावित टाल्सटोय, किसानवर्गप्रति सहानुभूति राख्ने, देशभक्तिको भावना, भूदास प्रथाको उन्मूलन तथा पूँजीवादी आगमनले रूसी जीवनमा आएको असन्तोषलाई आलोचनात्मक यथार्थ लेखनको माध्यमबाट व्यक्त गर्न खप्पिस मानिन्छन् । यसका साथै उनका 'मालिक र नोकरहरू', 'काजकहरू', 'अन्नाकारेनिना' जस्ता आख्यानात्मक कृतिले समाजको यथार्थलाई पक्रेर असमान प्रचलन, कुरीति, कुसंस्कारका विरूद्ध क्रान्तिको चेतलाई बिजारोपण गरेको देखिन्छ । अन्नाक्यारेनिनाको भ्रोन्स्की पात्र यस हिसाबले महत्वपूर्ण मानिन्छ ।

यसैगरी उन्नाइसौं शताब्दीकै महान् साहित्यकार ठानिएका अलेक्साण्डर पुस्किन (१७९९-१८३७) स्वतन्त्रता मानवअधिकार भएको र जनसंघर्षको बाटोबाट यसको स्थापना गर्नुपर्ने सोचलाई जनतासामु पुऱ्याउने प्रतिभा हुन् । यिनका 'रूस्लान र ल्युदमिला' (१८२०), 'डाँकुभाइहरू' (१८२२), जिप्सी (१८२४) जस्ता काव्यात्मक कृतिहरूले जारहरूको अधिनायकवादी प्रवृत्तिमाथि आलोचना गरेका छन् र जनसमूहलाई समाजवादी आन्दोलनमा सरिक बन्न आह्वान गरेका छन् । अलेक्जेण्डर प्रथमले देशद्रोहको अभियोगमा देशनिकाला गरेर षडयन्त्रपूर्वक हत्याको शिकार भएका पुस्किनलाई वी.वी. द्रविडले रूसी वाइरन भनेर चिनारी दिएका छन् । तर दुर्भाग्य जार सत्ताले अकालमा यिनको हत्या गरी जनविद्रोहलाई दबाउने असफल प्रयास गऱ्यो । यिनका कृतिहरू रूसी जनताका लागि वाइवलसरह मूल्यवान मानिन्छन् । अर्का लेखक निकोलाइ गोगोल (१८०९-१८५२) आधुनिक कथाका जन्मदाता हुन् र अमेरिकी कथाकार एडगर एलेन पोले भन्दा यिनले अगाडि नै आधुनिक कथाविधाको जन्म दिएका थिए । यिनका 'ओभरकोट', 'तस्वीर', 'बहुलाका टिपोटहरू' जस्ता कथाहरूले मान्छेले बाँच्नका लागि गर्नुपरेका संघर्ष, गरिबी, बेरोजगारी, शोषणका कथा-व्यथालाई उद्घाटन गरेका छन् । जुकाझैं रगत पिउन उन्मत्त जारहरूको क्रियाकलापमाथि गोगोल निकै आक्रामक देखिन्छन् । उनको 'मृतात्माहरू' (१८४२) उपन्यासले तत्कालीन अलेक्जेण्डर द्वितीयको सत्तालाई पतनको संघारमा पुगेको कथानकलाई समेटेको छ । 'निरीक्षण (१८३६) नाटकले जारसत्ताका कर्मचारीतन्त्रको प्रशासनमाथि

व्यंग्य गरेको छ । यिनको लेखन रूसी समाजको फोटोग्राफी हो भन्न सकिन्छ । वी.वी. ड्रविड त गोगोल सुधारकमात्र नभएर क्रान्तिकारीका साथै यथार्थका निर्माता पनि हुन् भनेर उनको लेखनशैली र चिन्तनमाथि टिप्पणी गर्दछन् ।

गोगोलबाट विशेष प्रभावित अर्का स्रष्टा फ्यायोर दोस्तोएस्की (१८२१-१८८१) रूसी जारहरूले समाजवादी आन्दोलनकर्तामाथि गरेको दमन, कैदी जीवन एवं निर्दोष मानिसहरूमाथि लादिएको शोषण र अत्याचारलाई बर्णन गरेर कलम चलाउने स्रष्टा हुन् । अलेक्जेण्डर द्वितीयको पालमा बँधुवा प्रथाको विरोध (१८५८), किसान विद्रोह (१९६१) जस्ता जनवादी आन्दोलन हुन थाले र यी आन्दोलनमा भाग लिएको आरोपमा यिनले जेलजीवन भोगे । यिनका 'जुवाडे' (१८६६), भूमिगतका टिपोटहरू (१८६४), पिशाच (१८७१), कारामाझोभ दाजुभाइहरू (१८८०) जस्ता कृतिहरू प्रकाशनमा छन् । फ्रान्सेली लेखक भिक्टर ह्युगो भन्छन्-'जुन लेखकले आजको बारेमा लेख्न सक्दैन उसले आफ्नो कलम भाँचिदिए हुन्छ ।' ह्युगोको टिप्पणीबाट दोस्तोएस्की पनि पृथक रहन सकेका छैनन् । जारकालीन युगलाई पक्रने क्रममा उनको लेखन बेजोड बनेको छ । 'जुवाडे'मा युरोपको विलासी जीवनको चर्चा छ भने भूमिगतका टिपोटहरूमा आत्मकहानी एवं जारहरूले आफूमाथि गरेका शोषणका कथाव्यथा प्रकट छन् । कारामाझोभ दाजुभाइहरूमा कुलीन वर्ग, पादरी वर्ग तथा भारदारहरूको पतनको वर्णन गर्दै जनताको शक्ति र सामर्थ्यमाथि चर्चा गरिएको छ ।

विश्वजमात्मा नै प्रगतिशील लेखक मानिने म्याक्सिम गोर्की (१८६७-१९३६) सशक्त समाजवादी एवं क्रान्तिकारी स्रष्टा मानिनुका साथै सर्वहारावर्ग र मजदुरवर्गको शक्ति-सामर्थ्यमा विश्वास राख्ने स्रष्टा मानिन्छन् । अक्टोबर क्रान्ति र बोल्सेभिक क्रान्तिजस्ता जनक्रान्तिमा उत्साहपूर्ण सहभागी भएका गोर्कीको 'आमा' (१९०६), 'न्यायाधीश' (१९१२), 'गहिरो खाडल' (१९०५), जस्ता कृतिहरू प्रकाशित छन् । उनको आमा उपन्यासले पूँजीवादी समाजको पतन र सर्वहारा वर्गको विजयलाई प्रस्तुत गर्दै पाभेल पात्रकी आमाको नामबाट यस उपन्यासको न्वारन भएको छ र जहाँ छोराको विजयप्रतिको विश्वासमा आमाले देखाएको त्याग र समर्पण जीवन्त लाग्दछ । मजदुरवर्गको शक्ति-सामर्थ्यमाथि यस उपन्यासले विशेष श्रद्धा राखेको छ । गहिरो खाडलमा तत्कालीन समाजलाई खाडलको प्रतीक मान्दै त्यहाँ दमन, अत्याचार, शोषण व्याप्त छ र त्यसको अन्त गर्न सर्वहारावर्गको मृत्यु स्वाभाविक ठानिएको छ । 'संघर्षको सुख नै सर्वोत्तम सुख हो' भन्ने गोर्कीको अक्टोबर क्रान्तिपश्चात् लेखिएको आत्मसंस्मरणले गरिबी र अभावको वर्णन गरेको छ । हेजेन गोर्कीलाई आगोले खारेको फलामको रूपमा लिन्छन् । यस्तै भ्लादिमिर मायाकोस्की (१९९३-१९३०) गोर्कीजत्तिकै शक्तिशाली प्रतिभा हुन् । ३७ वर्षे अल्पायुमा मृत्यु भोग्न विवश मायाकोस्की 'बादल' (१९१५) काव्य परिवर्तनको गीत मानिन्छ । समाजवादी नेता लेलिनको उदयलाई गुणगान गाउँदै उनको उदय युगको आवश्यकता भएको ठहर मायाकोस्कीको छ । रूसका अन्तिम जार निकोलस द्वितीयको अन्त कसरी भयो र जनताको क्रान्तिमा के-कस्तो शक्ति-सामर्थ्य छ भन्ने वस्तुस्थितिको वर्णन उनको 'लेफ्टमार्च' (१९१८), 'क्रान्तिको गीत' ( १९१८) जस्ता क्रान्तिकारी कृतिले प्रस्तुत गरेका छन् । जनतामा क्रान्तिकारी चेतनालाई दीगो र ओजस्वी राख्नमा उनका कृति मूल्यवान् लाग्दछन् । यस्तैमा जनक्रान्तिका अर्का समर्थक मिखाइल सोलोखोभ (१९०५-१९९८) पनि उल्लेख्य देखिन्छन् । उनका 'दोनका कथाहरू' (१९२६), 'आवाद गरिएको उर्वर भूमि' (१९३२-६०) जस्ता कृतिहरू विभिन्न चरणमा प्रकाशित भएका छन् । कज्जाक पृष्ठभूमिमा लेखिएको यस कृतिले सहकारी गर्ने र नगर्ने शक्तिबीचको संघर्षलाई वर्णन गरेका छन् । सोभियत संघले द्वितीय विश्वयुद्धमा हिटलरको तानाशाही क्रियाकलापविरूद्ध देखाएको साहस र वीरताको वर्णन छ । नोबेल पुरस्कार विजेता सोलोखोभको लेखाइ जनक्रान्तिलाई कसरी व्यवहारिक र जीवन्त बनाउन सकिन्छ भन्ने विषयवस्तुमा केन्द्रित देखिन्छ । अन्तिम जार निकोलस द्वितीयले गरेका अन्याय र अत्याचारलाई नै यस कालका लेखकले आफ्नो कृतिको विषय बनाएका छन् । १९०४-१९०५ ई. ताका रूस र जापानबीचको युद्धमा सानो राष्ट्र जापानले रूसलाई हराएपछि रूसी जनतामा शासकको चर्तिकलाले विछुब्ध तुल्यायो । समाजका बौद्धिक, सचेत एवं लेखक वर्गहरू विद्रोही बन्न पुगे । यस युद्धमा हारेको आरोपमा स्लेहभेको हत्या गरियो । स्लेहभेले ४८६० व्यक्तिहरूलाई एक वर्षमा मुद्दा चलाउने, निर्वासन गर्ने, कारागारमा बन्धक बनाउनेजस्ता दमनको राजनीति गर्दै आएका थिए । यिनका विरूद्ध कयौं लेखक उभिए र आफ्ना सृजनाहरूमा प्रतिरोध र आक्रामक रवैया अपनाए । १९०५ ई. आइतवारका दिन फादर गेपोनले एउटा विशाल जुलुस लिएर राजालाई आफ्ना दुःख, दर्द सुनाउन जाँदा सैनिकहरूले गोली चलाए । यस्तो शान्तिपूर्वक आन्दोलनमा गरिएको हस्तक्षेपपश्चात् जनमानस झन् आक्रोशित भई जनक्रान्तिमा गोलबद्ध बन्न पुग्यो । लेखकवर्ग पनि यी कार्यबाट अछुत थिएनन् । यसरी रूसको राजनीतिक घटनाक्रममा देखिएका विविध सन्दर्भबाट लेखकहरू प्रभावित र उत्साहित बन्दै गई समाजवादी व्यवस्थाको स्थापनामा क्रियाशील भएको स्थितिलाई विर्सन सकिंदैन । समाजका पथप्रदर्शक मानिने लेखकवर्गको योगदान मूल्यवान ठहरिनुका साथै अजर र अमर मान्न सकिन्छ । यसरी रूसको इतिहासमा क्रान्तिको शंखनाद गर्ने यस्ता लेखकहरूले विश्वव्यापीरूपमा पारेको प्रभाव र विश्व समाजवादी आन्दोलनमा पुऱ्याएको योगदानलाई ओझेलमा राख्न सकिन्न । नेपालका अधिकांश लेखकहरू पनि रसियन स्रष्टाहरूबाट प्रभावित भई नेपाली परिस्थिति अनुकूल कलम चलाउँदै आएको पाइन्छ ।

**तनहुँ, हाल-काठमाडौं**

# बगर र सुकेका आँसुहरू

**- शीतविन्दु -**

*भुइँग्रो झारिरहेछ / रातो सूर्य*
*र छाला तारिरहेछ / तातो वालुवा*

कहाँ पाउनु आमा,
लाँकुरी देउरालीको सिसिरे बतास र
कलकल बग्ने जरूवाको पानी ?
हजारौं कोस टाढा यो मरूभूमिमा
मुटुको तीर्खा निभाउन
चिसा आँसु खन्याइरहेछु बगरमाथि
तप्प...तप्प.../ अर्थहीन ..अर्थहीन

पाकिसके होलान् मकै बारीमा
घरी हुलाकीको बाटो कुर्दै
घरी औंला भाँचेर ब्याजको हिसाब गर्दै
बाँदर धपाउँदै हौली यतिखेर
कि आज मङ्गलबार
तीजलाई सस्तो साडी किन्न
हाटतिर झर्‍यौ आमा ?

कहाँ देख्न पाउनु /आकाशमा गौंथलीहरू
अघिसम्म उड्दै थिए
एक हुल बाज र केही थान हेलिकप्टरहरू
अहिले त /बाँधिएको छ कालो पट्टी
र बन्द आँखाभित्रबाट
प्यारो मावली / डण्डीबियो खेल्ने चहुर
पौडी खेल्ने हिले पोखरी
चराको गुँड खोज्न / सुरेली खेलेको चिलौनेको बुटो
अनि, तिम्रा खोँच परेका गाला
र बाबाका घुर्मैला आँखा
नियाल्ने कोशिश गर्दैछु

टाउकोमाथि सुसाउँदै छ कालो बन्दुक
तातो सासले भतभती पोल्दैछ छाति
छुरा उध्याउँदै छ बगरे
ढुक्रिदैछन् नजिकै/ एक जोडी काला बुट
नरोपिए पनि किलाहरू /नबुझे पनि भाषा मृत्युको
छाम्दैछु कुटुकुटु दुखेको मुटु
र छेवैमा महसुस गर्दैछु
मृत्युको कालो छाया

थाहा छैन आमा
कति तातो हुन्छ बन्दुकको गोली
र कति तीखो हुन्छ
स्याँइस्याँइ उध्याइएको छुरीको रेटाइ
तातो भातले मुख पोल्दा/ रातो भाले आँगनमा ढल्दा
परेली भिजाउने तिम्रो छोरा
म कसरी छामूँ गोलीको ताप
म कसरी जानूँ छुरीको धार ?

मेरा झिझिल्यान्त गोडा सुमसुम्याउँदै
भविष्यको सपना देखाउने प्यारो साथी
अतीत बनिसकेको छ भर्खरै
धारा लागेको रगतले
रातै बनेको छ सेतो बालुवा
अहिले पनि गुञ्जिदैछ कानमा
उसको भयाक्रान्त आर्त्तनाद
आँखामा नाच्दैछ अझै / खलाती चलिरहेको छाती
विस्फारित ती एकजोडी आँखा

*आमा, कसरी बताउँ तिमीलाई*
*छातीमाथि ठड्याइएको  उसको शिर*
*र ती आँखाहरूको बारेमा ?*
*देखेकी छ्यौ कहिल्यै तिमीले*
*चितुवाको मुखमा / सानी पाठीलाई ?*

*ड्याम्म पड्किएको छ फेरि गोली*
*अनुभूत गर्दैछु अर्को साथीको छटपटी*
*सायद, बिस्तारै आउँदैछ म छेउँ मृत्युको कालो पञ्जा*
*अहिले दशैंमा*
*झुल्दैन होला हगि आमा हाम्रो आँगनमा जून*
*फुल्दैन होला हगि सानु*
*तिम्रो बारीमा सयपत्री फूल*
*ब्याउला सिँगारी*
*चितुवाले खाइदिएन भने /पाठा बेचेर*
*बाबा, मोतिबिन्दुको अपरेशन गर्नू*
*निभे पनि ज्योति, तिम्रो जिन्दगीको दियो*
*सम्झेर भोलिको उज्यालो*
*जिन्दगीको यात्रामा पसिना पुच्छ्दै*
*कहिले रातमाटेको उकालो चढ्नू*
*कहिले निस्ती खोलाको भेल तर्नू*
*परन्तु ज्योति,*
*निराशा र पलायनको ओह्रालो नझर्नू*
*है ज्योति, त्यस्तो ओह्रालो कहिल्यै नझर्नू !*

*(इराकमा मारिएका निर्दोष नेपाली युवाहरूमा समर्पित)*

*१३ सेप्टेम्बर,२००४*

# इन्द्रेणीको सांगीतिक तरङ्गमा रामेश

**' शार्दूल भट्टराई**

**गी**त-संगीतले मान्छेलाई  आनन्द, आल्हाद ,आत्मरञ्जन  र मनोरञ्जनमात्र दिँदैन,  मान्छेलाई जागरूक, सचेत र चेतनशील पनि बनाउँछ । गीत-संगीतले मानवीय प्रेम र प्रणयका कुरामात्र गर्दैन, यसले जीवन र जगतको संघर्षमय गाथाको कुरा पनि गर्छ । गीत र संगीतले समाजलाई रून मात्र सिकाउँदैन, हाँस्न र बाँच्न पनि सिकाउँछ । 'ए उ इन्द्रेणी' का गीतहरू सुनेपछि सम्भवतः सबैलाई यस्तै लाग्नेछ ।

गीत-संगीत यस्तो कुरा हो जसले मान्छेको संस्कार, आचरण, विचार, मूल्य-मान्यता एवं दृष्टिकोणसँग समेत घनिष्ट सम्बन्ध राख्दछ । सामाजिक, राजनैतिक र सांस्कृतिक जीवनमा गीत-संगीतको भूमिका प्रभावशाली रहन्छ । 'ए उ इन्द्रेणी'का गीतहरूबाट यस्तै सन्देश सम्प्रेषित भएको छ ।

भूमण्डलीकरण तथा आर्थिक उदारीकरणको साथसाथै सूचना क्रान्तिको हल्ला चलेको छ । "मास साइकोलोजी" को नाममा गीत-संगीत र संस्कृतिको क्षेत्रसमेत प्रभावित बन्दै गएको छ । त्यो प्रभावले मान्छे आफ्नै जीवनको यथार्थबाट टाढा भाग्दैछ । मानव जीवनसँग सरोकार नराख्ने अर्थहीन, मूल्यहीन र सस्तो गीत-संगीतको प्रभावमा समाज डुब्न थालेको छ । यस्तो समयमा मानव जीवन र जगतको पक्षमा गीत-संगीतको विकास झनै अपरिहार्य भएको छ । त्यो अपरिहार्यतालाई महसुस गरेको छ-'ए उ इन्द्रेणी' गीति एल्वमले ।

स्वस्थ र अस्वस्थ,  सार्थक र निरर्थक, जनपक्षीय र जनविरोधी गीत-संगीतका बीच द्वन्द्व चलिरहेकै छ । गीत-संगीतको नाममा निराशा, कुण्ठा र अश्लीलताको विकास एकातिरबाट जोडदाररूपमा भइरहेको छ भने त्यस विपरीत सार्थक, जनपक्षीय

र क्रान्तिकारी गीतहरूको निर्माण पनि भइरहेकै छ । यो द्वन्द्वमा, साधन र स्रोतको अभावमा सार्थक गीत-संगीतले प्रचार प्रसार र व्यापकता पाउन नसके पनि स्तरीयताको मापदण्डमा अग्रता प्राप्त गरेको छ । त्यो कुराको एउटा प्रमाण 'ए उ इन्द्रेणी' बन्न पुगेको छ ।

निरंकुश पञ्चायतीकालमा जनपक्षीय र क्रान्तिकारी गीतहरू लेख्ने र गाउने लहर नै चल्यो । यही समयमा जन-संगीतको संगठित अभियानसमेत शुरू भयो । संकल्प परिवार र बेदना परिवारले नेपाली जन-संगीतको क्षेत्रमा ऐतिहासिक योगदान पुऱ्याए । यिनैको प्रभावबाट देशव्यापी जनसांस्कृतिक जागरणको लहर फैलियो । अनेकौं सांस्कृतिक परिवारहरूको जन्म भयो । 'जनताका गीतहरू'ले जनतालाई साँच्चिकै जगाए, तताए र आन्दोलित गराए । ती 'जनताका गीतहरू' जनताका बीचमा असाध्यै लोकप्रिय बन्न पुगे । त्यस्ता गीतका मुहानहरू धेरै थिए । तथापि 'जनताका गीतहरू' का प्रमुख मुहानहरूमध्ये एउटा मुहान रामेश नै थिए । अहिलेका सार्थक गीतहरूको एउटा प्रमुख मुहान पनि रामेश नै बन्न पुगेका छन् । त्यसको आभास 'ए उइन्द्रेणी' ले दिएको छ ।

जन-संगीतको फाँटलाई उच्चता प्रदान गर्ने ध्येयकासाथ उपस्थित भयो–आस्था परिवार । स्वस्थ, सार्थक गीत-संगीतको विकासमा मेरूदण्डका रूपमा उभिए रामेश । अहिले संकल्प परिवार पनि छैन । आस्था परिवार पनि छैन । रामेश एक्लै छन् । तर पनि उनको सांगीतिक सिर्जनाले साबित गरिदिएको छ, उनी एक्लो हैन संस्थाकै हैसियतमा छन् । एक्लो भएर पनि उनी सार्थक गीत–संगीतको लागि अहिले पनि संस्थागत मेरूदण्डकै रूपमा उभिएका छन् । त्यसको संकेत पनि 'ए उ इन्द्रेणी' ले नै गरेको छ ।

कलात्मकताविहीन कुराले कसैलाई आकर्षित गर्न सक्दैन । त्यसमा पनि गीत संगीत उ कलात्मकता भएन भने गीत–संगीत नै हुँदैन । त्यसैले सानातिना कमजोरीका कारण नारावादी आरोपसँग जुध्नु परिरहेका 'जनताका गीतहरू' लाई कठोर साधना, गम्भीर सांगीतिक चेतना तथा स्वरसंगीतको उच्चतम परिमार्जनद्वारा कलात्मक ढंगले प्रस्तुत गर्नमा पनि रामेशले सफलता पाएका छन् । 'जनताका गीतहरू' का लागि रामेश एउटा सांगीतिक नायक थिए । अहिले सार्थक गीत-संगीतका लागि पनि उनी एउटा सांगीतिक नायक नै रहन पुगेका छन् । यसको पुनर्पुष्टी 'ए उ इन्द्रेणी' ले गरेको छ ।

स्वस्थ, सुन्दर र सार्थक गीत–संगीतका लागि चर्चित बरिष्ठ गायक तथा संगीतकार रामेशको एकल गीतिसंगालो 'ए उ इन्द्रेणी' नेपाली सांगीतिक बजारमा देखापरेको छ । यो गीति एल्वमको टिकाटिप्पणी र प्रतिक्रियासँगै रामेशको चर्चा अरू बढ्न पुगेको छ । भृकुटी एकेडेमिक पब्लिकेसन्सले उत्पादन गरेको 'ए इन्द्रेणी' मा आठवटा गीत संग्रहित छन् । तिनमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'सुनको विहान', पारिजातको 'बालुवा... ··· किश्रा ··· मरूभूमि ··· ' सिद्धिचरण श्रेष्ठको 'संकट पर्दछ मान्छेलाई' विमल निभाको 'देश जनताको नाम हो' र 'हिउँले कठ्यांग्रिएको समय' आभासको 'अँध्यारोमा जूनकीरी' श्याम तमोटको 'असारको उर्लंदो भेल' र जसरात किराँतीको 'क्षितिजको लामो अँगालोमा' गीतहरू रहेका छन् । रामेशले आफ्नो स्वर र संगीतमा यी गीतहरूलाई सजाएका छन् । गीतमा सहज ढंगले सुन्दर संगीत राख्न सिपालु रामेशले कवितालाई समेत संगीतबद्ध गरेर आफ्नो क्षमताको प्रदर्शन दृढतापूर्वक गरेका छन् ।

'ए उइन्द्रेणी ' मा रामेश आफ्नो संगीत र स्वर दुवैमा ओजपूर्ण देखिएका छन् । उनको सांगीतिक निपूणता निकै माझिएको छ । सार्थक गीत-संगीतको सिर्जनाका दृष्टिले उनको सांगीतिक स्तर निकै उच्च छ । गीतिभाव अनुसार संगीत सृजना गर्ने उनको क्षमता र कौशल बेजोडको छ । सार्थक गीत–संगीतकासाथ अहिलको सांगीतिक बजारमा उनको उपस्थिति वास्तवमै प्रभावशाली छ । 'ए उ इन्द्रेणी' का गीतहरूको सांगीतिक तरङ्गमा रामेशले आफूलाई छुट्टै विशेषताकासाथ उभ्याएका छन् । संगीतको बजारमा यो एल्वमले रामेशको परिचयलाई अझै उच्च बनाएको छ , अझै प्रतिष्ठित बनाएको छ ।

यो गीति एल्वमले रामेशको कलात्मक सांगीतिक चेतनाको स्तरलाई पनि उजागर गरेको छ । सार्थक संगीतमा रहेको उनको कलात्मक चेतनाको स्तर अत्यन्तै बलशाली छ । कलात्मक सांगीतिक चेतनाका दृष्टिले रामेशलाई कमजोर ठान्ने हिम्मत कसैले पनि गर्न सक्दैन । उनी आफ्नो ज्ञान, सीप र चेतनामा निकै नै गम्भीर देखिएका छन् ।

कला, कलाको लागि हुनु सुन्दर र सार्थक कुरा हैन । कला जीवनका लागि भयो भनेमात्र त्यो सुन्दर हुन्छ र सार्थक पनि । त्यस्तै विचारहीन कला र कलाहीन विचार दुवैमा सौन्दर्य र सार्थकता हुँदैन । जुन कलामा विचार हुन्छ त्यहाँ नै सौन्दर्य हुन्छ, आकर्षण हुन्छ । रामेशको ठम्याई पनि यही नै छ । त्यसैले त उनको सांगीतिक सिर्जनामा मान्छेलाई गम्भीरतापूर्वक आकर्षित गर्ने क्षमता छ ।

सार्थक संगीतका क्षेत्रमा रामेशको योगदान महत्वपूर्ण छ र अविस्मरणीय छ । यो क्षेत्रमा रहेको उनको क्षमता, इमान्दारिता, लगनशीलता, त्याग र समर्पणकै कारण उनी धेरैका लागि प्रिय छन्, लोकप्रिय छन् । चार दशकभन्दा अगाडिदेखि निरन्तर त्याग र साधनामा लागेका रामेशको पहिलो एकल गीतिसँगालो 'ए उ इन्द्रेणी' ले उनको लोकप्रियतालाई अझै बढाउने छ ।

रामेश निरन्तर क्रियाशील हुनुपर्छ र उनका नयाँ नयाँ एल्वमहरू निरन्तर सार्वजनिक भइरहनुपर्छ भन्ने माग धेरैको छ । त्यो मागलाई उनले प्रेरणाको रूपमा लिए भने सार्थक संगीतको क्षेत्र पनि समृद्धितर्फ लाग्ने थियो । यस सन्दर्भमा, आगामी दिनमा नयाँ एल्वम निकाल्ने क्रममा रामेशले संकल्पकालका 'जनताका गीतहरू' र अहिलको परिवेशका नयाँ सिर्जना, दुवैलाई सम्झिन पुगे भने अझै राम्रो हुनेछ । अहिलेको कलात्मक सांगीतिक परिमार्जनमा पुराना लोकप्रिय गीतहरूलाई सजाउन जति आवश्यक छ, नयाँ गीत–संगीतको सिर्जना गर्नु पनि त्यतिकै आवश्यक छ । रामेश जस्ता कलाकारबाट नयाँ कुराको सिर्जना नहुने हो भने नयाँपनको आभास, अनुभव र विकास पनि अवरूद्ध बन्नेछ । चउन्न सालमा बनेको 'बलिदान' चलचित्रमा छत्तीस सालभन्दा अघिका गीतहरू समावेश गर्नुपर्ने बाध्यताबाट मुक्त हुनु आवश्यक छ । आगामी दिनमा सार्थक गीत–संगीतका नायक रामेशबाट नयाँ सिर्जनाको आशा पनि धेरैले गरेका छन् ।

भृकुटी एकेडेमिक पब्लिकेसन्सले बरिष्ठ गायक तथा संगीतकार रामेशको एकल गीति एल्बमको उत्पादन गरेर प्रशंसनीय काम गरेको छ । सांस्कृतिक संगठनहरूले गर्नुपर्ने काम एउटा एकेडेमिक पब्लिकेसन्सले गरेर देखाएको छ ।

◆

# यात्रा

## ' रामचन्द्र नेपाल

**पा**नी नपरी भिजेको गाउँको चिसो भुईं टेक्दै हामी गयौं । चिसो थियो बतास अनि नदीको सुसाइ ! कतै आँशुको चिसो कतै रगतको चिसो । हामी पनि चिसो मन लिएर न्यानोको लागि गयौं । तर यत्रतत्र छिरलिएका ढुंगाजस्तै मन बोकेर हिंड्यौं ।

अलिक पर गाउँमा उदास घरहरू उभिएका थिए-मानौं तिनीहरू निष्प्राण छन् । तिनीहरूका प्राण कतै अनि शरीर कतै भएझैं लाग्थ्यो ।

हामीहरू जीवन खोज्दै हिंडेका थियौं, त्यसकारण मृत्यु हात लाग्न सक्थ्यो । मानिस खोज्दै हिंडेका हुनाले निर्जनता फेला पर्न सक्थ्यो ।

गाउँका मानिसहरू उज्यालो खोज्दै अन्तै गएझैं लाग्थ्यो । उज्यालो जीवन खोज्ने नाममा कसैले निकै पहिले अँध्यारोको सृष्टि गर्‍यो क्यारे ! हामीहरू त्यस विकट क्षेत्रमा बलात् पाइला राख्न पुगेका थियौं ।

उकाली कटेपछि एउटा चौतारी आयो । बस्न कर गरे साथीले । एकछिन बस्यौं । चारैतिर आँखा डुलाउँदै खुइय्य ... पनि गर्‍यौं । पिपलका पात झर्ने मौसम थियो त्यो । हाम्रै थाप्लामाथि पनि एक-दुई पहेंला पातहरू झरे । साथीले अलि टाढा देखाउँदै भने-"ऊ ..... मालचरी हुन् कि क्यार !" एक हुल चरा उडिरहेका थिए ।

कुन चराको बथान छुट्याउनुपूर्व नै ती चराहरू हाम्रै शीरमाथि उड्न थाले । चिनियो-ती कागहरू रहेछन् । कराउँदा काला कागहरू ! कागहरू त अनिष्टको संकेतस्वरूप कराउँछन् भन्ने सुनिएको थियो । लाग्यो-ती कागहरूले आजको होइन, भोलिको दिनको संकेत कराइरहेका थिए । आँखा हुँदै पसेको नयाँ ठाउँको बिरानोपना मनभरि छड्किरहेको थियो ।

चौतारीका वरपिपल कुनै अज्ञात कारणबाट कठ्यांग्रिएका जस्तै देखिन्थे । चौतारी पनि भत्किसकेको रहेछ । कुनै हातहरू बनाउन शायद आएनन् । लाग्थ्यो-ती पौरखी हातहरू अमिलो मनसँगै अन्त कतै सोच्दै, गर्दै थिए होलान् । हामी त्यस चौतारीबाट दाहिनेतर्फको सानो बाटो लाग्यौं । टाढासम्ममा एक दुई मान्छेमात्र हिंडेका देखिन्थे ।

"त्यो गाउँमा पुगेर खाजा खाऔं, हुँदैन ?"

"हुन्छ । शायद त्यो ... गाउँको प्रा.वि. होला । त्यसनजिक पसल पनि होला" साथीले भने ।

त्यो साँगुरो बाटाका दाहिनेपट्टि त ...ल बग्दै गरेको भेरी नदी" हेर्दै, दुःख-सुखका कुरा गर्दै गयौं । बाटाका बायाँपट्टि साँगुरा, बाँझा गर्‍हाहरू, आली भत्किएका कान्ला हेर्दै, छाम्दै तीतेपाती र अरू वनस्पतिहरू सुँघ्दै गयौं ।

पहिले रमाइलो वातावरणयुक्त मध्यपश्चिमको गाउँमा जाजरकोट जाने बाटो समातेर हिंडिरह्यौं । हामी शिक्षित भइटोपलेकाहरू थकाई बढाउँदै यात्रा छोट्याउँदै गयौं ।

प्रा.वि. भएको ठाउँ आयो, नजिकैको चियापसलमा बस्यौं । त्यहाँ देख्यौं-स्कूल थियो, गाउँ थियो-विद्यार्थी, शिक्षक थिएनन् । पढाइ थिएन । पसल थियो-सामान थिएन । पसल्नी एउटी अधवैंशे महिला थिइन् । हामीले एकछिन पसल होइन, आर्थिक संकट पढ्यौं । अनुहार होइन पीडा पढ्यौं ।

"सामान ल्याउने कोही छैन, चाउचाउ, नमकीन ल्याउन दिंदैन, कसरी पसल चल्नु ? हामीलाई चिया दिंदै पसल्नीले भनिन् ।

उनका श्रीमान मारिएको, पाल्ने छोरो यहाँ बस्न नसकेर भारततिर गएको, बुहारी माइत बसेकी, नातिनातिना नभएको, गरिखान गाह्रो भएको र दिन अनि रातमा दुवैथरीबाट दुःख पाएको व्यथाको पुस्तक सतर्कतापूर्वक सुनाइन् ।

त्यहाँ एक दुई मानिसहरू विस्मयात्मक भावले बसिरहे । सुनिरहे । चाहेर पनि उनीहरू बोल्न नचाहेझैं देखिन्थे । ती सशंकित मान्छेहरूका लागि हामी नयाँ थियौं । कुन्नि को कुन्नि कताबाट किन पो आएका थियौं । उनीहरू हामीलाई र हामीहरू उनीहरूलाई सतर्कतापूर्वक पढिरहेका थियौं । उनीहरू आश्वस्त हुन अनि हामी विश्वस्त हुन नसकिएको असहज स्थितिमै हामीले नमस्ते गर्दै "गयौं है" भनेर हिंड्यौं ।

बर्षौंदेखि उस्तै उस्तै रहिआएका ती गाउँका उत्पादनमा नयाँपन आउन सकेन । केले होला इच्छा र विश्वासलाई निराशा, आक्रोश र कुण्ठामा परिणत गरेको ? बाँझा बारी, दुब्ला पशुहरू, निर्जन बन्दै गएको त्रस्त गाउँ समय-समयमा फेरिएर कुल्चिन आउने पैतालामुनि थिचिइरहेछ । खै कहिलेसम्म हो कुन्नि ! ... अनायास म सोच्न पुगेंछु ।

अलि पर पुगिसकेका थियौं हामी सूर्यको राप क्रमशः घट्दै थियो । अब साँझबारे सोच्ने बेला हुँदै थियो ।

त्यसैबेला एकजना चौध-पन्ध्र वर्षे ठिटाले गत्ताको डब्बाभित्रको केही बस्तु नाम्लामा बोकिल्यायो । हामी पनि सँगै हिंड्दै त्यसबारे जानकारी लिन थाल्यौं ।

"के ल्याएको भाइ ?"

"कम्प्युटर हो हजुर ।" अन्यमनस्कतासाथ हामीतिर नहेरी जवाफ दियो उसले ।

"कहाँबाट ल्याएको कहाँ लैजाने ?" - अझै सोध्यौं ।

"आपिस जाजरकोटमा थियो । फर्काएर अब सुर्खेत लैजाने । अहिले छिञ्चुसम्म !"

कुन अफिसको कम्प्युटर हामीले सोधेनौं । किन फर्काएको कारण पनि सोधेनौं ।

"नाम्लोमा कम्प्युटर ! "गाउँबाट फर्किएको !" साथी र मैले मुखामुख गर्‍यौं । केही पनि बोलेनौं ।

एकछिन सँगै हिंड्यौं । फेरि सोधेनौं । त्यो ठिटामा देखिएको अस्वभाविक गम्भीरता, मैलो लुगा, नाङ्गा पैंतालाहरू, नाम्लाको कम्प्युटर, अनि हाम्रो मुलुक एकैसाथ पुगेंछु । हाम्रो यात्रा, उसको यात्रा, त्यस अत्याधुनिक प्रविधिको यात्रा, अझ मुलुकको यात्रा ! कति बेमेल, कति विसंगत !

बाटो छुट्टियो । हामी छुट्टियौं । बाँकी दिन हिंड्यौं । बसेको बासमा राति अबेरसम्म निद्रा लागेन । घरि त्यो चित्रले, घरि रगतका आहाल र लासका डंगुरले चिथरी, कोपरिरह्यो ।

तन्द्रामा छट्पटाइरहेको बेला एउटा अनुत्तरित प्रश्न दोहोरिरह्यो-"ऊ र ऊ जस्तैले आफ्नो भारीमा कसको कस्तो सपना बोकिरहेका छन् ?"

हामीहरू कसको सपना खोसिरहेका र कसको सपना बोकिरहेका छौं ? .... स्थलगत भ्रमणमा गएका हामी संचारकर्मी थियौं ।

◆

# चियापान भव्यताका साथ सम्पन्न

नेकपा (एमाले) केन्द्रीय कमिटीका तर्फबाट महासचिव माधवकुमार नेपालले गएको कार्तिक १० गते पार्टी केन्द्रीय कार्यालय मदननगर, बल्खुमा विजया दशमी तथा दिपावलीको अवसरमा चियापान कार्यक्रमको आयोजना गर्नुभयो । शुभकामना आदानप्रदान गर्ने उद्देश्यले आयोजित सो कार्यक्रममा ठूलो संख्यामा पार्टी कार्यकर्ता तथा आमन्त्रित व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

चियापान कार्यक्रम वरिष्ठ राजनेताहरूको राजनीतिक विचारविमर्शको थलो पनि बनेको थियो । ठूलो संख्यामा उपस्थिति सञ्चारकर्मीहरूले कसैलाई नबोलेर फुत्कन दिएनन् । प्रधानमन्त्री शेरबहादुर देउवा कार्यक्रममा आइपुग्नासाथ सञ्चारकर्मीबाट घेरिनुभयो । 'चियापानमा राजनीतिक कुरा नगरौं' भन्ने उहाँको आग्रह पत्रकारहरूले सुनेको नसुन्यै गरे । वार्ता भएन भने के हुन्छ ? युद्धविराम लम्ब्याउनुहुन्छ कि हुन्न ? अहिलेकै अवस्थामा चुनाव सम्भव छ ? पत्रकारहरूका दर्जनभन्दा बढी यस्ता प्रश्नहरू सुनेपछि प्रधानमन्त्री देउवाले भन्नुभयो-'माओवादीलाई वार्तामा ल्याउन हरसम्भव प्रयाश गरिन्छ । आएनन् भने चुनाव गरिन्छ ।'

महासचिव माधवकुमार नेपालले शान्तिवार्ताको विकल्प नभएकोमा जोड दिनुभयो । 'अहिले चुनावको कुरा गर्नुहुँदैन, वार्तामा जोड दिनुपर्छ । त्यसका लागि सरकारले तिहार र छठ पर्वसम्म एकतर्फी युद्धविराम गर्नुपर्छ । सरकारको त्यस्तो निर्णयले माओवादीमाथि पनि दवाव पर्नेछ ।' चुनावको विषयमा सत्ता साझेदार दलहरूबीच कुनै छलफल र सरसल्लाह नभएको जानकारी पनि महासचिव नेपालले दिनुभयो ।

पहिलो पटक पार्टीको चियापानमा आउनुभएका शाही नेपाली सेनाका प्रधानसेनापति प्यारजंग थापाले सेना सरकारको नियन्त्रणमा रहेको स्पष्ट पार्दै सरकारको निर्णयअनुसार परिचालित भइरहेको र हुने बताउनुभयो । सेना वार्ताको पक्षमा रहेको जानकारी दिदैं उहाँले समस्या समाधानका लागि वार्ताको आवश्यकता औंल्याउनुभयो ।

पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले एमालेजस्तो जिम्मेवार दल पनि सरकारमा भएकोले चुनावका बारेमा सोचविचार गरी निर्णय बाहिर आउने त्यो आफ्ना लागि पनि स्वीकार्य हुने बताउनुभयो ।

कार्यक्रममा नेपालस्थित विदेशी कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरू, सभामुख तारानाथ रानाभाट, राजपरिषद् स्थायी समितिका सभापति परशुनारायण चौधरी, सम्बैधानिक अंगका प्रमुखहरू, विभिन्न राजनीतिक दलका नेताहरू, मन्त्रीहरू, उच्चपदस्थ सरकारी कर्मचारीहरू, प्रहरी महानिरीक्षक श्यामभक्त थापालगायतको सहभागिता रहेको थियो । त्यसैगरी प्राध्यापक, डाक्टर, वकिल, कलाकार, साहित्यकार, पत्रकारलगायतको सहभागिता रहेको थियो ।

आमन्त्रित व्यक्तिहरूलाई पार्टीका महासचिव, स्थायी समिति सदस्य र केन्द्रीय कमिटीका सदस्यहरूले स्वागत गर्नुभएको थियो ।

## मार्क्सवाद सम्बन्धी संक्षिप्त प्रश्नोत्तर

### गोपीरमण उपाध्याय

**प्रश्नं.११. नेपाल कम्युनिष्ट पार्टीलाई मार्क्सवादले कुन कुन क्षेत्रमा प्रत्यक्ष रूपले मार्गदर्शन गरेको छ ?**

मार्क्सवादले कम्युनिष्ट पार्टीलाई निम्न १० वटा क्षेत्रमा प्रत्यक्षरूपले मार्गदर्शन गरेको छ ।

१. वर्तमान युगको चरित्र तथा यसका अन्तर्विरोधहरूको निरूपणमा
२. नेपाली समाजको चरित्र र यसको आधारभूत एवं प्रधान अन्तर्विरोधको निक्यौंल गर्नमा
३. नेपाली क्रान्तिमा वर्गसंघर्षको वर्तमान अवस्था र त्यसको स्तरलाई बुझ्नमा
४. नेपाली समाजको वर्गसंघर्षमा शत्रु शक्ति र मित्रशक्तिहरूको पहिचान गर्नमा
५. नेपाली क्रान्तिको रणनीति र कार्यनीतिको निरूपण गर्नमा
६. जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्तको प्रयोग गर्नमा
७. नेपाली क्रान्तिको बाटो निर्धारण गर्नमा
८. सर्वहारा श्रमजीवी वर्गको राज्यसत्ताको साररूपका बारेमा बुझ्न
९. जनवादी व्यवस्थाको चरणबद्ध विकास बुझ्नमा
१०. क्रान्तिका शत्रुशक्तिलाई एक्लो पार्नु र सहयोगी शक्तिको पंक्तिलाई बढाउनुमा ।

**प्रश्नं. १२. नेपाल कम्युनिष्ट आन्दोलनको महान् परम्परा के हो ?**

- नेपाल कम्युनिष्ट पार्टीको ५० वर्षको महान् परम्परा भनेको राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाको एकीकृत तथा समष्टिगत आन्दोलनको परम्परा हो । कुनै समयमा राष्ट्रियताको आन्दोलन अग्रपंक्तिमा रह्यो भने कुनै समयमा प्रजातान्त्रिक आन्दोलन

अग्रपंक्तिमा देखियो । जनजीविकाको आन्दोलनका ३ पक्ष छन् । (१) तात्कालिक अवस्थामा जनताका समस्याहरू हल गर्ने सवाल (२) क्रान्तिपूर्व सरकार निर्माण गरेर हल गरिने सवाल (३) क्रान्तिपश्चात् हल गरिने जनजीविकाको सवाल । तर, सबै अवस्थामा राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाको पक्षमा संघर्ष गर्ने सवाल एक आपसमा अभिन्नरूपले गाँसिएका सवालहरू हुन् ।

**प्रश्नं. १३. नेपाल कम्युनिष्ट पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवादको विकास विश्वको कुन परिस्थितिमा भयो ?**

- परापूर्वकालदेखि मानव समाजका सर्वोत्तम विचारकहरूले "मानिसद्वारा मानिसको शोषण र उत्पीडनबाट मुक्त हुने र आफ्ना उत्पादनको मालिक आफैं बन्ने तथा सुखी र समृद्ध मानव समाजको निर्माण गर्ने" परिकल्पना गर्दै आएका थिए । तर, यस्तो समाज कसरी निर्माण गर्न सकिन्छ भन्ने कुराका वैज्ञानिक कारणहरू पत्ता लगाउने कामहरू पनि भए । तर, ती सबैले सटीक र वैज्ञानिक जवाफ दिन सकेका थिएनन् । जब समाजको विकास आरम्भिक चरणबाट हुँदै यसको विकास पूँजीवादमा भयो त्यसपछि सर्वहारा वर्गको उत्पत्ति भयो । पूँजीवादी राजनीतिक सत्ताका विरूद्ध मजदुर वर्गको आन्दोलन विकसित भयो । अठारौं शताब्दीमा वैज्ञानिक क्षेत्रमा ठूलाठूला आविष्कारहरू भए, दर्शनशास्त्रको क्षेत्रमा हेगेलको द्वन्दवाद र फायरबाखको भौतिकवादको विकास भयो, यी सम्पूर्ण आधारमा मार्क्सवादको उत्पत्ति र विकास भयो ।

**प्रश्न नं. १४. मार्क्सवादका तीन स्रोत र तीन संघटक अंग के-के हुन् ?**

मार्क्सवाद आफूभन्दा पहिलेका प्रगतिशील चिन्तकहरूले अगाडि सारेका असल र उत्तम विचारहरूलाई आत्मसात गरेर मात्र विकास भएको हो । यस्तैगरी भविष्यमा पनि सर्वोत्तम विचारहरूलाई आत्मसात गर्दै यसको अझै विकास हुनेछ । यसको मुख्य स्रोतमा पहिलो-सन् १७८९ को फ्रान्सिसी राज्यक्रान्ति जसको मुख्य नारा 'समानता स्वतन्त्रता र भातृत्व भन्ने रहेको थियो, दोस्रो-अठारौं शताब्दीमा जब वाष्प इन्जिनको विकास भयो त्यसले ब्रिटेनमा ठूलो औद्योगिक क्रान्ति ल्यायो, त्यसले समस्त सामाजिक संरचना र त्यसको अन्तर्विरोधको विकास भयो, तेस्रो-जर्मनमा विकसित भएको द्वन्दवाद र भौतिकवाद मार्क्सवादका ३ मुख्य स्रोत हुन् । त्यसका आधारमा दर्शनका क्षेत्रमा द्वन्दात्मक ऐतिहासिक भौतिकवाद, अर्थशास्त्रको क्षेत्रमा राजनैतिक अर्थशास्त्र एवं अतिरिक्त मूल्यको सिद्धान्त, राजनीति र समाजविज्ञानका क्षेत्रमा वैज्ञानिक समाजवाद मार्क्सवादका ३ मुख्य संघटक अंग हुन् ।

# जो लोकप्रियताको आत्मरतिमा रमाइरहेका छन्

**' विष्णु रिजाल**

**स** रकार र माओवादीले दशैंका नौ दिन आक्रमण नगर्ने घोषणा गरे पनि यसपालिको दशैंमा धेरै नागरिक त्यसप्रति आश्वस्त हुन सकेनन् । फलतः उनीहरूका लागि दशैं खुशी, उमंग र हार्दिकताको होइन, थप पीडा, निराशा र तनावको पर्व बन्यो । माओवादीको अविश्वसनीय चरित्र र व्यवहारका कारण उनीहरूबाट पीडित धेरैजसो राजनीतिक कार्यकर्ताहरू गाउँ फर्किन सकेनन् । पारिवारिक मिलन र सामाजिक सद्भावको यो पर्वमा पनि उनीहरू सहभागी हुन सकेनन् ।

सरकारले एकपक्षीय भए पनि युद्धविराम गर्नुपर्छ भनेर आवाज उठाइरहेको सत्ता साझेदार दलकै कुरा नसुने पनि अन्ततः माओवादीले सरकारलाई जिल्याए । युद्धविरामको घोषणा गर्नेवित्तिकै कानमा तेल हालेर सुत्नुपर्छ भन्ने सरकारी बुझाईका कारण युद्धविराम घोषणा गर्ने कुरामा सरकारलाई माओवादीले जित्यो । नेकपा (एमाले) को एकोहोरो अडान र मागका कारण माओवादीभन्दा पछि सरकारले पनि आक्रामक फौजी कारबाही नगर्ने निर्णय गऱ्यो । तर दुबैथरिका घोषणाहरू विगतमा पनि पालना नभएको तीतो अनुभव भएका भुक्तभोगीहरू यसबाट त्यति आशावादी हुन सकेनन् ।

माओवादी गतिविधिबाट अति प्रभावित मध्यपश्चिमको मुख्य शहर नेपालगञ्ज पहिलेझैं दशैंमा शान्त र सुनसान देखिएन । गाउँबाट विस्थापित भएका मानिसहरूको उत्साहहीन चहलपहलले नेपालगञ्ज शहर दशैं आएजस्तो नै देखिंदैनथ्यो । आफ्नो घर, परिवार र गाउँ छोड्नुपर्दाको पीडा उनीहरूको अनुहारमा सजिलै पढ्न सकिन्थ्यो । कथित जनयुद्धको पीडा खेपिरहेका उनीहरूको एउटै प्रश्न थियो-शान्तिको सास फेर्न कहिले पाइन्छ ? तर त्यसको जवाफ यतिबेला कसैसँग छैन ।

माओवादी ज्यादतिले पछिल्लो समयमा पराकाष्टा नाघिरहेको छ । विनाकारण राजनीतिक कार्यकर्तालाई अपहरण गर्ने, गाउँबाट निकाल्ने, उनीहरूको सर्वस्वहरण गर्नेजस्ता अराजनीतिक गतिविधिलाई माओवादीहरूले महत्वका साथ बढाइरहेका छन् । माओवादीको यस्तो ज्यादति र अन्यायको शिकार पछिल्लो समयमा सबैभन्दा बढी दैलेख जिल्ला हुन पुगेको छ । एमालेलाई समाप्त नपारेसम्म गाउँगाउँमा आफ्नो निरंकुशता कायम गर्न नसकिने निष्कर्षका साथ यतिबेला उनीहरू गाउँबाट एमालेका कार्यकर्तालाई लखेट्ने अभियानमा ज्यान फालेर लागेका छन् । यसक्रममा उनीहरूले एमालेका जिल्ला कमिटी सचिव, उपसचिव, अञ्चल कमिटी सदस्य, जिल्ला कमिटी सदस्यलगायतका नेता, कार्यकर्ताहरूका नाममा मृत्यु-पूर्जी जारी गरेका छन् । त्यतिमात्र होइन, उनीहरूले सयभन्दा बढी परिवारलाई गाउँबाट निकाला गरेका छन् । दुःखको कुरा, सरकार पनि उनीहरूको दुःखको मुकदर्शकमात्र बनेको छ । हिउँदको कठ्यांग्रिदो जाडो बढ्दै गर्दा उनीहरूको मन त्योभन्दा पनि कठ्यांग्रिदै गएको छ । जनताको पक्षमा राजनीति गरेका कारण 'सफाया' को दण्ड पाउनुपर्ने माओवादीको आततायी उर्दीले धेरैजसो कार्यकर्ताहरू

अहिले जिल्ला जान सकेका छैनन् । गाउँमा छाएको राजनीतिक शून्यतामा एक्लो वीर बन्दै माओवादी आफ्नो लोकप्रियताको आत्मरतिमा रमाइरहेको छ ।

यही बीचमा माओवादीले दैलेखको नौमुले क्षेत्रमा चुनाव सम्पन्न गरेका छन् । शहरिया बौद्धिक समुदायलाई भ्रममा पार्न र एकतन्त्रीको आरोपबाट बच्नमात्रै माओवादी पार्टीले बहुदलीयताको जामा पहिरेको हो र यथार्थमा ऊ निरंकुश र अधिनायकबादी नै हो भन्ने कुरा त्यहाँको निर्वाचनले पनि देखाएको छ । आफ्नो कथित सत्तामा गराएको चुनावमा माओवादीले अरू कुनै पनि पार्टीलाई चुनाव लड्न दिएनन् । तैपनि स्वतन्त्रबाट उठेका उनीहरूविरूद्धका उम्मेद्वारले चुनाव जितेर उनीहरूको लोकप्रियता कति रहेछ भन्ने कुरा देखाइदिएका छन् ।

यतिबेला वास्तवमै गाउँहरू शून्य र उजाड बनेका छन् । युवाहरू माओवादीको जवर्जस्तीबाट बच्न विदेशिएका छन् । नेपालगञ्ज नाकामा सधैं दशैंको बेला भित्रिने युवाहरूको लर्को यसपटक देखिएन । गाउँ फर्के मरिने त्रासले युवाहरू आफ्नो गाउँ पनि फर्केनन् । पारिवारिक मिलन र भेटघाटको अवसरको रूपमा लिइने दशैं पनि उनीहरूका लागि कुनै शुभ अवसर बन्न सकेन । बढ्दो बेरोजगारी र असुरक्षाका कारण विदेशिएको युवा जनशक्तिले यो बाध्यता कहिलेसम्म बेहोर्नुपर्ने हो भन्ने प्रश्नको जवाफ पनि कसैसँग छैन ।

नयाँ सरकारको अनुभूति गर्न पाइएन भन्ने गुनासो र असन्तुष्टी जताततै छ । नयाँ सरकारले शान्तिका पक्षमा गतिलो पाइला चाल्ला र शान्तिको सास फेर्न पाइएला भन्ने नागरिकको आशामा तुँवालो लाग्न थालेको आभाष जताततै बढिरहेको छ । शान्तिको पक्षमा सार्थक र प्रभावकारी कदम चाल्नुको साटो मन्त्रीहरू नै कसले पहिले युद्ध गऱ्यो ? कसले पहिले युद्धविराम उल्लंघन गऱ्यो भन्नेजस्ता अर्थहीन वादविवाद प्रतियोगितामा सामेल भएपछि शान्तिको आशामा पानी खनिँदै गएको छ ।

चुनावको सामान्य कुराले पनि राजनीतिक कार्यकर्ता र नागरिकको मन कुँडिने गरेको छ । चुनाव जितेकै अभियोगमा गाउँबाट लखेटिनुपरेको पीडाले रन्थनिरहेको बेला फेरि चुनावको चर्चा सुन्न पनि उनीहरूलाई मन छैन । माओवादीका कारण गाउँबाट विस्थापित भइरहेका उनीहरू भन्छन्- कसरी गाउँ जाने ? कसरी राजनीतिक गतिविधि सञ्चालन गर्ने ? कसरी जनतासम्म जाने ? माओवादीको हतियारको उन्माद जारी रहेसम्म निशस्त्र राजनीति कसरी सञ्चालन गर्ने ? जवसम्म यी प्रश्नहरूको सन्तोषजनक जवाफ मिल्दैन, तबसम्म चुनाव कसरी सम्भव होला र ?

◆

# मार्क्सका परम मित्र फ्रेडरिक एङ्गेल्स

**' शिव श्रेष्ठ**

युगप्रवर्तक महामानव कार्ल मार्क्सको आजीवन सहयोद्धा तथा परम मित्र फ्रेडरिक एङ्गेल्सको जन्म जर्मनीको वर्मेन सहरमा सन् १८२० नोवेम्बर २८ तारिखमा भएको थियो । उनी उमेरका हिसाबले कार्ल मार्क्सभन्दा साढे दुई वर्षले कान्छा थिए । मार्क्स र एङ्गेल्स दुवै शारीरिक रूपमा दुई महामानव भए पनि सिद्धान्त, आस्था र विचारमा एकता भएको, त्यस्तै पारस्परिक स्नेह र ममतामा एक अर्कामा समर्पित भएका अन्य व्यक्तिहरू संसारमा विरलै पाइएलान् । मानव इतिहासमा यस्तो सर्वाङ्गिण अभिन्न मित्रता शायद अर्को भेटिँदैन होला । दुवै जनाको प्रत्येक विचारमा असाधारण समानता हुनु नै अगाढ मित्रताको द्योतक हो ।

एङ्गेल्सका पिता एउटा कारखानाको मालिक र धनाढ्य व्यक्ति भएकाले उनको बाल्यकाल मार्क्सको भन्दा राम्ररी बितेको थियो । मार्क्सका पिता उदार विचारका थिए भने फ्रेडरिकका पिता परम्परागत संस्कारमा विश्वास गर्दथे । तथाकथित धार्मिक संस्कारबाट आफूलाई मुक्त पार्नको निमित्त एङ्गेल्सले धेरै मेहनत गर्नुपरेको थियो । एङ्गेल्सले एल्बरफेल्टको कलेजबाट सैनिकसम्बन्धी अध्ययन पूरा गरिसकेपछि उच्चशिक्षा प्राप्त गर्ने इच्छा र चाहना हुँदाहुँदै पनि पारिवारिक परिवेशका कारण आफ्नो बुबाको व्यवसायमा समावेश हुन बाध्य हुनुपऱ्यो । फलस्वरूप आधिकारिकरूपमा आफ्नो शैक्षिक योग्यतालाई बढाउन नसकेता पनि स्वअध्ययनबाट हेगेलीय दर्शनदेखि द्वन्द्वात्मक भौतिकवादी दर्शनलगायत अन्य कैयौं विषयमा सूक्ष्मरूपमा अध्ययन र अनुसन्धान गरेका थिए ।

बहुआयामिक व्यक्तित्वका धनी एङ्गेल्सले २२ वर्षको उमेरमा "शेलिंग र भगवद्ज्ञान" नामक विश्लेषणात्मक ५५ पेजीय लेख आफू सैनिक सेवामा रहेको कारण छद्मभेषी नामबाट लाइपजिगमा प्रकाशित गरेका थिए । सन् १८४२ को सेप्टेम्बरको अन्तमा सैनिक सेवाबाट सदाको निमित्त बिदा भई आफ्नो घर फर्कने सिलसिलामा बेलायतको केही महिनाको बसाइमा लेखहरूको माध्यमबाट मात्रै साधारण परिचित यी दुई महापुरूषहरूबीच प्रत्यक्ष साक्षात्कार भएको थियो जुन पछि गएर आजीवन आत्मीय परममित्रको रूपमा रूपान्तरण भयो ।

कार्ल मार्क्सले जेनीलाई विवाहपूर्व नै आफ्नो सहयोद्धा र असल संगिनीको रूपमा प्राप्त गरे जस्तै युवक फ्रेडरिक एङ्गेल्सले पनि विवाहको सूत्रमा विधिवत् नबाँधी एक आइरिस युवती मेरी बर्न्ससँग पतिपत्नीकै रूपमा सँगै बस्ने सौभाग्य प्राप्त गरेका थिए । मेरी बर्न्सले एङ्गेल्सका प्रत्येक कार्यमा मन, वचन र कर्मले यथासक्य सहयोग गरिरहेकी थिइन् । करिब दश बर्षदेखि सहयोद्धा र अर्धाङ्गिनीको रूपमा आफूसँगै बसोबास गरिआएकी मेरीको सन् १८६३ मा अचानक दुःखान्त मृत्यु भयो । मेरी बर्न्सको निधनपछि उनकै बहिनी लिजीसँग सन् १८६४ मा एङ्गेल्सको विधिवत् विवाह सम्पन्न भयो । एङ्गेल्सको दिनचर्या र विचारसँग नजिकबाट परिचित सफल गृहिणीलाई पत्नीको रूपमा पाएपछि लिजी र फ्रेडरिकका दाम्पत्य जीवनमा कहिल्यै पनि चिसोपना आएन ।

कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सको एउटै राजनैतिक सिद्धान्त र विचारमा पनि समानता भएको कारण एक अर्काको पूरकको रूपमा आजीवन सँगसँगै कार्यरत रहन सफल दुवै युगपुरूषहरूको द्वन्द्वात्मक भौतिकवाद र समाजवादबाहेक अन्य दर्शनशास्त्रहरूमा पनि गहिरो अध्ययन थियो । सिद्धान्तप्रति जति समर्पित थिए, त्यसको प्रचार-प्रसार, प्रतिपादन र कार्यान्वयनार्थ पनि सदैव त्यति नै दत्तचित्त थिए । जस्तोसुकै प्रतिकूल समयमा पनि उनीहरू दुवैको जीवनमा एकछिनको निमित्त पनि सैद्धान्तिक विचलन आएन ।

दुवैजना कठोर यथार्थवादी दिमागका पुरूषहरू थिए। प्रतिभा र कर्मठता खाली उच्च र मध्यम वर्गको मात्र सम्पत्ति नभई सर्वहारा वर्गले पनि त्यत्तिकै प्रादुर्भाव गर्न सकिने छ भन्ने दुवै जनाको दृढ विश्वास थियो।

मार्क्स र एङ्गेल्सले मानवजातिको सुख र सम्पन्नताको निमित्त आफ्नो जीवनको अन्तिम घडीसम्म अविरल प्रयत्न गरे। दुवै दार्शनिकहरूले छुट्टाछुट्टै र संयुक्तरूपमा धेरै विश्लेषणात्मक र अन्वेषणात्मक लेखहरू लेखेका थिए। दुवैजना महापुरूषहरूको प्रत्यक्ष साक्षात्कार भएको लगत्तै सन् १८४३ तिर उनीहरूले संयुक्तरूपमा लेखेको "पवित्र-परिवार" नामक तीनसयभन्दा बढी पेजीय प्रकाशित पुस्तक उनीहरूको पहिलो कृति हो। यस पुस्तकमा लेखकद्वयको समालोचनासम्बन्धी सुक्ष्मबुद्धिको मात्र परिचय भएको नभई दुवै जनाको अद्भूत प्रतिभा, लेखनशैलीप्रति पूर्ण अधिकार र भाषामा देखिएको अति सुसंबद्धता आदिको कारण यो पुस्तक श्रेष्ठ कृति ठहरिन गएको छ। तरूण एङ्गेल्सले पिताको निधनपश्चात् आफ्नो काँधमा पर्न आएको व्यवसायलाई मात्रै सफलतापूर्वक सम्पन्न गरेनन् अझ अध्ययन-अनुसन्धान र लेखनमा पनि त्यतिकै लगनशीलताकासाथ लागे। चौबीस वर्षको तरूणावस्थामा लेखिएको "इङलैण्डमा मजदूर वर्गको स्थिति" नामक ग्रन्थलाई संसारभरमा आज पनि एङ्गेल्सद्वारा लेखिएको मौलिक समाजवादी अमर कृतिको रूपमा लिइने गरिएको छ।

साहित्यिक र राजनैतिक महर्षिहरू मार्क्स र एङ्गेल्सको बसाई एउटै स्थानमा धेरै बर्ष हुन सकेन। मार्क्सलाइ समय-समयमा पर्न आउने आर्थिक समस्यालाई एङ्गेल्सले नजिकबाट राम्ररी बुझेका थिए। कतिपय समयमा त आफूले लेखेका लेखहरू मार्क्सको नामबाट प्रकाशित गराई लेखनबाट प्राप्त हुने पारिश्रमिकसमेत मार्क्सलाई उपलब्ध गराउँथे। अन्ततः सन् १८५० मा एङ्गेल्सले सक्रिय साहित्यिक र राजनीतिक जीवनलाई अर्धविराम लगाई आफ्नो बुबाले संचालन गरिरहेको मेन्चेस्टरस्थित कपडा कारखानामा क्लर्कको रूपमा काम गर्ने अठोट गरी त्यसतर्फ लागे। मार्क्सबाट भौतिकरूपमा टाढा बस्न खोज्नुको मुख्य कारण आफ्नो परम मित्रलाई आर्थिक-भौतिक समस्याबाट सकभर मुक्त गर्ने उद्देश्यले थियो।

एङ्गेल्सले जहिले पनि सोच्ने गर्दथे-"यदि मैले यस (मार्क्स) महान् तत्वदर्शीलाई आर्थिक चिन्ताबाट मुक्त गर्न सकें भने मेरो आफ्नो जीवनको निमित्त सबभन्दा ठूलो काम हुनेछ।" यही उद्देश्यबाट प्रेरित भई एंगेल्स करिब बीस वर्षसम्म मेन्चेस्टरको कपडा कारखानामा काम गरेर बसेका थिए। एङ्गेल्सको मेन्चेस्टरको बसाईले मार्क्सलाई एङ्गेल्सबाट निरन्तररूपमा आर्थिक सहयोग त भयो नै, यसबाहेक यी दुईजना परम मित्रको बीचमा प्रायः दिनहुँजसो भइरहने पत्राचारहरू, जसमा तत्कालीन जीवनमा व्यतित भइरहेका घटनाहरूका साथै साहित्यिक, राजनीतिक, सांस्कृतिक तथा अन्य धेरै विषयहरूमा विचार विमर्श हुन्थ्यो, विश्वका सम्पूर्ण पाठकहरूको निमित्त विभिन्न विषयहरूको सूक्ष्म अध्ययन तथा अनुसन्धानको अमूल्य सामग्रीहरूको रूपमा प्राप्त हुन आएको छ।

बीस वर्षको बसाईपछि सन् १८७० मा मेन्चेस्टरबाट सँधैको निमित्त बिदा भई लण्डनमा बसाई सर्ने समाचार पाएपछि एङ्गेल्सको प्रतीक्षामा बसेका मार्क्सले उनको आगमन हुने दिनको प्रत्येक घडीमा अत्यन्त उत्सुकताका साथ मित्रको बाटो हेरिरहेका थिए। एङ्गेल्स र मार्क्सको पुनर्मिलनपश्चात् सन् १८८३ मार्च १४ तारिख अपरान्ह २:४५ बजे मार्क्सको मृत्युको घडीसम्म सायदै मात्रै कुनै त्यस्तो दिन भएको होला जुन दिन यी दुई परम मित्रहरूका बीच भेटघाट र कुराकानी भएको नहोस्। मित्रता भएको दिनदेखि दिवंगत नभएसम्म दुई महापुरूषहरूले लेखेका असंख्य लेखहरूमा दुवैको बराबरी साझेदारी थियो। मार्क्सको मृत्यु हुँदा एङ्गेल्स ६३ बर्षका थिए। आफ्ना प्रिय मित्रको मृत्युपश्चात् १२ वर्षसम्म एङ्गेल्सले मार्क्सले अपूरो छाडी गएका कार्यहरू पूरा गर्नमा अहोरात्र लागि पर्दापर्दै ६ अगष्ट १८९५ का दिन यस संसारबाट सदाका निमित्त बिदा भए।

◆

# माओवादीद्वारा भट्टको हत्या

काठमाडौं। नेकपा (एमाले) जिल्ला कमिटी गोर्खाका सदस्य एवं इलाका नं. ९ का इन्चार्ज ४७ वर्षीय क. भोजराज भट्टको आफूलाई नेकपा (माओवादी) भन्ने एक जत्थाले कार्तिक २४ गते उहाँकै घर नजिक गोली हानी हत्या गरेको छ। ताकुमाझ लाकुरीबोट गाविस वडा नं. ७ जफतीमा आफ्नै घरमा बसिरहेका भट्टलाई ३ जनाको माओवादी जत्थाले घरदेखि करिब १ सय मिटर पर लगी घाँटीमा गोली हानी हत्या गरेको थियो।

क. भट्ट २०३२ सालदेखि वामपन्थी आन्दोलनमा समर्पित हुँदै आउनुभएको थियो। उहाँले भारत प्रवासको पूर्वाञ्चल कमिटीमा ०३५ सालदेखि संगठित हुँदै २०४१ मा तत्कालिन नेकपा (माले)को गोर्खा-लमजुङ सम्पर्क कमिटीको सदस्यको रूपमा काम गर्नुभयो। विभिन्न स्थानीय कमिटीमा काम गर्दै २०४७ सालमा नेकपा (एमाले) को इलाका कमिटीको सदस्य भई २०५४ साल चैत ५ देखि नेकपा (एमाले) जिल्ला कमिटीको सदस्यमा निरन्तर रहँदै आउनुभएको थियो।

क. भट्टको माओवादीद्वारा भएको निर्मम हत्याको नेकपा (एमाले) केन्द्रीय कार्यालय सचिव काशीनाथ अधिकारीले एक प्रेस विज्ञप्ति प्रकाशित गरी घोर निन्दा गर्नुभएको छ। उहाँले प्रेस विज्ञप्तिमा भन्नुभएको छ-'यस प्रकारको हत्या, हिंसा, अपहरण र बलजफ्तीको अराजनीतिक खेती गरेर राजनीतिक फसल हात नलाग्ने वास्तविकतालाई हृदयंगम गर्न हाम्रो पार्टी माओवादीलाई आह्वान गर्दछ।'

यसैगरी नेकपा (एमाले) गण्डकी अञ्चल समन्वय कमिटीका इन्चार्ज त्रिलोचन ढकालले यो पाशविक हत्याको विरोध र भर्त्सना गर्दै भन्नुभएको छ- "संसारमा व्यक्तिहत्याराहरूजति सबै पराजित भएका छन् र क्रान्तिकारीहरूको मात्र जीत भएको छ।" यसैगरी नेकपा (एमाले) जिल्ला कमिटी गोरखाका सचिव बाबुराम थापाले पनि उक्त हत्याको घोर विरोध गर्दै 'देश र जनताको पक्षमा निरन्तर क्रियाशील योद्धा भोजराज भट्टलाई शहीद घोषणा गर्न' कमिटीको तर्फबाट जोडदार माग गर्नुभएको छ।

# ०४६ का उपलब्धी रक्षा गरौं

काठमाडौं। पन्ध्रौं संविधान दिवसका अवसरमा नेकपा (एमाले)ले वक्तव्य जारी गर्दै ०४७ को संविधानमा टेकेर थप उपलब्धीका लागि लड्नुपर्ने आवश्यकता औंल्याएको छ। वक्तव्यमा भनिएको छ-"नेपाली जनताले ०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त गरेका सम्पूर्ण प्रजातान्त्रिक अधिकारहरू नेपाल अधिराज्यको संविधान, २०४७ मा संस्थागत गरिएका छन्। २०४६ सालको जनआन्दोलनको

अगुवाई गर्ने आन्दोलनकारी शक्तिहरूको निर्णायक भूमिकामा निर्मित यो दस्तावेजले नेपाली जनतालाई सार्वभौम घोषित गरेको छ। बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको आधारभूत मान्यतामा निर्मित यो संविधान नेपालको राजनीतिक एवं संवैधानिक विकासक्रममा एउटा महत्वपूर्ण उपलब्धि हो। २०४६ सालको ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गरिएको यो संविधानलाई स्वै पक्षबाट स्वीकार गरिएको छ।"

पार्टीका कार्यवाहक महासचिव अमृतकुमार बोहराद्वारा जारी सो वक्तव्यमा उल्लेख छ-"संविधान भनेको राष्ट्रको यथार्थलाई प्रतिविम्बित गर्ने जीवन्त दस्तावेज हो। त्यसैले झण्डै एक दशकको कार्यान्वयनपछि यसका कतिपय पक्षमा सुधारको आवश्यकता महसुस हुनु स्वाभाविक हो। यही आवश्यकतालाई हृदयंगम गर्दै हाम्रो पार्टीले संविधानमा संशोधन गर्ने र मुलुकलाई अग्रगामी परिवर्तनको दिशामा अघि बढाउनुपर्ने कुरामा जोड दिंदै आएको छ। तर मुलुकमा पैदा भएको उग्रवामपन्थी अतिवाद, विद्यमान यथास्थितिवाद र २०५९ साल असोज १८ गतेको प्रतिगामी कदमले यसको क्रियाशीलतामा गम्भीर संकट पैदा गरिदिएका छन्। नेपाल अधिराज्यको संविधान, २०४७ माथि भएको अतिक्रमणका विरूद्ध राजनीतिक दलहरूले आन्दोलन गर्दै आएका छन्। यसै क्रममा मुलुकमा संयुक्त सरकार गठन भएको छ। विघटित संसदको बहुमतको प्रतिनिधित्व गर्ने चार दल सम्मिलित वर्तमान सरकार अहिले शान्ति स्थापना र प्रजातन्त्रको सुदृढीकरणलाई प्राथमिकता दिएर अघि बढिरहेको छ। सरकारको काँधमा अहिले मुलुकका विभिन्न राजनीतिक पार्टीहरूसँग सहमति कायम गर्ने, साझा न्यूनतम कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, प्रतिगमनले खण्डित गरेका संरचनाहरूलाई पुनर्स्थापित एवं पुनर्व्यवस्थित गर्ने र शान्तिको स्थापनाको कार्यलाई सार्थक बनाउन ठोस पहल गर्ने जिम्मेवारी आएको छ। शान्ति स्थापनाको कार्यलाई अघि बढाउन वार्ता र युद्धविराम अनिवार्य शर्त हुन्। त्यसैले जनताको चाहना बमोजिम सरकार र माओवादी दुवै पक्षले तत्काल युद्धविरामको घोषणा गरी वार्ताको टेबुलमा बस्नुपर्छ र सम्वाद एवं सहमतिको माध्यमबाट समस्याको समाधान खोज्नुपर्छ।"

यसैगरी वक्तव्यमा 'मुलुकमा विद्यमान द्वन्द्व समाधान हुन्छ भने नेकपा (एमाले) सहमतिको आधारमा संविधानसभा लगायतका कुनै पनि प्रजातान्त्रिक विकल्पमा जान तयार रहेको कुरा स्पष्ट भइसकेको छ। तर यसो गरिरहँदा २०४६ सालको जनआन्दोलनका उपलब्धिहरूको रक्षा गर्न र नेपाल अधिराज्यको संविधान, २०४७ को आधारभूमिमा उभिएर अघि बढ्न नेकपा (एमाले) दृढ छ।' भनिएको छ।

# छिन्ताङ्का शहीदको सम्झना

धनकुटा। निरंकुश पञ्चायती व्यवस्था विरूद्ध संघर्ष गर्ने क्रममा धनकुटाको छिन्ताङ्ग र आँखीसल्लाका १५ जना वीर योद्धाहरूले शहादत प्राप्त गरेको २६ वर्ष पुगिसकेको छ। २०३६ सालको यो छिन्ताङ्ग काण्ड धनकुटाको लागि मात्र होइन, निरंकुशताविरोधी प्रजातान्त्रिक र सिंगो कम्युनिष्ट आन्दोलनका लागि प्रेरणाको स्रोतको रूपमा रहेको छ। २६ औं छिन्ताङ्ग शहीद दिवसको अवसरमा वीर शहीदहरूप्रति नेकपा (एमाले) धनकुटाले भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ।

यस सम्बन्धमा प्रेस विज्ञप्तिमा जारी गर्दै भनिएको छ-"अहिले देश संकटबाट गुज्रिरहेको छ। २०४६ सालको जनआन्दोलनबाट प्राप्त सीमित राजनीतिक अधिकारहरू समेत खोसिंदै गइरहेको अवस्था छ। यतिबेला शहीदहरूको सपना साकार पार्न र जनताको मुक्ति आन्दोलन सफल पार्न जनताले अझ धेरै बलिदानी र चुनौतिको सामना गर्नुपर्ने दायित्व बढेर गएको छ। यो अवसरमा जनताको मुक्ति आन्दोलनमा अझ सशक्त र बलिदानीपूर्ण ढंगले लाग्न सबैलाई प्रेरणा र उत्साह प्राप्त हुन सकोस्। सबैमा निरंकुशता होइन प्रजातन्त्रको पक्षमा, प्रतिगमन होइन अग्रगमनको पक्षमा र युद्ध होइन शान्तिको पक्षमा दृढतापूर्वक आफूलाई उभ्याउने दायित्वबोध हुन सकोस्।"

# नेपाल सम्वत्को नव वर्षमा शुभकामना

काठमाडौं। नेपाल सम्वत् ११२५ नववर्ष आरम्भको सुखद घडीमा नेकपा (एमाले) को तर्फबाट कार्यवाहक महासचिव अमृतकुमार बोहराले हार्दिक शुभकामना व्यक्त गर्दै भन्नुभएको छ- 'लोककल्याणकारी चिन्तनबाट प्रेरित भइ जनस्तरमा स्थापित र विकसित हुँदै नेपाल सम्वत् प्रचलनमा आएको थियो। गरिब, निःसहाय र उत्पीडितहरूलाई आर्थिक शोषणबाट मुक्त गरिएको खुसियालीमा प्रचलनमा ल्याइएको नेपाल सम्वत्मा हाम्रो राष्ट्रियता, हाम्रो मौलिक परिचय, गौरव र इतिहास समाविष्ट भएको छ। यस्तो महत्वपूर्ण सम्वत्का प्रवर्तक राष्ट्रिय विभूति शंखधर साख्वाप्रति म, हाम्रो पार्टीको तर्फबाट उच्च सम्मान व्यक्त गर्न चाहन्छु।'

शुभकामना वक्तव्यमा उहाँले भन्नुभएको छ- 'विश्व मानचित्रमा हाम्रो देश सानो भएपनि सामाजिक एवं सांस्कृतिक दृष्टिले अत्यन्तै समृद्धशाली रहेको छ। जाति, भाषा, धर्म र संस्कृतिमा रहेको विविधताका कारण मानव समुदायको अध्ययनका लागि सुरूचिपूर्ण र आकर्षणको केन्द्र बनेको छ। पारस्परिक सम्मान र सहिष्णुता नेपाली समाजको विशिष्टता हो। यसले हाम्रो समाजलाई अद्वितीय, विशिष्ठ र अनुपम बनाएको छ। सामाजिक सद्भाव र एकता नेपाली समाजको पहिचान हो र नेपालीका बीच विविधतामा एकता समेटिएको छ। यही नै हाम्रो समाजको महत्वपूर्ण विशेषता हो। नेपाली समाजको धरोहरको रूपमा रही आएको यो विशिष्टताप्रति हामी सबैले गौरव गर्न सकिन्छ।

कुनै एउटा मात्र पक्षलाई महत्व दिनु राष्ट्रको सांस्कृतिक नीति हुन सक्दैन। सबै भाषा, धर्म र संस्कृतिका जनसमुदायप्रति समान नीति र व्यवहारले मात्र हाम्रो राष्ट्रियता बलियो हुनसक्छ र हामीले सिंगो राष्ट्र र राष्ट्रियताको जगेर्ना गर्न सक्दछौं। जातीय विखण्डन, धार्मिक विद्वेष, सामाजिक असमानता र साम्प्रदायिक भड्काउले राष्ट्रको सम्बर्द्धन गर्न सक्दैन। जातीय एकता, धार्मिक सहिष्णुता, भाषिक समानता र साम्प्रदायिक सद्भावले परिपूर्ण समाजले मात्र उन्नत राष्ट्रिय एकता निर्माण हुन सक्दछ।

नेपाल राष्ट्र यतिबेला इतिहासकै सर्वाधिक संकटपूर्ण अवस्थाबाट गुज्रिरहेको छ र आपसी द्वन्द्व, मुठभेड र हिंसाले आक्रान्त छ। एक पछि अर्को गर्दै हाम्रा शान्त, सुन्दर र मनमोहक वस्तीहरू उजाड हुँदै स्मशानमा रूपान्तरण भैरहेका छन्। असंख्य चेलीबेटीहरूको सिउँदो पुछिएको छ, तिनका बालबालिकाहरू टुहुरा भैरहेका छन् र हजारौं आमाहरूका काख रित्तिएका छन्। मुलुकको भविष्य निर्माण गर्ने युवाहरू हजारौंको संख्यामा अपांग भएका छन्, लाखौंको संख्यामा

देशवासीहरू विस्थापित भई आन्तरिक शरणार्थी हुँदैछन् र दातृ राष्ट्रहरूको लगानीमा तयार गरिएका भौतिक संरचनाहरू ध्वस्त भैरहेका छन् । यो नेपाल र नेपालीका लागि अत्यन्तै दुर्भाग्यपूर्ण परिणति हो । अब राष्ट्रले यो भन्दा बढी क्षति भोग्न सक्ने स्थिति छैन । शान्तिका अग्रदुत गौतम बुद्ध जन्मेको यो देश युद्ध हैन शान्ति, ध्वंश हैन निर्माण र मृत्यु हैन जीवन चाहन्छ । यसर्थ हामीले असहमतिका बीच सहमति खोज्ने प्रयास गरेका छौं । हामीले अनेकतामा एकता कायम गर्न तत्पर र कृतसंकल्पित हुन सबैलाई विनम्रताका साथ आग्रह गरिरहेका छौं । आ-आफ्ना हठहरू त्यागी आपसी विश्वास, एकता एवं सदभावका आधारमा शान्ति स्थापना गर्न निष्ठाका साथ प्रयत्न गरौं भन्ने हाम्रो विनम्र आग्रह छ । यसका लागि अविलम्ब वार्ता र संवाद सुरू गरी हतियार बन्द कारवाहीको अन्त्य गर्नु अपरिहार्य छ । शान्तिवार्ताको टेबुलमा बसेर सम्मानजनक निकास खोज्दै नेपाललाई २१ औं शताब्दीको समुन्नत राष्ट्रमा रूपान्तरण गर्ने महाअभियानमा जुट्न नववर्ष ११२५ ले हामी सबैलाई प्रेरणा प्रदान गरोस् ।'

## विष्णु रिमाल

*केन्द्रीय कमिटी सदस्य*

- **जन्म मिति** - २०१९/२/१६
- **जन्मस्थान** :- चारघरे-९, नुवाकोट
- **माता** :- नर्मदा रिमाल **पिता** :- शिवप्रसाद रिमाल
- **पत्नी**ः- इन्दु, **छोरा**ः क्षितिज, **छोरी**ः स्मृति
- **शिक्षा**ः- त्रिभुवन त्रिशुली व्यवसायिक मा.वि. नुवाकोट
  त्रिभुवन विश्वविद्यालय
- **राजनीतिक जीवनको आरम्भ**

\+ ०३५/०३६ को विद्यार्थी आन्दोलनबाट

- **जिम्मेवारी** :-

\- २०३७ पार्टी सक्रिय दल सदस्य
\- २०३७-०४४ युथ लिग
\- २०४४ मा नेकपा (माले) ललितपुर जिल्ला संगठन कमिटी सदस्य
\- २०४५ केन्द्रीय पार्टी प्रकाशन जिम्मा
\- २०४४-०५२ मजदुर जिल्ला पार्टी सक्रिय दल सदस्य/सचिव
\- २०४६ जिफण्ट संस्थापक महासचिव
\- २०५४ को छैठौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय अनुशासन निरीक्षण कमिटी सदस्य निर्वाचित
\- २०५५ वैकल्पिक केन्द्रीय कमिटी सदस्य
\- २०५९ को सातौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय कमिटी सदस्य निर्वाचित, सामाजिक सेवा विभाग प्रमुख
\- जिफण्ट उपाध्यक्ष

- **तपाईंको आदर्श** -

\- सम्मानित श्रमजीवी वर्ग र समृद्ध जीवनका लागि समाजवाद

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दु:खद क्षण**-

\- बेलाबेलामा देखापर्ने कमरेडहरुबीचको मनमुटाव

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

\- २०३९ को असामान्य परिस्थिति
\- २०४६ को आन्दोलनमा नेताहरु पक्राउ पर्न लाग्दा कमरेड माधव नेपालको निर्देशनमा उहाँहरुलाई जोगाएर कमरेड के.पी. ओलीलाई भगाएर अन्तिममा आफू पक्राउ पर्दाको क्षण

- **हालको ठेगाना** :- काठमाडौं महानगरपालिका-३४, शान्तिनगर, मीनभवन

# रघुबीर महासेठ
*केन्द्रीय कमिटी सदस्य*

- **जन्म मिति** - २०१६/४/२२
- **जन्मस्थान** :– मिथिलेश्वर मौवाही, धनुषा
- **माता** :– स्व. मायावती महासेठ **पिता** :– स्व. मखन महासेठ
- **पत्नी**:– जुली महत्तो, **छोरा**: जेनिश महासेठ, **छोरी**: बौडिका महासेठ
- **शिक्षा**:– बि.ई इन्जिनीयरीङ्ग
- **राजनीतिक जीवनको आरम्भ**

\+ २०२७ सालदेखि अनेरास्ववियुमा

\+ २०३३ सालमा पार्टी सदस्यता प्राप्त

\+ २०३५–०३६ को विद्यार्थी आन्दोलनको पूर्वाञ्चल संचालक

- **जिम्मेवारी** :–

– २०३६ मा अनेरास्ववियुको पूर्वाञ्चल अध्इक्ष निर्वाचित

– प्रमुख, निर्वाचन विभाग, नेकपा (एमाले)

– सदस्य, आर्थिक विभाग, नेकपा (एमाले)

- **तपाईंको आदर्श** –

– क. पुष्पलाल र मदन भण्डारी

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दु:खद क्षण**-

– जननेता मदन भण्डारीको हत्या भएको समाचार सुन्दा

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

– नेकपा (एमाले)को विभाजन उप्रान्त

- **हालको ठेगाना** :– सैंवु गाविस, ललितपुर